सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२४ भदौ २०८१, सोमबार (9 Sep 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १५० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# देशभर ५५ विमानस्थल, २२ बन्द

## उडान बन्द रहेका नौ विमानस्थल पक्की, सञ्चालन नभएपछि अधिकांश गौचरनमा परिणत


- **अन्तर्राष्ट्रिय उडान गर्ने भन्दै ६० अर्ब खर्चेर बनाइएका पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिक उडान मात्रै**
- बलेवा, लामीडाँडा, मनाङ, रुम्जाटार, बैतडीलगायत बन्द विमानस्थलमा साहसिक मनोरञ्जनात्मक गतिविधि गराउने सरकारको तयारी
- दुर्गमका धेरै विमानस्थल सडक पुगेपछि बन्द, पुनः सुरु गरिएका विमानस्थलमा पनि महँगो भाडा र जहाज अभाव
- विमानस्थल निर्माण र वायुयान सञ्चालकबिच देखिएन तादात्म्यता। नेताहरूलाई विमानस्थल चाहिने। तर, नियमित उडान गर्न जहाज र यात्रु चाहिन्छन्। एयरपोर्ट पिच गर्दैमा नियमित उडान हुँदैन।





धावनमार्ग पिच भएर पनि सञ्चालनमा नआएका बैतडीको पाटन विमानस्थल (बायाँ) र खोटाङको लामिडाँडा विमानस्थल। यीसँगै बागलुङको बलेवा, मनाङको हुम्दे, ओखलढुंगाको रुम्जाटार, रुकुमको चौरजहारी, डोटीको दिपायल, डोल्पाको मसिनेचौर र कालीकोट विमानस्थलमा करोडौँ रुपैयाँ खर्चिएर कालोपत्रे गरिए पनि उडान हुन सकेका छैनन्। बरु यी विमानस्थल धुले वा ग्राभेल मात्र हुँदा भने नियमित उडान हुने गर्थ्यो। बढ्दो सडक सञ्जाल, घट्दो हवाई यात्रु, साना जहाज नै कम हुनु र चर्को भाडाका कारण दुर्गम क्षेत्रका विमानस्थल स्तरोन्नति गर्दा पनि नियमित सञ्चालनमा ल्याउन नसकेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

- नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी **ज्ञानेन्द्र भुल** भन्छन्-



प्राधिकरणले पटक-पटक सरकारी र निजी वायुसेवा कम्पनीलाई सञ्चालनका लागि आग्रह गरे पनि कुनै चासो देखाएका छैनन्। भौगोलिक कठिनाइका साथै दुर्गममा लोडको ग्यारेन्टी कम हुने भएकाले वायुसेवा कम्पनीहरूले उडान भर्न मान्दैनन्।

**नवीन अर्याल**/नयाँ पत्रिका

०४८ देखि बन्द बागलुङको बलेवा विमानस्थलमा २६ वर्षपछि ९ चैत ०७४ मा विमान अवतरण भएको हेर्न गाउँलेको बाक्लै भिड लाग्यो। पुनः सञ्चालनमा आएको विमानस्थलमा अब नियमित उडान हुन्छ भन्नेमा स्थानीयहरू आशावादी थिए। तर, केही महिनामै उडान बन्द भयो।

» पृष्ठ ११ मा क्रमशः

## ■ बन्द विमानस्थल राजनीति गर्ने थलो मात्रै

### चुनाव आएसँगै नेताहरू बन्द विमानस्थल सञ्चालन गर्ने आश्वासन दिँदै हिँड्छन्, तर चुनावपछि ओझेल पर्छ मुद्दा

स्थानीय नेताहरूको दबाबमा क्यानले हालै ६० करोड खर्चेर दाङको टरीगाउँ विमानस्थल स्तरोन्नति गर्‍यो। तर, दुईवटा उपमहानगरपालिका रहेको दाङ उपत्यकाकै विमानस्थलमा नियमित उडान हुन कठिन भइरहेको छ। सानो जहाज चढेर दाङ पुग्न डेढ घण्टा लाग्ने, भाडा १२ हजार। तर, एटिआर चढेर ५० मिनेटमै नजिकै नेपालगन्ज झर्न सकिने। भाडा पनि ६ हजार मात्रै। 'अब भन्नुस् १२ हजार तिरेर डोर्नियर वा ट्विनअटर चढी दाङ जानुहुन्छ कि ६ हजारमा एटिआर वा जेटस्ट्रिम जहाज चढेर नेपालगन्ज जानुहुन्छ,' क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले प्रश्न गर्दै भने, 'नेपालगन्जबाट बस चढेर सजिलै दाङ उपत्यका जान सकिन्छ, यात्रा पनि सहज र खर्च पनि कम भयो।'

अब प्रश्न आउन सक्छ- दाङ एयरपोर्ट हिजो किन चल्यो, आज किन चलेन ? 'हिजो नेपालगन्ज र दाङ दुवै ठाउँमा ट्विनअटर चल्थ्यो, नेपालगन्ज जान एक घण्टा ३० मिनेट र दाङ जान एक घण्टा २० मिनेट लाग्थ्यो। नेपालगन्जको भाडा १३ हजार हुँदा दाङको ११ हजार थियो। उस्तै, प्रकारको जहाजमा प्रतिस्पर्धा पनि हुन्थ्यो। अहिले नेपालगन्जमा ७२ सिटका एटिआर उडान गर्न थाले, समयसँगै भाडा पनि घट्यो, तर दाङमा अहिले पनि डोर्नियर वा ट्विनअटर उडाउनुपर्छ, भाडा र समय घटेन। यात्रुहरूले सजिलो र सस्तो रोजे,' भुलले भने।

बन्द विमानस्थल नेताहरूको राजनीति गर्ने थलो बन्दै आएका छन्। स्थानीय, प्रदेश र संघीय संसद्मा उठ्ने राजनीतिक दलका प्रतिनिधिहरू चुनाव आएसँगै बन्द विमानस्थल सञ्चालन गर्ने आश्वासन दिँदै हिँड्छन्। बागलुङको बलेवा विमानस्थल सञ्चालन गर्ने भनेर राजनीति गर्न थालेको तीन दशक नाघिसकेको छ। तर, विमानस्थल अहिले पनि अलपत्र छ। पोखरा-बागलुङ सडक सञ्चालनमा आएपछि विमानस्थलमा उडान ठप्प भएको हो। चामेसम्म गाडी चल्न थालेपछि जहाज उड्न छाडेको मनाङको हुम्दे विमानस्थल सञ्चालनका लागि अहिले पनि गण्डकी प्रदेशका मुख्यमन्त्री, मन्त्रीदेखि संघीय सांसदहरूले बोल्दै आइरहेका छन्।

आर्थिक सम्भाव्यता, यात्रुको चाप, जहाजको संख्या नहेरी भोटको राजनीति गर्दै विमानस्थल स्तरोन्नति र पुनः सञ्चालनको आश्वासन दिने गरिएको छ। कतिपय विमानस्थल सम्भाव्यताविना नै कमिसनको लोभमा स्तरोन्नति गर्दा राज्यको करोडौँ नोक्सान भएको छ। तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको जोडबलमा इलामको फाल्गुनन्द सुकिलम्बा विमानस्थल निर्माण त भयो, तर २५ करोडभन्दा बढी खर्च भइसकेको विमानस्थलमा नियमित उडान नै हुँदैन। पर्यटनमन्त्री हुँदा कांग्रेस नेता बलबहादुर केसीको जोडबलमा सोलुखुम्बुमा खिजी चण्डेश्वरी विमानस्थल निर्माण भयो। ०७६ मा निर्माण सकेर परीक्षण उडान मात्रै भयो।

विराटनगर विमानस्थलबाट करिब ४० किलोमिटर दूरीमा रहेको धरानमा विमानस्थल सञ्चालन गर्न विगतका पर्यटनमन्त्रीहरू, मन्त्री, स्थानीय नेतादेखि धरानका मेयर हर्क साम्पाङसम्मको जोडबल रह्यो। तर, आर्थिक र प्राविधिक रूपमा व्यावहारिक नहुने भन्दै क्यानले अध्ययन गराएरै धरान विमानस्थल निर्माणमा अटेर गर्दै आएको छ। अहिले अर्घाखाँचीमा पनि विमानस्थल निर्माण भइरहेको छ। तर, आर्थिक र प्राविधिक रूपमा नियमित उडान सम्भव नरहेको हवाई पूर्वाधार विज्ञहरूको भनाइ छ।

## एमालेसँग तत्काल एकीकरणको सम्भावना छैन

नाम र सिद्धान्त नफेरेसम्म माओवादीसँग पनि एकता हुँदैन



अन्तर्वार्ता

**माधव नेपाल**
पूर्वप्रधानमन्त्री तथा अध्यक्ष, नेकपा (एकीकृत समाजवादी)

एमालेका मूल नेता नै नकारात्मक भएपछि, हाम्रो सासै गनाइसकेपछि, अनुहार नै हेर्न मन नलागेपछि के लाग्छ र ? कि सास फेर्नै बन्द गरिदिनुपर्‍यो । कि सधैँभरि मन पर्ने सेन्ट छरिदिनुपर्‍यो। त्यो मन पर्ने कुन सेन्ट हो भन्ने मैले कसरी थाहा पाउने ? तर, म कसैको पनि चाकडी गर्ने पक्षमा छैन।

(पृष्ठ ७)

## कसरी सुधार्ने कांग्रेस ?



अग्रलेख

- गुरुराज घिमिरे

कांग्रेसलाई साँच्चै सुधार्ने हो भने सर्वप्रथम नेता सुध्रिनुपर्छ, नेता सुध्रेपछि कार्यकर्तामा आफैँ सुधार आउँछ

(लेख पृष्ठ ६)

## दसैँको तयारीमा जुटे सरकारी संयन्त्र



■ **प्रभावकारी अनुगमन गर्ने दाबी**

- खाद्यान्न र खसी-बोकाको मूल्यमा करिब चार करोड रुपैयाँबराबरको छुट दिइने
- नयाँ होइन, सुकिला नोट
- यो वर्ष चिनी पर्याप्त नपाइने संकेत
- असोज पहिलो साताबाटै अग्रिम टिकट
- प्रहरीले एकीकृत सुरक्षा योजना बनाउँदै

## कोरोना बिमाको रकम माग गर्दै सरकारविरुद्ध सर्वोच्चमा रिट

(समाचार पृष्ठ ९)

NIMB
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ धुलिखेल-खावा सडकखण्ड स्तरोन्नतिमा ठेकेदारको चरम लापरबाही


## ठेक्का तोड्न सांसदहरूको सुझाव



काभ्रेमा **इन्द्रबहादुर थापा**

सम्झौता अवधि सकिएको पाँच महिना बितिसक्दा पनि ५० प्रतिशत काम नभएपछि संघीय संसदीय पूर्वाधार विकास समितिले अरनिको राजमार्गअन्तर्गत धुलिखेल-खावा सडकखण्डको अनुगमन गरेको छ। समयमा सडक विस्तारको काम नसकिँदा सर्वसाधारणले अनाहकमा दुःख पाएको, यात्रुको अंगभंग हुने र केहीले ज्यान नै गुमाउनुपरेको गुनासोपछि अनुगमनमा आएको संसदीय टोलीका संयोजक शंकर भण्डारीले बताए। 'हामीले स्थानीयको आक्रोश, जनप्रतिनिधिका कुरा र फिल्ड पनि हेर्‍यौँ। अब पूर्वाधार विकास समितिको बैठक बसेर ठेक्का सम्झौता तोड्ने कि के गर्ने भन्ने निचोड निकाल्छौँ,' उनले भने। (समाचार पृष्ठ ५)

## वर्षभरि बनाउनुपर्ने कानुनको सूची अब सरकारले असारभित्रै संसद्लाई दिनुपर्ने



- **सोविता गौतम**
सदस्य, कानुन समिति

अब सरकारले प्राथमिकताक्रम निर्धारण गरेर बनाउनुपर्ने कानुनको सूची तयार पारेर संसद् सचिवालयलाई दिन्छ। संसद्ले पनि त्यसअनुसार योजना बनाउँछ। र, सरकारले सूचीअनुसार विधेयक मस्यौदा गरेर संसद्मा पेस गर्छ। यो बाध्यकारी व्यवस्थाले केही नेपाल ऐन संशोधनमार्फत सरकारले आफूखुसी कानुन बनाउने प्रवृत्ति अन्त्य हुनेछ। यसले अध्यादेश नै ल्याउनुपर्ने परिस्थिति पनि बन्दैन।

- **आकस्मिक रूपमा तत्काल विधेयक ल्याउनुपरे उद्देश्य र कारण खुलाउनुपर्ने**
- **विधेयक सोमबार प्रतिनिधिसभामा पेस हुने**

**कमलराज भट्ट**/नयाँ पत्रिका

सरकारले अब वर्षभरि बनाउनुपर्ने कानुनको सूची असारभित्रै संघीय संसद्मा पठाउनुपर्ने भएको छ। प्रतिनिधिसभाको कानुन समितिबाट प्रतिवेदन पारित विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सूचीअनुसार विधेयक मस्यौदा गरेर संसद्मा पेस गर्नुपर्ने बाध्यकारी व्यवस्था पनि गरिएको छ।

सोमबार सदनमा पेस हुन लागेको विधेयकमा कानुन निर्माणमा सरकारलाई उत्तरदायी बनाउने प्रावधान छ। यो व्यवस्थाले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक ल्याएर हतार-हतार एकैपटक धेरै कानुन संशोधन गर्ने प्रवृत्ति नियन्त्रण हुने अपेक्षा छ।

यस्तो प्रावधानले सरकार र संसद् दुवैलाई क्यालेन्डर बनाएर कानुन निर्माण गर्न मद्दत पुग्ने सांसदहरूको विश्वास छ। विधेयकमा सरकारले आवश्यकता र महत्त्वका आधारमा प्राथमिकताक्रम निर्धारण गरी निर्माण गर्नुपर्ने कानुनको सूची संसद्लाई असारभित्रै बुझाउनुपर्ने समयसीमा नै तोकिएको छ।

७ असोज ०८० मा राष्ट्रिय सभामा दर्ता भएको विधेयक विधायन समितिको प्रतिवेदनसहित ११ फागुनमा पारित भएर सन्देशसहित प्रतिनिधिसभामा आएको थियो। प्रतिनिधिसभाले दफावार छलफलका लागि कानुन समितिमा पठाएको थियो। समितिले दफावार छलफल सकेर विधेयक बुधबार प्रतिवेदनसहित पारित गरेको छ।

» पृष्ठ ११ मा क्रमशः



कानुन समितिको बिहीबार बसेको बैठक

### कानुनको मस्यौदा लेख्दा सर्वसाधारणको राय-सुझाव लिनुपर्ने सुनिश्चितता

प्रतिनिधिसभाबाट पारित हुने चरणमा पुगेको विधेयकले कानुनको मस्यौदा लेख्दा सर्वसाधारणको राय-सुझाव लिनुपर्ने सुनिश्चितता गरेको छ। विधेयकको दफा ६(१)मा विधेयक मस्यौदा तर्जुमाको प्रक्रियामा सम्बन्धित मन्त्रालयले विषयविज्ञ र त्यस्तो विधेयकबाट प्रत्यक्ष प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराई राय-सुझाव लिनुपर्ने भनिएको छ। यसले पूर्वविधायिकी चरणमै सरोकारवालाको सुझाव बाध्यात्मक बनाएको छ। आएका सुझावका आधारमा मस्यौदा परिमार्जन गरी सार्वजनिक गर्नुपर्नेछ। उपदफा (२) मा भनिएको छ, 'प्राप्त राय-सुझावको आधारमा विधेयकको मस्यौदा परिमार्जन गरी सम्बन्धित मन्त्रालयले सर्वसाधारणको रायको लागि विधेयकको मस्यौदा र विभिन्न विवरण आफ्नो वेबसाइटमा सातदेखि ३० दिनसम्म उपलब्ध हुने गरी प्रकाशन गर्नुपर्नेछ।'

मस्यौदासँगै सार्वजनिक गर्नुपर्ने विवरणमा 'कुन समस्या सम्बोधनका लागि विधेयक तर्जुमा गर्नुपरेको हो, सोको कारण, विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव, आर्थिक र वित्तीय रूपमा पर्ने प्रभाव, दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग, सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव, जलवायु अनुकूलनमा पुग्ने सहयोग र अन्य आवश्यक विषय' उल्लेख छ। सम्बन्धित मन्त्रालय मात्र नभई कानुन आयोगले समेत प्रारम्भिक मस्यौदा तर्जुमा गर्दा सुझाव लिनुपर्ने र सुझावका आधारमा मस्यौदा परिमार्जन गरेर पठाउनुपर्ने व्यवस्था गरिएको छ।

दफा ६ मा उल्लेखित व्यवस्थाले विधेयक तर्जुमाको प्रारम्भिक अवस्थामा नै विधेयकमा समावेश गरिने विषयवस्तुहरू यकिन गरी विधेयक तर्जुमाको मन्त्रालयगत चरणमा हुने ढिलासुस्ती र द्विविधालाई समाधान गर्न सहज पुग्ने कानुन मन्त्रालयले जनाएको छ। व्याख्यात्मक टिप्पणीमा मन्त्रालयले भनेको छ, 'विधेयक तर्जुमा प्रक्रियालाई थप पारदर्शी र सहभागितामूलक बनाउन सहयोग पुग्नुका साथै सरोकारवाला निकाय तथा व्यक्तिले विधेयकमा आफ्नो स्वामित्व ग्रहण गर्ने, संसद्मा विधेयक दर्ता भइसकेपछि विधायिकी प्रक्रिया सहज हुने तथा ऐन जारी भएपछि त्यसको कार्यान्वयनमा समेत सम्बन्धित सरोकारवाला तथा आमसर्वसाधारणको सकारात्मक सहयोग रहने देखिन्छ।'

## ■ राखेपमा खेलकुदमन्त्री चौधरीको 'खेल'

# वरीयता मिचेर 'आफ्ना'लाई नियुक्ति

## अपमान भएपछि ओलम्पियन संगिनाले दिइन् राजीनामा

उपनिर्देशक संगिना वैद्यलाई पन्छाएर राखेप तालिम तथा प्रशिक्षण विभाग निर्देशकमा कोशी प्रदेश नायब वरिष्ठ प्रशिक्षक सोभितराज प्रसाईं नियुक्त

**रमेश सुवेदी**/नयाँ पत्रिका

सरकारले तल्लो वरीयताका अर्का व्यक्तिलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) तालिम तथा प्रशिक्षण विभाग निर्देशकमा नियुक्ति गरेपछि तेक्वान्दोकी संगिना वैद्यले उपनिर्देशक पदबाट राजीनामा दिएकी छिन्। सम्मान र प्रोत्साहनको सट्टा सरकारले अपमान गरेपछि कीर्तिमानी खेलाडी वैद्य राजीनामा दिन बाध्य भएकी हुन्। वैद्य सन् २००४ को ग्रिस ओलम्पिकमा छनोट चरण पार गर्दै ओलम्पिक खेल्ने पहिलो नेपाली खेलाडी हुन्।



सोभितराज प्रसाईं

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले ठाडो हस्तक्षेप गर्दै वैद्यभन्दा तल्लो वरीयता (कोशी प्रदेश नायब वरिष्ठ प्रशिक्षक) सोभितराज प्रसाईंलाई निर्देशक बनाएका छन्। राखेपको ६१ वर्षे इतिहासमा हालसम्म यस्तो हस्तक्षेप भएको थिएन।

आइतबारै वैद्यले राखेप सदस्यसचिव टंकलाल घिसिङलाई राजीनामापत्र बुझाएकी छिन्। 'मप्रति गरेको अपमानका कारण बाध्य भएर उपनिर्देशकबाट

» पृष्ठ ११ मा क्रमशः



राजीनामापछि संगिना वैद्यको गुनासो

### राज्यले मेरो अपमान गर्‍यो

“मप्रति गरेको अपमानका कारण बाध्य भएर उपनिर्देशकबाट राजीनामा दिएकी हुँ। नियम र कानुनअनुसार जाने हो भने निर्देशक बन्ने मेरो पालो थियो। तर, राज्यले नै हस्तक्षेप गरेर मभन्दा जुनियर ल्यायो। त्यसपछि सोही पदमा बस्न ठिक लागेन र राजीनामा दिएँ। राज्यले पहिलोपटक महिला निर्देशक पाउँदै थियो। तर, यहाँ हस्तक्षेप भयो।

■ खेलकुदमन्त्री तेजुलाल चौधरी भन्छन्-

### सदस्यसचिवलाई मिलाएर जानूस् भनेको हो



“नियुक्ति प्रक्रियामा मेरो केही चल्दैन, नियुक्ति-बढुवा सबै काम सदस्यसचिवको हो। मैले उहाँलाई सिनियरअनुसार निर्देशक चाहियो भनेर निर्देशन गरेको छु। मलाई को सिनियर थाहा हुँदैन, उपनिर्देशक नै निर्देशक हुनुपर्छ मात्रै थाहा छ। सिनियर कोही छ भने निर्देशक बन्न पाउँछ। नयाँ आउनेको पनि ६ महिनापछि जिम्मेवारी सकिन्छ। सदस्यसचिवलाई मिलाएर जानुस् भनेको हो।

**तर, मन्त्रीको दबाबमा नियुक्ति दिएका सदस्यसचिव टंकलाल घिसिङको प्रतिक्रिया, 'यो विषयमा केही नबोलौँ।'**

## बाल उद्दार माध्यामिक विद्यालय
बुढानीलकण्ठ-१०, कपन, बागमती प्रदेश

**बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१/०५/२४ (नेपाल सवंत् ११४४)

यस विद्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम तपशिलको निर्माण कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| S. N. | Contract Name & ID | Substantially Responsive & Financially Lowest Bidder Name & Address. | Bid Amount without Vat & PS |
|---|---|---|---|
| 1 | Construction of Truss Structures and other civil works at Baluddhar Secondary School, Budhanilkantha ward no- 10, Kapan (NCB/BNP/BUSS/080_081/01) | Anek Construction Pvt. Ltd, Godavari_Lalitpur | NRs. 62,47,060.20 |



## साउदीमा रोजगार | १. कम्पनी : MOHAMMED AL OJAIMI CONRRACTING EST.
शहर : Saudi Arabia, KSA

पुनः स्वीकृत मितिः २०८१/०५/२३ चलानी नं.: ६०१९४४९२ LT. No.: 278955 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1200 | ४३०११ | | | | | | | |
| 3. | Execavator Operator | 1 | 0 | | 1800 | ६४५१७ | | | | | | | |
| 4. | General Welder | 1 | 0 | | 1200 | ४३०११ | | | | | | | |

कम्पनी : SPECIALIZED AGRICULTURAL PRODUCTS CORPORATION शहर : Dammam

पूर्व स्वीकृत मितिः २०८१/०५/२३ चलानी नं.: ६०२२४७४८ LT. No.: 310129 विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Street Cleaner | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDULWAHAB MANSOUR AL-MOALLEM SONS COMPANY शहर : Dammam

पूर्व स्वीकृत मितिः २०८१/०५/२३ चलानी नं.: ६०२२४५४४ LT. No.: 309974 विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८१ भदौ ३१ गते (16 Sep 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
Email: info@kantipurmanpower.com
website: www.kantipurmanpower.com
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१-४९८८८०८,४९७९४४४,४९७९५५५,४९७९६६६
फ्याक्सः ४३८११९७ मो. : 9801001144/9810201278
श्रम इजाजत नं. ५२२/०६१/०६२


# खोलाकिनारको मापदण्डसम्बन्धी फैसलाविरुद्ध सरकार पुनरावलोकनमा जाने

नयाँ पत्रिका

काठमाडौं उपत्यकामा खोलाकिनारको दायाँबायाँ २० मिटर छाड्नुपर्ने सर्वोच्च अदालतको फैसलाविरुद्ध सरकारले पुनरावलोकन गर्ने तयारी गरेको छ । सो फैसला कार्यान्वयन गर्दा हजारौं सर्वसाधारण समस्यामा पर्ने भएको भन्दै सरकार पुनरावलोकनको तयारीमा लागेको हो ।

मुख्यसचिव एकनारायण अर्यालका अनुसार सो फैसला कार्यान्वयन गर्दा अप्ठ्यारो हुने भएपछि सरकारको धारणा अदालतमा पेस गर्ने तयारी भइरहेको छ । 'खोलाकिनारमा २० मिटर छाड्नुपर्ने फैसला कार्यान्वयन गर्दा अप्ठ्यारो पर्ने अवस्था पनि आएको छ, त्यसलाई रिभ्यु गर्नुपर्छ,' नेपाल चेम्बर अफ कमर्सका पदाधिकारीसँग आइतबार उनले भने, 'यसमा एउटा टिमले पनि काम गरिरहेको छ, सरकारको धारणा अदालतमा पेस गर्ने भनेर वर्कआउट भइरहेको छ ।'

गत ३ पुसमा सर्वोच्चले खोलाको दायाँबायाँ २० मिटर छाडेर मात्र भौतिक संरचना निर्माणको अनुमति प्रदान गर्न निर्देशनात्मक आदेश दिएको थियो । सोहीअनुसार कार्यान्वयनका लागि काठमाडौं महानगरपालिकाले सूचना निकालेपछि खोलाकिनारआसपास घर तथा जग्गा हुने सर्वसाधारण आतंकित बनेका छन् । उनीहरूले फैसला कार्यान्वयन रोक्न माग गर्दै आन्दोलनसमेत गरिरहेका छन् । यसका लागि सर्वदलीय पहलसमेत अघि बढेको छ । सबैजसो प्रमुख दलले फैसलाविरुद्ध पुनरावलोकन गर्नुपर्ने सुझाव सरकारलाई दिएका छन् । सरकारले सहरी विकास मन्त्रालयका सहसचिव पद्मकुमार मैनालीको नेतृत्वमा कार्यदल बनाएर फैसला अध्ययन गरी सुझाव दिन भनेको छ । सोही प्रतिवेदनपछि सर्वोच्चमा पुनरावलोकन निवेदन दर्ता गर्ने सरकारको तयारी छ ।



● **एकनारायण अर्याल**, मुख्यसचिव

फैसला कार्यान्वयन गर्दा अप्ठ्यारो हुने भएपछि सरकारको धारणा अदालतमा पेस गर्ने तयारी भइरहेको छ । खोलाकिनारमा थप २० मिटर छाड्नुपर्ने फैसला कार्यान्वयन गर्दा अप्ठ्यारो पर्ने अवस्था पनि आएको छ, त्यसलाई रिभ्यु गर्नुपर्छ । यसमा एउटा टिमले पनि काम गरिरहेको छ, सरकारको धारणा अदालतमा पेस गर्ने भनेर वर्कआउट भइरहेको छ ।

### ■ गलत जानकारी दिएर जनता उचाल्न बन्द गरौं : बालेन



काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह बालेनले खोलाको मापदण्डका विषयमा गलत जानकारी दिएर जनता उचाल्ने काम भइरहेको आरोप लगाएका छन् । सो फैसलाका आधारमा कसैको पनि घर नभत्काइने र भत्काए पनि सरकारले क्षतिपूर्ति दिनुपर्ने उनको भनाइ छ । 'खोलाको मापदण्ड र कानुन आफैं बनाउने, आफैं सहभागी भएको परिषद्‌देखि न्यायाधीश आउने । सरकार आफ्नै । कानुन बनाउने र संशोधन गर्ने अधिकार आफ्नै । अनि भएको कानुन र फैसलालाई कार्यान्वयन गर्दा दोष जति काठमाडौं महानगरलाई ? गलत जानकारी दिएर जनतालाई उचाल्ने काम बन्द गरौं,' उनले आइतबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

बालेनले यस विषयमा काठमाडौं महानगरलाई गाली नगर्न पनि आग्रह गरेका छन् । नयाँ मापदण्डअन्तर्गत पर्ने घर कुनै नभत्कने भएकाले निश्चिन्त रहन उनले भनेका छन् । 'भत्काउनै परे मुआब्जा दिनुपर्छ सरकारले,' उनले भनेका छन्, '५० वर्ष पहिलेको तिनकुनेको मुआब्जा दिन नसक्ने सरकारले तपाईंलाई दिन नि सक्दैन, भत्काउन नि सक्दैन । तपाईंका लागि हामी छँदै छौं, केन्द्र सरकारलाई दबाब दिनुहोस् नियम परिवर्तनका लागि ।' सर्वोच्चको फैसला कार्यान्वयनका लागि महानगरले सूचना जारी गरेपछि सो विषयमा मेयर बालेनविरुद्धसमेत आलोचना बढेपछि उनले प्रस्टीकरण दिएका हुन् ।

### 'नदी–किनारका जमिन खाली गराउने फैसलाले निजी सम्पत्तिमाथिको अधिकार हनन'

एकीकृत समाजवादीले नदी-किनाराका जमिन खाली गराउने अदालतको फैसलाले जनताको निजी सम्पत्तिमाथिको संवैधानिक अधिकार हनन गरेको निष्कर्ष निकालेको छ । पार्टी जनताको पक्षमा उभिने र यसका लागि सबै किसिमका संवाद गर्दै दबाबकारी कार्यक्रम गर्नसमेत पहल गर्ने भएको छ । पीडित जनतासँग तत्काल अन्तर्क्रिया गर्न र पार्टीको धारणा जनतासम्म पुऱ्याउन पार्टीका सम्बन्धित कमिटीहरूलाई निर्देशन गरेको छ ।

आइतबार उपत्यकाका पार्टी नेताहरूको डेलिगेसनलाई सम्बोधन गर्दै अध्यक्ष माधव नेपालले सो निर्देशन दिएका हुन् । पार्टीका काठमाडौं जिल्ला अध्यक्ष एलपी श्रेष्ठ, ललितपुरका जिल्ला अध्यक्ष हरिकृष्ण थापा र भक्तपुरका अध्यक्ष श्याम बस्नेत नेतृत्वको प्रतिनिधिमण्डलसँगको छलफलपछि पार्टीले सो निष्कर्ष निकालेको हो । छलफलमा अध्यक्ष माधव नेपाल, वरिष्ठ नेता प्रमेश हमाल, उपाध्यक्षहरू राजेन्द्र पाण्डे, गंगालाल तुलाधर, जगन्नाथ खतिवडा र महासचिव घनश्याम भुसालको उपस्थिति थियो । यसैगरी केन्द्रीय सचिव सावित्रा भुसाल, केन्द्रीय सदस्य र बागमती प्रदेशका सांसदहरूको उपस्थिति थियो ।

यसअघि अदालतले गरेको फैसलाले उत्पन्न समस्या समाधानका लागि गठन भएको सर्वदलीय प्रतिनिधिमण्डलले बिहीबार माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छलफल गरेको थियो । सर्वदलीय भेटमा सहभागीहरूले नदी-किनारका जग्गा छाड्नुपर्ने अदालतको फैसलापछि काठमाडौंमा ठुलो समस्या सुरु भएको बताएका थिए । सर्वदलीय प्रतिनिधिमण्डलले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेर भ्याकेटमा जान सुझाव दिएको थियो । साथै, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग समेत भेटेर यस समस्याबारे जानकारी गराएको छ ।


## Road Division Tumlingtar
### Invitation for Bids

**Notice No.: 02/RDTLR/081/082**

**Date of Publication: 2081/05/24 (9th Sep, 2024)**

1. **Road Division Tumlingtar, Sankhuwasabha**, invites open competitive biddings (Electronics bids only) from Eligible Bidders for the following works under National Competitive Bidding Procedure. Only eligible bidders should participate in this bidding:

| S. N. | Contract Number | Description and Location of Work | Estimate Amount in NRs. (Exclusive of VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | RDTLR/33701169/081/082-04 | Construction Of Blacktopped Road including structural works along Tiwaribhanjyang-Andherighat - Pakhribas Road Section, Bhojpur | 84,71,580.02 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 2 | RDTLR/33701169/081/082-05 | Road Upgrading Works including roadway excavation, sub-base, retaining structure and drainage works along Phalitar-Puranogaun-Charambi, Arun Ga. pa, Bhojpur | 85,02,756.28 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 3 | RDTLR/33701169/081/082-06 | Drain and Structural Works Including Roadway expansion along Dharmadevi Na.Pa to Bhanjyang Bihibare Mulgaun Road, Sankhuwasabha | 85,33,856.30 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 4 | RDTLR/33701169/081/082-07 | Road Upgrading Works Including sub-base and retaining Structure along Pangcha-Ranitar-Balankha-Paandhare-Chakhewa-Udayapur-Bhojpur-Diktel Road, Bhojpur | 85,36,318.35 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 5 | RDTLR/33701169/081/082-08 | Road Construction Works Including Roadway Excavation and Structural Works Along Bhojpur-Ranitar-Pangcha-Paanchdhare-Chakhela Road Section, Bhojpur. | 85,43,888.73 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 6 | RDTLR/33701169/081/082-09 | Road Upgrading Works with Stone Soling, RCC Causeway and Structural Works along Naagi-Khawa-Kot-Gogane, Bhojpur | 85,42,271.62 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 7 | RDTLR/33701169/081/082-10 | Road Upgrading and Improvement Works Including Roadway Excavation, stone soling, RCC Causeway and Structural Works Along Bhojpur Brihat Ring Road, Bhojpur | 85,45,599.21 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 8 | RDTLR/33701169/081/082-11 | Construction Of Blacktopped Road Including Structural Works Along Gumba (Bhojpur)-Kot-Dipsa-Pandhare Road, Bhojpur | 43,10,785.14 | 1,08,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 9 | RDTLR/33701169/081/082-12 | Road Construction and Upgrading Including Structural Works Along Milanchowk-Malta-Sarswati Ma.Bi Road, Sankhuwasabha | 84,92,689.90 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 10 | RDTLR/33701169/081/082-13 | Road Construction and Upgrading Including Structural Works Along Khandbari-Kalche-Dhupu-Barhbishe Road, Sankhuwasabha | 84,64,642.93 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 11 | RDTLR/33701138/081/082-14 | Road Upgrading with Blacktop Works Including Structural Works Along Kewabesi-Sabhakhola-Khandbari (NH08) Section, Koshi Highway | 1,05,74,427.58 | 2,65,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 12 | RDTLR/33701169/081/082-15 | Road Upgrading including drain and structural works along with Kewabeshi to Madaamsing Chauki - Chiraitey-Maawadin- Nundhaki-Pokhari- Koksa- Chaurikharka-Chungkhurung-Wana-Kewabeshi Road, Sankhuwasabha | 85,37,443.37 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 13 | RDTLR/33701138/081/082-16 | Road Maintenance With structural works along Deurali-Mude-Chainpur-Bohoratar Road (NH10) | 1,38,04,278.25 | 3,46,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |
| 14 | RDTLR/33701169/081/082-17 | Road Upgrading Works including sub-base and retaining structure along Bhojpur-Daduwa-Aambote-Sirise-Nagachange-Pampakham, Bhojpur | 84,97,243.57 | 2,14,000 | 120 days from deadline for submission of Bids | 3,000.00 | Single Stage Single Envelope |

2. **Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids**

| Last Date of Purchasing of Bids | Pre-bid meeting | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for the Bid Security |
|---|---|---|---|---|---|
| On or Before 8th Oct, 2024 (2081-06-22) Office hour | 29th Sept, 2024 (2081-06-13) at 13:00 hours at Road Division, Tumlingtar, Sankhuwasabha | On or Before 9th Oct, 2024 (2081-06-23) at 12:00 hours | On or Before 09th Oct, 2024 (2081-06-23) at 13:00 hours | Rastriya Banijya Bank, Khandbari, Sankhuwasabha Office code no: -337010402 Revenue Account no: -1000200010000 Revenue head no: -14229 | Bank Name: Rastriya Banijya Bank, Khandbari, Sankhuwasabha Account Name: Dharauti KHA 3 Account number - **2080100102030000** |

3. A complete set of Bidding document can be downloaded from PPMO's web site www.bolpatra.gov.np/egp. For detail information eligible bidders may visit the web site or Road Division Tumlingtar Notice Board (Contact no. 9852058050).
4. All the rights to accept or reject the bid partially or fully are reserved to Road Division Tumlingtar without giving any reason/justification.

**Division Chief**


## अर्कैसँग सम्बन्ध बढाएको आशंकामा प्रेमिकाको हत्या, दुईजना पक्राउ

**काठमाडौं**/ गोकर्णेश्वर नगरपालिका- १ सुन्दरीजलमा गत बिहीबार (२० भदौ) मृत फेला परेकी किशोरीको हत्या भएको खुलेको छ । हत्या भएकी किशोरी वसुन्धरा बस्दै आएकी सिराहाकी राम दुलारी भएको प्रहरीले जनाएको छ ।



सन्तोषराम महरा



रामविनय महरा

२० भदौमा उनका प्रेमी सर्लाही चक्रघट्टा गाउँपालिका- ३ का ४० वर्षीय रामविनय महराले घुम्न जाऊँ भन्दै सुन्दरीजल लगेका थिए । प्रेमिका अर्कै व्यक्तिसँग लागेको आशंकामा सोहीक्रममा रामविनयले सर्लाही बसगरिया गाउँपालिका- ५ का २४ वर्षीय सन्तोषराम महराको सहयोगमा हत्या गरेको खुलेको प्रहरीले जनाएको छ ।

सुन्दरीजल घुम्न गएका मानिसहरूले किशोरीको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । शवको टाउकोमा गहिरो चोट देखेपछि थप अनुसन्धान सुरु गरेको प्रहरीको भनाइ छ ।

हत्या आरोपीहरूले ढुंगाले किचेर हत्या गरेका थिए । दुलारी र रामविनय दुई वर्षदेखि प्रेममा थिए । रामविनाय वसुन्धरा क्षेत्रमा जुत्ता सिलाउने काम गर्दै आएका थिए भने दुलारी मजदुरी गर्थिन् । मादक पदार्थ सेवन गर्ने र अर्कै पुरुषसँग सम्बन्ध राखेको आशंकामा रामविनयले दुलारीको हत्या गरेको खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले बताए । उनले भने, 'उनीहरू दुई वर्षदेखि प्रेममा रहेको देखिन्छ । प्रेमिका अन्य पुरुषसँग लागेको आशंका रामविनयलाई रहेछ । सोही निहुमा उनले हत्या गर्ने योजना बनाएको अनुसन्धानमा देखिन्छ । योजनाअनुसार दुलारीलाई सुन्दरीजल लगेको र ढुंगाले किचेरमा हत्या गरेजस्तो देखिन्छ ।'

प्रहरीका अनुसार हत्या गर्ने योजना बनाएपछि सहयोगका लागि रामविनयले आफ्ना भदई सन्तोषलाई भनेका रहेछन् । फुपाजूको प्रस्तावलाई सन्तोषले सहजै स्वीकार गरेका थिए । त्यसपछि दुलारीलाई घुम्न जाने भन्दै ट्याक्सीमा चढाई सुन्दरीजल लगेका रहेछन् । ठुलो ढुंगामाथि पुऱ्याएपछि दुलारीलाई उनीहरूले धकेलेका थिए । ढुंगाबाट झरेकी दुलारी घाइते भएकी थिइन् । त्यसपछि उनीहरूले दुलारीलाई टाउकोमा ढुंगाले हानेर हत्या गरेजस्तो देखिन्छ । मृत्यु नभएपछि फुपाजू-भदई मिलेर दुलारीको शवलाई बगरको ढुंगाको खोँचमा लुकाएका रहेछन् । घटनापछि फरार रहेका उनीहरूलाई प्रहरीले शनिबार वसुन्धरा क्षेत्रबाट पक्राउ गरेको हो ।


## कर्मचारी आवश्यकता

यस संस्थाको लागि निम्न पदमा कर्मचारीहरुको आवश्यकता भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र सम्पर्क गर्नु हुन अनुरोध छ ।

१. एकाउन्टेन्ट-१
२. प्रोग्राम कोअर्डिनेटर-१
३. प्रोग्राम असिस्टेन्ट-१

**दिगो विकासको लागि सिकाई र अनुभव आदान प्रदान केन्द्र** (Lead/Nepal)
गोदावरी नगरपालिका वडा नं. ९, ललितपुर
इमेलः leadnepal10@gmail.com



**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बंकुलबजार शाखा, बौधिमाई नगरपालिका, रौतहट
सम्पर्क फोनः +९७७-९८०११९८२०६०/९८०११९८२०५९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री अमन्तीनाथ सापकोटाको छोरी, मधेश प्रदेश रौतहट जिल्ला, परोहा नगरपालिका वडा नं. ७ नरकटीया बस्ने ९१ वर्षको श्रीमती धन कुमारी देवीको मिति २०८१/०२/०५ (ई.सं. १८/०५/२०२४) मा मृत्यु भएकोले स्व. श्रीमती धन कुमारी देवीको पती हाल परोहा नगरपालिका वडा नं. ७ नरकटीया बस्ने श्री नन्दलाल चौबेले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बंकुलबजार शाखा, बौधिमाई नगरपालिका, रौतहटमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

# धानखेतमा बग्छ माई नदी

## नदीले माई नगरपालिका १, २, ७ र ८ मा दुई सय बिघा धान फल्ने खेत कटान, दुई किलोमिटर क्षेत्रमा तटबन्ध गरेर खेत जोगाइदिन माग



● **खम्बसिंह लिम्बू**, मेयर, माई नगरपालिका

माई नदीनजिकै बैँसीमा रहेका खेतीयोग्य जमिन बचाउन विभिन्न ठाउँमा करिब दुई किलोमिटर तटबन्ध गर्न आवश्यक छ। संघीय सरकारमा करिब पाँच करोड बजेट माग गरेर लागत स्टिमेट पनि पठाएका छौँ। यद्यपि, हालसम्म बजेट परेको छैन।

माई (इलाम)मा **चिरञ्जीवी घिमिरे**

माई नदीको कटानले माई नगरपालिका- १ पालटारका काजी बराइलीको धान खेती बगाएको छ। मझेनीमा रहेको पाँच रोपनी खेत नदी कटानसँगै बगेर गयो, खेतमा नदी बगिरहेको छ। 'बैँसीको धानले पाँचजनाको परिवार चलेको थियो। हरियो भइसकेको धान माई नदीले बगायो,' बराइलीले भने, 'अब के खाने चिन्ता छ।' नदी कटानले करिब दुई सय घरपरिवारलाई पुग्ने मझेनीको खानेपानीको मुहान पनि जोखिममा रहेको छ।

माई नगरपालिका- २ दिपुडाँडाका सूर्यप्रसाद धितालको धान फल्ने खेतमा पनि माई नदी बगिरहेको छ। माई नदीले तीन वर्षदेखि पूर्वतर्फ कटान गर्दा उनको सात रोपनी नम्बरी र खेती गर्दै आएको १० रोपनी ऐलानी जग्गा बगाएको छ। 'हाम्रो बुबादेखिको मुख्य पेसा कृषि नै हो। तर, अहिले जग्गाविहीन भइयो। नदी कटानको चपेटामा पर्‍यौँ,' उनले भने, 'माईको यो क्षेत्रमा सबैभन्दा बढी धान फल्छ। तर, यसरी नै नदी कटान हुने हो भने केही वर्षमा विस्थापित नै हुन्छौँ।'

माई नगरपालिका १, २, ७ र ८ मा दुई सय बिघा खेत नदीले कटान गरेको माई नगरपालिकामा मेयर खम्बसिंह लिम्बूले बताए। 'यति धेरै नदी कटानको समस्या हुँदा पनि हामी सरकारको बेवास्तामा पर्‍यौँ। सबैभन्दा धेरै धान फल्ने ठाउँका किसान नै कटानको चपेटामा परेका छन्। मेरै पनि ३० रोपनीहाराहारी जग्गा नदीले कटान गर्‍यो,' स्थानीय विष्णु घिमिरे भन्छन्, 'यहाँ तत्काल तटबन्ध गर्ने हो भने स्थानीयको खेतीयोग्य जमिन कटानबाट बच्ने थियो।'

### ■ नदी तटबन्ध गरेर खेत जोगाइदिन गुहार

माईका किसानले सरकारसँग नदी तटबन्धन गरेर खेती बचाइदिन हारगुहार गरेका छन्। 'मेरो ३९ रोपनी जग्गामा माई नदी बगिरहेको छ। ३५ देखि खेती गर्दै आएको जमिनमा खोला कुदेपछि हामी बिचल्लीमा छौँ। यस वर्षको बाढीले सबै खेत लग्यो,' माई- १ का किसान चन्द्रबहादुर राईले भने, 'सबै खेती बगेपछि अब के गर्ने भन्ने अन्योलमा छौँ। अन्त कतै केही छैन। अब त बसाइँ सर्ने वेला भयो। नदीलाई तटबन्ध गरे पहिलाकै ठाउँबाट बग्ने बनाएर हाम्रो जग्गामा फेरि खेती गर्न सक्ने सरकारले बनाइदिन्छ भन्ने अपेक्षा गरेका छौँ।'

यो क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य शमशेर राईले नदी कटानका कारण स्थानीय किसान बिचल्ली भएको बताए। किसानको खेतीयोग्य जमिन बचाउन तटबन्धन आवश्यक रहेको उनको भनाइ छ। यसमा आफूले पहल गरिरहेको उनले बताए। 'इलाममा नदी कटान हुँदैन भन्ने आमबुझाइ छ। तर, चुलाचुली र माई नगरपालिका नदी कटानको चपेटामा पर्छ। माई नदीको कटानले माईका किसान उठीवास लाग्ने अवस्था छ,' उनले भने, 'गत वर्ष प्रदेशको बजेटले केही तटबन्धन भयो। तर, त्यो पर्याप्त हुन सकेन। जसले गर्दा अहिले पनि धेरै जमिन जोखिममा छन्। यसमा प्रदेश सरकार मात्र नभई केन्द्र सरकारले पनि ध्यान दिनुपर्छ। तटबन्धनका लागि प्रदेश र केन्द्रमा पहल गर्नेछु।'

माई नगरपालिकाका मेयर खम्बसिंह लिम्बूले माई नदीको नजिकै बैँसीमा रहेका खेतीयोग्य जमिन बचाउन विभिन्न ठाउँमा करिब दुई किलोमिटर तटबन्धन गर्न आवश्यक रहेको बताए। संघीय सरकारमा करिब पाँच करोड बजेट माग गरेर लागत स्टिमेट पनि पठाएको उनको भनाइ छ। यद्यपि, हालसम्म बजेट नपरेको लिम्बूले बताए।



माई नदीले माई नगरपालिकाको खेतीयोग्य जमिनमा गरेको कटान। **तस्बिर : नयाँ पत्रिका**

## पहिरोले घर पुरिँदा वडासदस्यसहित दुईको मृत्यु

### पाँच घण्टापछि छोरीको सकुशल उद्धार

जाजरकोटमा **रेशमबहादुर खड्का**



जाजरकोटको बारेकोट गाउँपालिका- ६ धुमामा पहिरोले घर पुर्दा दम्पतीको मृत्यु भएको छ। वर्षासँगै शनिबार राति १ बजेतिर गएको पहिरोले वडासदस्य ३८ वर्षीया प्रेमकुमारी चलाउने र उनका श्रीमान् ४७ वर्षीय मानबहादुर चलाउनेको ज्यान गएको हो। प्रेमकुमारी ०७९ को निर्वाचनमा माओवादीबाट वडासदस्यमा निर्वाचित भएकी थिइन्। शव पोस्टमार्टमका लागि आधारभूत स्वास्थ्य केन्द्र बारेकोट लिम्सा लगिएको छ। ११ वर्षीया छोरी सम्झनाको पाँच घण्टापछि सकुशल उद्धार गरिएको जाजरकोट प्रहरीका डिएसपी पुरुषोत्तम पाण्डेले बताए। उनलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकोप्टरमार्फत प्रदेश अस्पताल सुर्खेत लगिएको छ।

काकाको घरमा सुत्न गएकी १६ वर्षीया विमला चलाउने भने लेदोसहितको पहिरो देख्नबित्तिकै हामफालेर जोगिएकी थिइन्। 'अँध्यारो रातमा पहिरो आयो, कराउँदा काकाकाकी र बहिनी पुरिइसकेका थिए, म हामफालेर जोगिएँ,' उनले भनिन्। विमलाले घटनाबारे स्थानीयलाई जानकारी गराएपछि सम्झनाको उद्धार गरिएको थियो। बारेकोट गाउँपालिका अध्यक्ष वीरबहादुर गिरीका अनुसार गाउँका सात घर पहिरोको जोखिममा छन्।

## सडक सपनाले बगर बनायो बस्ती

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

मार्मा गाउँपालिका- ४ मर्मतीका बिरे विष्टको परिवार डेढ महिनादेखि आफन्तको घरमा शरण लिएर बसेको छ। गन्याड खोलाको असार अन्तिम साताको बाढीपहिरोले उनको घरको तल्लो तला पूरै पुरिदियो। बाढीका वेला चमेलियामा दाउरा निकाल्ने क्रममा छोरा भोजराजको खुट्टा काटियो। उनी छोराको उपचारमा धनगढीस्थित मायामेट्रो अस्पतालमा छन्। गाउँमा आमा, श्रीमती, छोराबुहारी आफन्तको घरमा बसिरहेका छन्। 'धानखेत बगर बनेको छ। घरको माथिल्लो तलामा रहेको अन्न जोगिएको छ, त्यही खाइरहेका छन्,' उनले भने, 'राहतका नाममा गाउँपालिकाबाट एक बोरा चामल पाइएको छ।'

मर्मतीका दामोदर विष्ट पहिरो क्षेत्रको कुखुरा राख्ने पोल्टी फार्ममा बस्दै आएका छन्। गत असारको बाढीले घर पूरै डुबाएपछि उनी कुखुरा खोरमा पुगेका हुन्। खेत पनि बाढीले लगेको छ। 'तपोवन-मुरै सडक बनाउँदा गन्याड खोल्सामा माटो थुपारेका थिए, अहिले खोलामा बाढी आउँदा बस्तीको माटो त्यहीँ फालियो। अहिले बस्ती पूरै बगरमा परिणत छ,' विष्टले भने, 'मुरैका स्थानीयले माटो फाल्न नदिएपछि गन्याडको खोल्सामा थुपारियो। सडकको पानी त्यहीँ आयो। त्यही पानी खोल्सा बन्दै बाढीमा परिणत भयो।'

बाढीपहिरोले पशुधनको क्षतिसमेत भयो। अहिलेकै अवस्थामा हिउँदमा समेत यहाँ बस्न सकिने स्थिति नरहेको मर्मतीका चन्द्रा विष्टले बताइन्। घरको तलबाट चमेलिया नदीले बर्सेनि कटान गरिरहेको छ। गाउँमाथिबाट पहिरोले च्यापेपछि बिचल्ली छ। मर्मतीकै हेमन्ती विष्ट अहिले आफन्तको घरमा छिन्। श्रीमान् वैदेशिक रोजगारीमा भएका वेला बाढीपहिरो आयो। अहिले बालबच्चाको पालनपोषणमा समेत समस्या भएको उनले बताइन्।

> माथिल्ला गाउँमा सडक पुर्‍याउने भन्दै जथाभावी सडक खन्दा पहिरो निम्तियो, १७ घरमा क्षति, ३५ परिवार विस्थापित

भूगोल कमजोर रहेको क्षेत्रमा जबर्जस्ती डोजर लगाएर सडक निर्माण गरिँदा ठूलो पहिरो निम्त्याएको स्थानी दीपेन्द्र विष्ट बताउँछन्। 'माथिल्लो भेगका नागरिकलाई जसरी पनि सडक चाहिने, तर सडक निर्माण गर्दा निस्केको माटो व्यवस्थापन गर्न नसक्दा खोल्सा भरिएर बाढि बन्यो,' उनले भने। बिरे विष्टका अनुसार यसअघि यस क्षेत्रमा पहिरो थिएन। 'मै यो ठाउँमा बसेको ५० वर्ष भयो, बुबाबाजे यहीँ बसेका हुन्, कहिल्यै पहिरो आएन,' उनले भने, 'सडक काटिएपछि पूरै खेतीयोग्य जमिन बगर क्षेत्र बन्यो। गन्याडको शिरैमा माटोको थुप्रो लागेपछि खोलामा परिणत भयो। सोहीका कारण अहिले यहाँका स्थानीय के गरौँ, कसो गरौँ भएको छ।'

१३ जेठमा मार्मा गाउँपालिका- ५ का २५ वर्षीया झुपा टमटा र ६ वर्षीय ऐन विकको गन्याड खोलाले ज्यान लिएको थियो। त्यतिखेर पनि सडकबाट फालिएका ढुंगामाटो खोलाले बगाउँदा वेगमा पानी आएको थियो। बगेर उनीहरूको ज्यान गयो। अहिलेसम्म बाढीपहिरो प्रभावितलाई स्थानीय सरकारले एक बोरा चामल, त्रिपाल, रेडक्रस र सिआरडिएस नेपाल नामक संस्थाले त्रिपाल, कम्मल सहयोग मात्र गरेका छन्।

मार्माको पहिरोको अवस्थाबारे अध्ययन गर्न गठित सरकारी समितिले तयार पारेको प्रतिवेदनअनुसार १७ घरधुरीको पूर्णतया क्षति पुर्‍याएको छ। ३५ परिवार विस्थापित भएको समितिका संयोजक एवं पूर्वाधार विकास कार्यालय बैतडीका इन्जिनियर हर्कराज जोशीले जानकारी दिए। स्थानीय तपोवन-मुरै-सिप्टी सडकखण्डका कारण गाउँ उजाड भएको भन्दै यसको जिम्मा निर्माण कम्पनीले लिनुपर्ने उनी बताउँछन्। यो सडकखण्डको डिपिआर निर्माण नै गलत भएको स्थानीयले आंशका गरेका छन्।

सुदूरपश्चिम प्रदेश र संघ सरकारको समपूरक बजेटमार्फत सडक निर्माण भइरहेको गाउँपालिकाका अध्यक्ष जमनसिंह धामीले बताए। 'सडकको डिपिआर बनाउनेदेखि बजेट विनियोजन गर्नेसम्मको काम प्रदेश सरकारले नै गरेको हो। बाढीपहिरो पीडितका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गर्ने काम भइरहेको छ। कसको कमजोरीले भएको हो भन्ने विषयमा रिपोर्टले के निष्कर्ष निकाल्छ,' उनले भने।

### ■ बाढीपहिरो रोकथाम र तटबन्धनमा ११ करोड चाहिने

मार्मा गाउँपालिकाका- ४ र ५ मा बाढीपहिरो रोकथाम तथा तटबन्धन निर्माणमा ११ करोड खर्च लाग्ने भएको छ। क्षतिको अवस्थाबारे अध्ययन गर्न पूर्वाधार विकास कार्यालय बैतडीका इन्जिनियर हर्कराज जोशीको संयोजकत्वमा गठित प्राविधिक मूल्यांकन समितिले यस्तो निष्कर्ष निकालेको हो। 'पहिरो तपोवन-मूरै सडकखण्डको अलि तलबाट आएको देखिन्छ,' उनले भने, 'सडकको माटो बगेरै गन्याड खोलामा बाढीमा परिणत भयो,' उनले भने। प्रतिवेदनले खोलालाई खुला छोड्नुपर्ने सुझाव दिएको छ। गन्याड खोला र चमेलिया नदीले गरिरहेको कटान पनि रोक्नुपर्ने देखिएको उनले बताए। पूरै बस्ती जोखिम हुने गरी आएको पहिरोका कारण घरहरू आधा पुरिएका छन् भने खेतीयोग्य जमिन बगरमा परिणत भएको छ। समितिले तयार पारेको प्रतिवेदनलाई लिएर मार्मा गाउँपालिकाका जनप्रतिनिधि, जिल्लास्थित राजनीतिक दलका नेताहरूले संघीय मन्त्री, प्रदेश सरकारलगायतलाई बुझाइसकेका छन्। मार्मा गाउँपालिका अध्यक्ष जमनसिंह धामी समितिले दिएको प्रतिवेदनकै आधारमा प्रधानमन्त्री, अर्थमन्त्री, भौतिक पूर्वाधारमन्त्रीलगायतलाई पहिरो नियन्त्रणमा बजेट विनियोजनका लागि माग गरिएको बताउँछन्।


## संक्षेप

### प्रधानमन्त्री नआएपछि कर्णाली स्वास्थ्य प्रतिष्ठानको दीक्षान्त समारोह स्थगित



**जुम्ला**/ मेडिकल कलेज कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको प्रथम दीक्षान्त समारोह स्थगित भएको छ। प्रतिष्ठानका कुलपति तथा प्रधानमन्त्री केपी ओली जुम्ला नआउने भएपछि दीक्षान्त स्थगित भएको हो। प्रतिष्ठानका उपकुलपति डा. मंगल रावलका अनुसार प्रधानमन्त्री ओलीले मौखिक रूपमा कार्यक्रममा सहभागी हुन नसक्ने जानकारी गराएपछि दीक्षान्त समारोह स्थगित भएको हो। आगामी २८ कात्तिकमा दीक्षान्त समारोहको मिति तय गरेको उनले बताए। दीक्षित हुन काठमाडौं, सुर्खेतलगायत विभिन्न जिल्लाका विद्यार्थी जुम्ला पुगेका थिए। कार्यक्रममा सहभागी हुन प्रतिनिधिसभा सदस्य कान्तिका सेजुवाल र ज्ञानेन्द्र शाही, स्वास्थ्यसचिव डा. रोशन पोखरेल, डा. आरपी बिछा, योजना आयोगका सदस्यलगायत, नेत्र विशेषज्ञ डा. सुन्दुक रुइतसहित सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधि जुम्ला पुगेका थिए। प्रतिष्ठानमा स्नातक र स्नातकोत्तर तहका ५८ जना विद्यार्थी दीक्षित हुने कार्यक्रम थियो।

### प्रधानसेनापति सिग्देलले आज पदबहाली गर्ने



**काठमाडौं**/ नवनियुक्त प्रधानसेनापति अशोकराज सिग्देलले सोमबार पदबहाली गर्ने भएका छन्। सोमबार बिहान राष्ट्रपति रामचन्द्र पौडेलबाट दर्ज्यानी चिह्न लगाएपछि सैनिक सम्मान लिने र जंगी अड्डा पुगेर पदबहाली गर्ने कार्यक्रम छ। उनले २४ साउनदेखि कामु प्रधानसेनापतिका रूपमा सेनाको नेतृत्व सम्हालिसकेका छन्। राष्ट्रपति पौडेलले १२ भदौमा सिग्देललाई २४ भदौदेखि लागू हुने गरी प्रधानसेनापति नियुक्त गरिसकेका छन्। 'राष्ट्रपतिज्यूबाट दर्ज्यानी चिह्न लगाएपछि प्रधानसेनापतिज्यूले पदबहाली गर्नुहुनेछ,' सैनिक प्रवक्ता सहायक रथी गौरवकुमार केसीले भने, 'साँझ जंगी अड्डामा उहाँलाई बधाई दिनेका लागि स्वागत समारोह आयोजना गरिएको छ।' प्रधानसेनापति प्रभुराम शर्माले सोमबारदेखि अवकाश पाउँदै छन्। शर्मा एक महिनाअघिदेखि घरबिदामा छन्। जंगी अड्डाले उनलाई बिदाइ गरिसकेको छ। सिग्देलले त्रिभुवन विश्वविद्यालयअन्तर्गत आर्मी कमान्ड एन्ड स्टाफ कलेज शिवपुरी तथा भारतको नेसनल डिफेन्स विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन्। सेनाका विभिन्न तहमा उनले जिम्मेबारी वहन गर्दै आएका छन्। सन् २०२२ मा नेपाल-अमेरिका तेस्रो ल्यान्ड फोर्स टकमा नेपाली सेनाको नेतृत्व गरेका उनले कोभिड क्राइसिस मेनेजमेन्ट सेन्टर (सिसिएमसी)को सचिवका रूपमा पनि कोरोनाका समयमा नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए। उनले पूर्व युगोस्लाभिया, ताजकिस्तान तथा लाइबेरियामा संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा कार्य गरेका थिए।

### करिब तीन क्विन्टल गाँजा बरामद, एक पक्राउ

**लहान**/ प्रहरीले कर्जन्हा नगरपालिका- ११ स्कुल टोलबाट करिब तीन क्विन्टल गाँजा बेवारिसे अवस्थामा बरामद गरेको छ। कर्जन्हा- १० स्कुल टोलबाटै दुई क्विन्टल गाँजासहित तीनजना पक्राउ परेको दुई दिन नबित्दै आइतबार दिउँसो दुई क्विन्टल ९० किलोग्राम गाँजा बेवारिसे अवस्थामा बरामद भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। स्थानीय शोभाकुमारी साहको घरपछाडि झाडीमा भेटिएको गाँजासहित शंकाका आधारमा अनुसन्धानका लागि स्थानीय ३७ वर्षीय प्रदीप मुखियालाई पक्राउ गरेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए। गाँजा लुकाएर राखेको भन्ने गोप्य सूचनाका आधारमा प्रहरी चौकी कर्जन्हाबाट प्रहरी सहायक निरीक्षक तेजप्रसाद अधिकारी र इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी निरीक्षक रामप्रसाद सापकोटाको कमान्डमा खटिएको प्रहरी टोलीले प्लास्टिकको १९ वटा पोकामा प्याक गरिएको गाँजा बरामद गरेको उनले बताए।

## ■ मनाइयो ऋषिपञ्चमी



ऋषिपञ्चमीका अवसरमा आइतबार टेकुको ऋषेश्वर मन्दिरमा अरुन्धतीसहित सप्तऋषिको पूजा गर्दै महिला भक्तजन। प्रत्येक वर्ष भाद्र शुक्ल पञ्चमीका दिन मनाइने यो पर्वमा महिलाले बिहानै उठेर नित्यकर्म गरी नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई तीन सय ६५ वटा दतिउनले दाँत माइने, गाईको गोबर, माटो एवं खरानी लगाई स्नान गर्दछन्। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

## ३३ वर्षअघि दोषी ठहर भएका लुम्बिनीका सांसद केसी जेल चलान



**दाङ**/ किर्ते मुद्दामा दोषी ठहर भएका लुम्बिनी प्रदेश सभाका सांसद धनबहादुर केसी कारागार चलान भएका छन्। रुकुम पूर्वको प्रदेश सभा (२) बाट निर्वाचित केसीलाई ३३ वर्षअघि नै जिल्ला अदालत रुकुमले किर्ते मुद्दामा दोषी ठहर गरेको थियो। तर, उनी फरार थिए। फरार सूचीकै अवस्थामा ०७९ को निर्वाचनमा कांग्रेसबाट उम्मेदवार भई विजयी भएका थिए।

अदालतले दोषी ठहर गरेका व्यक्ति प्रदेश सभा सदस्य भएको भन्दै आलोचना भएपछि केसीले आइतबार रुकुम पूर्व जिल्ला अदालतमा आत्मसमर्पण गरेका थिए। लगत्तै हिरासतमा लिएर कारागार चलान गरिएको रुकुम पूर्वका प्रहरी नायब उपरीक्षक माधव खरेलले जानकारी दिए।

श्रीमतीसँगको अंश मुद्दामा किर्ते गरेको भन्दै ९ असार ०४८ मा अदालतले एक वर्ष कैद र दुई हजार रुपैयाँ जरिवानाको फैसला सुनाएको थियो। सम्बन्धविच्छेदको मुद्दामा नक्कली कागजात पेस गरेको भन्दै श्रीमती राधा केसीले दिएको जाहेरीमा मुद्दा चलेपछि उनी दोषी ठहर भएका थिए। तैपनि उनले लामो समयसम्म कैद भुक्तान गरेका थिएनन्।

कैद भुक्तान नभएपछि ३१ वैशाख ०७५ मा मा रुकुम पश्चिम जिल्ला अदालतले सांसद केसीविरूद्ध ०४८ को फैसलाअनुसार कारबाही नभएको भन्दै रुकुम पूर्वी जिल्ला अदालतको नाममा बाँकी रहेको लगतबारे पत्राचार गरेको थियो। उनी कारागार चलान भएको पत्र आएसँगै लुम्बिनी प्रदेश सभाले पनि निलम्बन गर्ने प्रदेश सभा सचिवालय स्रोतले बताएको छ।

# न्यायपरिषद् नियमावली संशोधनको समर्थन र बारको आन्दोलनविरुद्ध अधिकृतहरू असन्तुष्ट

## कानुनी प्रश्नमा प्रक्रियागत समाधान खोज्नुपर्ने माग, न्यायाधीश नियुक्ति अझै लम्बिने

**शिल्पा कर्ण**/नयाँ पत्रिका

न्यायपरिषद् नियमावलीमा एक वर्षअघि भएको संशोधनविरुद्ध नेपाल बार एसोसिएसनले आन्दोलन थालेपछि समाधानका लागि कार्यदल गठन भएकोमा यसको पनि विरोध सुरु भएको छ। न्याय सेवाका कर्मचारीले कार्यदलसमक्ष ज्ञापनपत्र बुझाउँदै कानुनी प्रश्नमा प्रक्रियागत समाधान खोज्नुपर्ने बताएको छ।

न्यायपालिका अधिकृत समाजका अध्यक्ष बाबुराम दाहाल र महासचिव अशोककुमार क्षेत्रीले शुक्रबार कार्यदललाई बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'विधि र प्रक्रियाको अनुसरण नगरी सर्वोच्च अदालतको फैसला एवं विधिपूर्वक अस्तित्वमा रहेका नियमावलीसमेतको संवैधानिक एवं कानुनी मार्गबाट उपचार नखोजी जबर्जस्ती असंवैधानिक घोषित गरी खारेजीको माग गरी आन्दोलन गर्ने कार्यले निम्त्याउन सक्ने प्रत्युत्पादक प्रभावको जिम्मेवारी स्वयं नेपाल बार एसोसिएसनले नै लिनुपर्ने हुन्छ।'

नियमावली संशोधनको विषयमा सर्वोच्च अदालतमा रिट पर्दा कारण देखाऊ आदेशसमेत जारी नभई खारेजीको फैसला भएको थियो। यस्तोमा बारले नियमावली खारेजीका लागि आन्दोलन गर्नुलाई



अधिकृतहरूले आफूहरूको वैध अपेक्षाविपरीत वृत्तिविकासमा प्रतिकूल असर पार्ने कार्य गरिरहेको बताएका छन्। सहरजिस्ट्रारको पदभन्दा जिल्ला न्यायाधीशमा जानेको संख्या बढ्दै गएको भन्दै कर्मचारीले सक्षम व्यक्तिलाई संस्थामा टिकाइरहनु चुनौतीपूर्ण देखिएको ज्ञापनपत्रमा उल्लेख गरेका छन्। 'कमजोर न्याय प्रशासनका कारण समग्र न्यायपालिकामा क्षति हुन नपाओस् र विगतमा भएका नियुक्ति, वरीयता एवं खटनपटनका सवालका अतिरिक्त सापेक्षित विवाद समाधानका इतिहासमा न्यायपरिषद्ले निर्णय गर्दै र कानुनबमोजिम हुँदै आएको तथ्य सतहमा ल्याउनुपरेको छ,' ज्ञापनपत्रमा भनिएको छ।

कानुनी प्रश्नमा प्रक्रियागत समाधान खोज्दा मात्र पद्धतिको विकास हुनुका साथै अनपेक्षित अराजकता निषेध हुने कर्मचारीहरूको भनाइ छ। यस्तो नभएमा दोषारोपण, अविश्वास र निराशाको वातावरण पैदा हुने तथा बारको आन्दोलन पनि यसैको जरिया बनेको ज्ञापनपत्रमा छ। कानुनी शासनको पहरेदार बन्नुपर्ने बारले संवैधानिक मर्यादाभित्र रही न्यायिक प्रक्रियाबाट समाधान खोज्ने तथा सहअस्तित्वको पैरवी गरी नेतृत्वदायी अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेमा कर्मचारीप्रति पूर्वाग्रह राखेको ठहर अधिकृत समाजको छ। बारले बेन्चलाई केवल न्यायाधीशमा सीमित गरेको भन्दै ज्ञापनपत्रमा थप भनिएको छ, 'विषय उठानको तौरतरिकाले हाम्रा स्वाभाविक सहअस्तित्वको गौरवपूर्ण इतिहासबाट अलग हुनु, संवैधानिक र कानुनी प्रक्रियाबाट समाधान हुनुपर्ने विषयसमेत इजलासबाहिरै खोज्न प्रेरित गर्नु र सबै सरोकारवालाको ऊर्जावान् समय आवश्यकताको सिद्धान्तबमोजिम गर्न बाध्य तुल्याउनुजस्ता कार्यले हामीलाई स्तब्ध बनाएको छ।'

बारसँगको विवाद समाधान गर्न न्यायपरिषद् अध्यक्ष तथा प्रधानन्यायाधीश विश्वरम्भरप्रसाद श्रेष्ठले एक साताअघि कार्यदल गठन गरेका थिए। वरिष्ठतम न्यायाधीश तथा भावी प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको संयोजकत्वमा परिषद् सदस्य रामप्रसाद भण्डारी, नेपाल बारका अध्यक्ष गोपालकृष्ण घिमिरे तथा महासचिव अञ्जिता खनाल सदस्य रहने गरी कार्यदल गठन गरिएको थियो।

### प्रधानन्यायाधीशका लागि आठजनाको नाम पठाइयो

न्यायपरिषद्ले प्रधानन्यायाधीश हुन योग्यता पुगेका आठजनाको नाम संवैधानिक परिषद्लाई पठाएको छ। सबैभन्दा माथि प्रकाशमानसिंह राउतको नाम छ। राउतपछि सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदीको नाम वरिष्ठताक्रमअनुसार छ। सामान्यतया वरिष्ठतम न्यायाधीश नै प्रधानन्यायाधीश नियुक्त हुने गरेका छन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
महादेवा शाखा, महादेवा गाउँपालिका, सप्तरी
सम्पर्क फोन: +९७७-९८०११८२०८१

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री तोफो यादवको नातिनी, कोकाई यादवको छोरी, मधेश प्रदेश सप्तरी जिल्ला, महादेवा गाउँपालिका वडा नं. २ बस्ने ७० वर्षको श्रीमति उर्मिला देवी यादवको मिति २०८०/१०/०५ (ई.सं. १९/०१/२०२४) मा मृत्यु भएकोले स्व. उर्मिला देवी यादवको छोरा हाल महादेवा गाउँपालिका वडा नं. २ बस्ने श्री आशाराम यादवले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको महादेवा शाखा, महादेवा गाउँपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

27 ISO 9001 Certified Bank
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
तानसेन शाखा, तानसेन नगरपालिका, पाल्पा
सम्पर्क फोन: +९७७-०७५-५२११८९, ५२११६३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री कृष्ण गैरेको नातिनी, तिलोचन गैरेको छोरी, लुम्बिनी प्रदेश पाल्पा जिल्ला, बराङ्दी गा.बि.स. वडा नं. ०८ हाल तानसेन -०२, मेहलधारा बस्ने ७८ वर्षको श्रीमती सोमकान्ति बस्यालको मिति २०८०/१०/२५ (ई.सं. ०८/०२/२०२४) मा मृत्यु भएकोले स्व. सोमकान्ति बस्यालको छोरा हाल तिलोत्तमा - १७ बरौलिया बस्ने श्री गोबिन्द प्रसाद बस्यालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको तानसेन शाखा, तानसेन नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

27 ISO 9001 Certified Bank
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

Government of Nepal
Ministry of Health & Population
**GP Koirala National Center For Respiratory Diseases**
Dulegauda, Tanahun, Nepal

**Invitation Of Bids for the Purchase of X-ray Film for Hospital**

Contract Identification No: GPKNCRD/GOODS/NCB/05/2081-082
**Date of publication: 2081/05/24**

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites electronic bids from eligible bidders for Purchase and Supply Purchase of X-ray Film for Hospital procedures as specified in Public Procurement Act and Regulations. under National competitive bidding – Single Stage Single Envelope procedures.
2. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites ***sealed*** bids from eligible bidders for the procurement of X-ray Film for Hospital under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal ***(9826642498)***
4. A complete *set* of Bidding Documents may be purchased from the office GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal by eligible Bidders on the submission of a written application, along with the copy copies of company/firm registration certificate, VAT Registration and Tax clearance certificates of FY 079/80. Bidders should deposit the non- refundable fee of NRs. 3000.00 (Three Thousand only) during office hours., Should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Ltd. Damauli, Tanahu
   Name of Office : Inland Revenue Office Damauli
   Office Code no. : 305043801 Office Account no.: 00101000000001001001
   Rajaswa (revenue) Shirshak no. : 14229
5. Sealed bids must be submitted to the office GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal by hand or before 12:00 PM on 31st days . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM at 31th days at the office of GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security , amounting to a minimum of NRs.77263.75/- [seventy-seven thousand two hundred sixty-three and seventy-five hundredths], which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

**Invitation for e-Bids**
***Ayurveda Chikitsalaya***
**Naradevi, Kathmandu**

**Invitation for Bids No:** NAHKTM/G/NCB/01-081/82
**Date of publication: 2081/05/24**

1. The ***Ayurveda Chikitsalaya, Naradevi, Kathmandu*** invites ***electronic*** bids from eligible bidders for the procurement of ***Supply and Delivery of Medicinal Herbs*** under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Ayurveda Chikitsalaya, Naradevi, Kathmandu***, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   | | |
   |---|---|
   | Name of the Bank | : ***Rastriya Banijya Bank, Teku, Kathmandu*** |
   | Name of Office | : ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu*** |
   | Office Code no. | : ***370003502*** |
   | Office Account no. | : ***100010020001000*** |
   | Bid documents Fee | : ***NRs. 3000/- (Non Refundable)*** |
   | Rajaswa (revenue) Shirshak no. | : ***14229*** |

5. Pre-bid meeting shall not be held.
6. Electronic bids must be submitted to the office ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2081-06-23***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***2081-06-23*** at the office *of* ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu.*** Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs.85,000/-*** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: ***1700100102030000*** District Treasury Office, Tripureswor, Kathmandu at ***Rastriya Banijya Bank, Teku*** Branch and submit the receipt of the deposited amount of cash along with the bid.

   If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# बागमती प्रदेशमा चारवटा कानुन बनाउन १५ करोड खर्च

मकवानपुरमा **पोष्टराज अधिकारी**




बागमती प्रदेश सभाले चारवटा कानुन बनाउन १५ करोडभन्दा बढी खर्च गरेको छ। प्रदेश सभाले गत वर्ष दुईवटा सालवसाली, एउटा संशोधन र एउटा मूल कानुन निर्माण गरेको हो। जसका लागि प्रदेश सभाले १५ करोड ८५ लाख ४५ हजार रुपैयाँ खर्च गरेको छ। गत आवमा प्रदेश सभाका लागि प्राप्त विभिन्न ११ शीर्षकअन्तर्गत सो परिमाणको बजेट खर्च भएको प्रदेश सभा सचिवालयले जनाएको छ।

सभामुख, उपसभामुख तथा सांसदका लागि पारिश्रमिक, पोसाक, महँगी भत्ता, बैठक भत्ता, अन्य सुविधा, इन्धन, सवारी मर्मत, भ्रमण भत्ता, सवारी भाडा, विविध र पानीबत्तीका लागि नौ करोड ४५ लाख रुपैयाँ विनियोजन गरिएको थियो। सचिवालयका अनुसार प्रदेश सभाबाट गत आव ०८०-८१ मा आर्थिक विधेयक २०८१, विनियोजन विधेयक २०८१, प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० र प्रदेश सरकारी कामकाजी भाषासम्बन्धी विधेयक २०८० पारित भएको छ। प्रदेश सभाले ती कानुन निर्माण गर्ने क्रममा एक वर्षमा सभामुख, उपसभामुख र सांसदहरूको तलब भत्ता तथा अन्य सुविधामा उक्त रकम खर्च गरेको हो।

प्रदेश सभाको अधिकांश समय सरकार निर्माणमा केन्द्रित हुँदा उक्त अवधिमा चारवटा कानुन निर्माणबाहेक अन्य कुनै उपलब्धि हुन सकेन। प्रदेश सभा बैठकको अधिकांश समय सत्ता समीकरण परिवर्तन र बजेट विवादमा बितेको थियो। प्रदेश सभा बैठकले यस अवधिमा तत्कालीन मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको विश्वासको मतबारे निर्णय गरेको थियो भने प्रदेश सभा बैठक बजेट विवादका कारण प्रभावित बनेको थियो। एक वर्षको अवधिमा प्रदेश सभाले सभामुख, उपसभामुख र सांसदहरूको तलबबापत ६ करोड ७० लाख ९३ हजार रुपैयाँ खर्च गरेको छ भने बैठक भत्ताबापत ८९ लाख ५० हजार रुपैयाँ खर्च गरेको छ। यसका लागि प्रदेश सभाले सात करोड २७ लाख ४९ हजार र ६७ लाख ५ हजार रुपैयाँ बजेट प्राप्त गरेको थियो।

प्रदेश सभाले अन्य सुविधाअन्तर्गत विनियोजन गरेको नौ करोड १५ लाख ६९ हजार रुपैयाँमध्ये सात करोड ५७ लाख २३ हजार रुपैयाँ यसै अवधिमा खर्च गरेको छ। इन्धन सुविधाका लागि प्राप्त ३८ लाख ८८ हजार रुपैयाँमध्ये १४ लाख २२ हजार रुपैयाँ खर्च गरेको छ।

प्रदेश सभाले सवारीसाधन मर्मतका लागि ३१ लाख १२ हजार रुपैयाँ खर्च गरेको छ। सवारी मर्मतअन्तर्गत प्रदेश सरकारबाट गत आवमा ४८ लाख रुपैयाँ बजेट प्राप्त भएको थियो। प्रदेश सभाले भ्रमण भत्ताबापत ५८ लाख ५० हजार रुपैयाँ बजेट प्राप्त गरेकोमध्ये ६ लाख ६५ हजार रुपैयाँ खर्च गरेको छ।

सवारी भाडाबापत चार लाख ९९ हजार रुपैयाँ बजेटमध्ये एक लाख ४० हजार रुपैयाँ खर्च गरेको छ। पानीबत्ती खर्चअन्तर्गत प्रदेश सभाले प्राप्त गरेको दुई लाख ७० हजार रुपैयाँमध्ये शतप्रतिशत रकम खर्च गरेको छ। प्रदेश सभाले विविध खर्चतर्फ विनियोजित ४० लाख २१ हजार रुपैयाँमा ११ लाख ६७ हजार रुपैयाँ खर्च गरेको छ। पोसाक र महँगी भत्ताबापतको शीर्षकमा प्राप्त रकम भने खर्च गरेको छैन। सो शीर्षकअन्तर्गत प्रदेश सभाले क्रमशः १२ लाख २० हजार रुपैयाँ र २९ लाख २८ हजार रुपैयाँ बजेट प्राप्त गरेको थियो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १) | **१) ऋणी कम्पनी: लथान निर्माण सेवा प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: नबराज थिङ<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१४५०१/७५/०७६, दर्ता मिति: २०७६/०१/२३, ठेगाना: जिल्ला मकवानपुर, मनहरी गा.पा. वडा नं. ७<br>**२) ऋणी: अर्जुन तमाङ**<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२<br>बाबु : कृष्ण बहादुर तमाङ, बाजे: मोहन सिंह तमाङ |
| २) | **१) ऋणी फर्म: समिक्षा ब्युटी पार्लर,** संचालक तथा जमानीकर्ता: बिनु नेपाली<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय हेटौडा, मकवानपुरमा प्राइभेट फर्म दर्ता.नं. १७०४/७०४/०७६/७७ , दर्ता मिति: २०७६/०७/१९, ठेगाना: जिल्ला मकवानपुर, हेटौडा उ.म.न.पा. वडा नं. ३<br>**२) ऋणी: शंकर नेपाली**<br>स्थायी ठेगाना: मकवानपुर जिल्ला, बसामाडी गा.बि.स वडा नं. ३, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ३<br>बाबु: सिताराम नेपाली, बाजे: नर बहादुर नेपाली |
| ३) | **१) ऋणी: बुद्धि राम महतो**<br>स्थायी ठेगाना: नवलपरासी जिल्ला, कुमारवर्ती गाउँ पञ्चायत वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९, बाबु: हुम बहादुर महतो, बाजे: ठगाई महतो<br>**२) ऋणी: मेन कुमारी महतो**<br>स्थायी ठेगाना: नवलपरासी जिल्ला, कुमारवर्ती गा.वि.स. वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९<br>बाबु: ठाकुर प्रसाद महतो, ससुरा: हुम बहादुर महतो, पति: बुद्धि राम महतो |
| ४) | **ऋणी: गिता कुमारी रिजाल (कार्की)**<br>स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी न.पा.वडा नं. १, हालको ठेगाना: भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं. ८, बाबु: गोपाल प्रसाद रिजाल, ससुरा: चेत बहादुर कार्की, पति: बल बहादुर कार्की |
| ५) | **१) ऋणी फर्म: अंजली फरनिचर उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: अनिता देवि<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ४२४६/६५, दर्ता मिति २०७१/०६/०६, ठेगाना: जिल्ला रौतहट, सखुअवा धमौरा गा.वि.स. वडा नं. ६<br>**२) ऋणी: रामप्रवेश ठाकुर**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६<br>बाबु: जयलाल, बाजे : ठगाा ठाकुर<br>**३) ऋणी: सन्जु कुमारी शर्मा**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६<br>बाबु: रामईश्वर ठाकुर, ससुरा: जयलाल, पति: राम प्रबेश ठाकुर |
| ६) | **१) ऋणी फर्म: धनलक्ष्मी ज्वेलर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: संजय साह<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं. ५०१७/१२/०७५/७६, दर्ता मिति २०७५/०७/०८, ठेगाना: जिल्ला महोत्तरी, मटिहानी न.पा. वडा नं. ८<br>**२) ऋणी: संजय कुमार साह**<br>स्थायी ठेगाना: धनुषा जिल्ला, मुखियापट्टी गा.वि.स. वडा नं. ६, हालको ठेगाना : धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं. १, बाबु: योगेन्द्र साह सुडी, बाजे: वनई साह सुडी |
| ७) | **ऋणी: मनताजिर मंसुर**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ५, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७<br>बाबु: जुबैर मिया मंसुर, बाजे: गर्भु मिया |
| ८) | **ऋणी कम्पनी: पदमश्री कृषि फार्म प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: संजिव कुमार शर्मा<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको, काठमाडौंमा दर्ता नं. २७२९३६/०७८/०७९, दर्ता मिति २०७८/०६/०७, ठेगाना: जिल्ला रौतहट, माधवनारायण न.पा. वडा नं. १ |
| ९) | **ऋणी: मन्सुर अंसारी**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, प्रतापपुरपल्टुवा गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ७<br>बाबु: फरिद मिया अंसारी, बाजे: नवी मिया अंसारी |
| १०) | **ऋणी: सिकिन्द्र साह**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपुर (म.) गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७<br>बाबु: राम जुगुल साह, बाजे: मनरुप साह<br>तथा<br>**ऋणी: कोशिला देवी**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपुर (म.) गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७<br>बाबु: राम अशिष कानु, ससुरा: मनरुप साह, पति: राम जुगुल साह |
| ११) | **ऋणी फर्म: आदर्श ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: राकेश प्रसाद शाह<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ५३१५/६२, दर्ता मिति २०७४/०४/१७, ठेगाना: जिल्ला रौतहट, गढीमाई न.पा. वडा नं. ४ |
| १२) | **ऋणी: कान्छा राम तामाङ**<br>स्थायी ठेगाना: धादिङ जिल्ला, तसर्पु गा.वि.स. वडा नं. २, हालको ठेगाना: धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. ४<br>बाबु: अकल बहादुर तामाङ, बाजे: आइतराम तामाङ |
| १३) | **ऋणी: राकेश कुमार यादव**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपूर दो. गा.वि.स. वडा नं. ७, हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपूर न.पा. वडा नं. ५<br>बाबु: नारायण राय यादव, बाजे: छनु राय यादव |
| १४) | **ऋणी: जयराम प्रसाद चौधरी**<br>स्थायी ठेगाना: बारा जिल्ला, सिंहासनी गा.पं. वडा नं. ४, हालको ठेगाना: बारा जिल्ला, बारागढी गा.पा. वडा नं. ५<br>बाबु: देवनारायण हजियार थारु, बाजे: मोनाई हजियार |
| १५) | **ऋणी: आन्नदी देवी**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं. ७, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९<br>बाबु: भकतु चौधरी, ससुरा: जोखन चौधरी थारु, पति: भागनारायण चौधरी |
| १६) | **१) ऋणी फर्म: सैलुङ्ग निर्माण सेवा,** प्रोपाईटर तथा जमानीकर्ता: अमृत वहादुर लामा<br>दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय काठमाडौंमा प्रा.फ.नं. ४०६२/०३५, दर्ता मिति: २०३५/०८/११, ठेगाना: जिल्ला काठमाडौं, गोगंबु गा.वि.स. वडा नं. ९<br>**२) ऋणी:रेजीना तामाङ्ग (लामा)**<br>स्थायी ठेगाना: झापा जिल्ला, शान्तीनगर गा.वि.स. वडा नं. २, हालको ठेगाना: काठमाडौं जिल्ला, टोखा न.पा, वडा नं. ११<br>बाबु: तेज बहादुर लामा, ससुरा: गज बहादुर लामा, पति: अमृत वहादुर लामा |
| १७) | **ऋणी: सिम्मी भोलन लामा**<br>स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरियामाई गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, बाबु: हरि बहादुर परियार, ससुरा: चन्द्र बहादुर भोलन लामा, पति: विजय लामा भोलन |

**नोट:** ऋणी तथा प्रोप्राइटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ धुलिखेल-खावा चार किलोमिटर सडकखण्ड स्तरोन्नतिमा ढिलाइ

# ठेक्का तोड्न सांसदहरूको सुझाव



● **शंकर भण्डारी**, सांसद, कांग्रेस

हामीले विभिन्न माध्यमबाट धुलिखेल-खावा सडक विस्तारमा ढिलाइ हुँदा सर्वसाधारण तथा यात्रुले भोगेको समस्या थाहा पायौँ । फिल्डमै पुगेर हेरौँ भन्ने उद्देश्यले ११ जना सांसदसहित पूर्वाधार विकास समितिका प्रतिनिधि अनुगमनमा आएका हौँ । हामीले स्थानीयको आक्रोश, जनप्रतिनिधिका कुरा र फिल्ड पनि हेर्‍यौँ । अब पूर्वाधार विकास समितिको बैठक बसेर ठेक्का सम्झौता तोड्ने कि के गर्ने भन्ने निचोड निकाल्छौँ ।

काभ्रेमा **इन्द्रबहादुर थापा**

सम्झौता अवधि सकिएको पाँच महिना बितिसक्दा पनि ५० प्रतिशत काम नभएपछि संघीय संसदीय पूर्वाधार विकास समितिले अरनिको राजमार्गअन्तर्गत धुलिखेल-खावा सडकखण्डको अनुगमन गरेको छ । आइतबार संघीय सांसद शंकर भण्डारीको नेतृत्वमा समितिले अनुगमन गरेको हो । समयमा सडक विस्तारको काम नसकिँदा सर्वसाधारणले अनाहकमा दुःख पाएको, यात्रुको अंगभंग हुनुपरेको र केहीले ज्यान नै गुमाउनुपरेको गुनासोपछि अनुगमनमा आएको उनले बताए । अनुगमनका क्रममा राजमार्गको अवस्था साँच्चै कष्टकर पाएको उनको भनाइ छ ।

'हामीले विभिन्न माध्यमबाट धुलिखेल-खावा सडक विस्तारमा ढिलाइ हुँदा सर्वसाधारण तथा यात्रुले भोगेको समस्या थाहा पायौँ । फिल्डमै पुगेर हेरौँ भन्ने उद्देश्यले ११ जना सांसदसहित पूर्वाधार विकास समितिका प्रतिनिधि अनुगमनमा आएका हौँ,' भण्डारीले भने, 'हामीले स्थानीयको आक्रोश, जनप्रतिनिधिका कुरा र फिल्ड पनि हेर्‍यौँ । अब पूर्वाधार विकास समितिको बैठक बसेर ठेक्का सम्झौता तोड्ने कि के गर्ने भन्ने निचोड निकाल्छौँ ।' तत्काल राजमार्गको खाल्टाखुल्टी पुर्ने र रेस्क्युको व्यवस्था गर्नुपर्ने भण्डारीले बताए ।

समिति सदस्य ठाकुर गैरेले यसअघि नै ठेक्का तोड्न समितिले निर्देशन दिए पनि निर्माण कम्पनीको म्याद थपिँदै जाने र जनताले सास्ती पाइरहने स्थिति बन्न नहुने बताए । तोकिएको अवधिमा काम नभए ठेक्का रद्द गर्न समितिमार्फत सरकारलाई निर्देशन दिने र त्यो कार्यान्वयन भए-नभएको पनि ताकेता गर्ने उनको भनाइ छ । सांसद माधव सापकोटाले गौरी-पार्वती जेभीले अन्यत्र सकारेको ठेक्का पनि समस्याग्रस्त रहेको भन्दै ठेक्का रद्द गर्नुपर्ने धारणा राखेका थिए । ठेक्का सम्झौताको म्याद नसकिँदै ठेक्का सम्झौता रद्द गर्न सडक डिभिजनलाई भनेको उनले बताए ।



आइतबार धुलिखेल-खावा सडकखण्डको अनुगमन गर्दै संघीय संसदीय पूर्वाधार विकास समितिका सदस्यहरू । तस्बिर : **नयाँ पत्रिका**

जिल्ला समन्वय समितिका प्रमुख दीपककुमार गौतमले गलत डिपिआर र डिजाइन स्वीकृत भएकाले निर्माणमा समस्या आएको बताए । खरिद ऐनका प्रावधानका कारण समस्या आएको उनको भनाइ छ । पाँचखाल नगर प्रमुख महेश खरेलले काम नगर्ने निर्माण व्यवसायीविरुद्ध किटानी जाहेरी दिँदा पनि प्रहरी प्रशासनले आँट नगरेको बताए ।

संघीय संसद्को पूर्वाधार समितिको टोलीसमक्ष स्थानीयले आक्रोश पोखेका छन् । निर्माण व्यवसायीको लापरबाही, जनप्रतिनिधि र कर्मचारीको लाचारीपनका कारण सास्ती खेप्नुपरेको स्थानीयको गुनासो थियो । पाँचखाल नगरपालिका-५ का स्थानीय बुद्धनराज गिरीलगायतले राजमार्ग विस्तारमा राजनीति नगर्न आग्रह गरे ।

अरनिको राजमार्गअन्तर्गतको धुलिखेल-खावा चार किलोमिटर सडकखण्ड विस्तारमा ढिलाइ भएको छ । सडक डिभिजन कार्यालय भक्तपुर र निर्माण व्यवसायीबीच २२ महिनामा सडक विस्तार एवं स्तरोन्नतिको काम सक्ने गरी २० जेठ ०७९ मा सम्झौता भएको थियो । २७ महिना बितिसक्दासमेत ५० प्रतिशत काम सम्पन्न भएको छैन । सम्झौताअनुसार १९ चैत ०८० मा काम पूरा गर्नुपर्ने थियो । सो म्याद सकेर पाँच महिना बितिसक्दासमेत कामले गति लिन सकेको छैन । सडकखण्ड स्तरोन्नति तथा विस्तार गर्न डिभिजन कार्यालयले गौरी-पार्वती निर्माण सेवासँग सम्झौता गरेको थियो ।

मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै सडकखण्डमा नेपालमै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा डिबिएम र आस्फाल्ट गरी दुई चरणको कालोपत्र गर्न लागिएको छ । साँघुरो सडकका कारण बर्सेनि ट्राफिक जाम बढ्दै गएपछि सडकखण्ड विस्तार गर्न लागिएको थियो । चार किलोमिटर सडकखण्ड विस्तार एवं स्तरोन्नतिका लागि ३० करोड ७८ लाख ७२ हजार ३८० रुपैयाँ अनुमान गरेकोमा व्यवसायीसँग भ्याटसहित २० करोड १९ लाख ४३ हजार ५०१ रुपैयाँमा सम्झौता गरिएको थियो ।

# गाउँपालिका उपाध्यक्ष र दुई प्रमुख प्रशासकीय अधिकृतसहित १७ विरुद्ध भ्रष्टाचार मुद्दा

नयाँ पत्रिका

दुई अलग-अलग योजनामा १७ लाख ६५ हजार रुपैयाँभन्दा बढी भुक्तानी दिने गाउँपालिकाकी तत्कालीन उपाध्यक्ष र दुई प्रमुख प्रशासकीय अधिकृतसहित १७ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । सप्तरीको तिरहुत गाउँपालिका- ५ स्थित पर्यटन क्षेत्र गेट निर्माणसम्बन्धी र वडा नम्बर १ देखि ५ सम्म सोलार बत्ती जडान गर्ने योजनामा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले मुद्दा दायर गरेको हो ।

पर्यटन क्षेत्रमा गेट निर्माणसम्बन्धी योजनामा ११ जना र सोलार बत्ती जडान योजनामा नौजनालाई अख्तियारले प्रतिवादी कायम गरेको छ । गाउँपालिकाकी तत्कालीन उपाध्यक्ष तीर्थमाया खत्वे र अन्य दुई सदस्य दुर्गानन्द यादव, वीरेन्द्रकुमार यादव भने दुवै मुद्दामा प्रतिवादी छन् ।

गाउँपालिकाले आर्थिक वर्ष ०७५/७६ मा वडा नम्बर ५ मा गेट निर्माण, अधुरो भवन निर्माण, रङरोगन, संवर्द्धन तथा व्यवस्थापन कार्यका लागि योजना अघि सारेको थियो । पालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रमेशप्रसाद यादव र इन्जिनियर खुर्सेद इक्रामले योजनाको सम्झौतापत्रमा सहीछाप तथा स्वीकृत गरेका थिए । तर, सम्झौताबमोजिम कम काम गरी बढी काम गरेको प्राविधिक मूल्यांकनसहितको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेस गरी भुक्तानीको टिप्पणी र आदेशलाई सदर गरेर ११ लाख १९ हजार ९४९ रुपैयाँ उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएको अख्तियारको दाबी छ । कानुनविपरीत सात लाख ३५ हजार २८० रुपैयाँ भुक्तानी दिने पालिकाका लेखा प्रमुख सोनुकुमार सोनीलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ ।

त्यस्तै, गाउँपालिकाकी तत्कालीन उपाध्यक्ष तथा योजना अनुगमन समितिको संयोजक तीर्थमाया खत्वेसहित योजना अनुगमन समितिको सदस्यहरू दुर्गानन्द यादव, वीरेन्द्रकुमार यादव, भोगनन्द महतमान यादव र रमानन्द चौधरीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । वास्तविक भए-गरेको कार्यभन्दा बढी भएको भनी नभए-नगरेका कुरा देखाई भुक्तानीको प्रतिवेदन पेस गरेर झुटा बिल भर्पाईका आधारमा टिप्पणी र आदेश सदर गरेर भुक्तानी दिन लगाएको आरोप उनीहरूउपर छ ।

उपभोक्ता समितिको अध्यक्ष शिवनाथ चौधरी, सचिव देवनारायण चौधरी र कोषाध्यक्ष चन्द्री देवीलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ । सोलार बत्ती जडान गर्ने योजनामा अख्तियारले नौजनालाई प्रतिवादी बनाएको छ । सप्तरीको तिरहुत गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामनारायण साह, इन्जिनियर उग्रानन्द पाठक, सबइन्जिनियर जागेश्वर मण्डलले आव ०७४/७५ मा वडा नं. १ देखि ५ सम्म सोलार बत्ती खरिद तथा जडान कार्यका लागि भएको योजनाको सम्झौताबमोजिम कार्य नभएको, कम काम गरी बढी काम गरेको भनी प्राविधिक मूल्यांकनसहितको नापी किताब तयार गरी/गराई भुक्तानीको टिप्पणी र आदेशलाई सदर गरी वास्तविक भएको कामको भन्दा बढी ६ लाख ४५ हजार ६६५ रुपैयाँ दिन लगाएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । तत्कालीन गाउँपालिकाका उपाध्यक्ष एवं योजना अनुगमन समितिको संयोजक तीर्थमाया खत्वे तथा सदस्यद्वय दुर्गानन्द यादव र वीरेन्द्रकुमार यादवलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ । योजनाको अनुगमन प्रतिवेदन पेस गर्दा बदनियतपूर्वक वास्तविक भए-गरेभन्दा बढी कार्य भएको भनी प्रतिवेदन पेस गरी भुक्तानीका लागि सिफारिससमेत गरेको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

अख्तियारले उपभोक्ता समितिका अध्यक्ष रवेन्द्रकुमार यादव, सचिव धीरेन्द्र यादव र कोषाध्यक्ष रेणुकुमारी यादवविरुद्ध पनि मुद्दा दायर गरेको छ । योजनाको सम्झौता गरी निर्माण कार्य सम्पन्न भएको भनी सर्त एवं सम्झौताविपरीत भए-गरेको कार्यभन्दा बढी कार्य गरेको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाई, डोर हाजिरीलगायत कागजात तयार गरेर बढी भुक्तानी लिने कार्यमा संलग्न देखिएको आधारमा अख्तियारले उनीहरूलाई प्रतिवादी कायम गरेको हो ।

■ घर निर्माण सम्पन्नता प्रमाणपत्र लिँदा घुस

# पोखरा महानगरका इन्जिनियर र सबइन्जिनियरलाई कैद सजाय




कास्कीमा **रोहितराज पराजुली**

घर निर्माण सम्पन्नताको प्रमाणपत्रका लागि घुस लिएको आरोप लागेका पोखरा महानगरपालिकाका इन्जिनियर शिवप्रसाद बराल र सबइन्जिनियर उषाकिरण रोकाया तथा गोदार इन्जिनियरिङ कन्सल्टेन्सी सेवाका सुरज कुँवरलाई विशेष अदालतले दोषी ठहर गर्दै सजाय सुनाएको छ । अदालतका न्यायाधीश खुसीप्रसाद थारू र रितेन्द्र थापाको इजलासले २० भदौमा इन्जिनियर बराल र सबइन्जिनियर रोकायालाई जनही एक लाख ७५ हजार नगद जरिवानासँगै आठ महिना कैद सजाय सुनाएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले बताए । मतियारको कसुर गरेको आरोपमा कुँवरलाई चार महिना कैदसँगै ८७ हजार पाँच सय जरिवाना सुनाएको छ ।

रेग्मीका अनुसार इन्जिनियर बराल र सबइन्जिनियर रोकायालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दाफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेकाले बिगो तीन लाख ५० हजारको दामासाहीले हुने एक लाख ७५ हजार जरिवाना र आठ महिना कैद सजाय सुनाइएको हो । अदालतले इन्जिनियर बरालले बैंकमा दाखिला गरेको रिसवत रकम दुई लाख जफत गरी उजुरीकर्तालाई भराइदिन आदेशसमेत गरेको छ ।

२८ चैत ०८० मा पोखरा- १० स्थित घर निर्माण सम्पन्न प्रमाणपत्र दिलाउने कामका लागि सेवाग्राहीसँग एक लाख ५० हजार घुस लिँदालिँदै आयोगको पोखरा कार्यालयबाट खटिएको टोलीले सबइन्जिनियर रोकाय र गोदार इन्जिनियरिङ कन्सल्टेन्सीका कुँवरलाई रंगेहात पक्राउ गरेको थियो । घटनामा संलग्न भएको आरोपमा वैशाख पहिलो साता महानगरका इन्जिनियर बराललाई समेत आयोगले पक्राउ गरेको थियो ।

अनुसन्धानका क्रममा पक्राउ परेका तीनजनाले घर निर्माण सम्पन्न प्रमाणपत्र दिन तीन लाख ५० हजार घुस/रिसवत माग गरेका थिए । मागेको रकममध्ये दुई लाख रुपैयाँ कुँवरमार्फत रोकाया हुँदै बरालले लिएका थिए । बरालले दुई लाख आफ्नै नाममा रहेको बैंक खातामा जम्मासमेत गरेको र बाँकी एक लाख ५० हजार लिने क्रममा उनीहरूलाई आयोगको टोलीले २८ चैतमा पक्राउ गरेको थियो ।

# काठमाडौंमा 'साम्बाला' प्रिमियर




**काठमाडौं** / मीन भामको निर्देशनमा बनेको 'साम्बाला' काठमाडौंमा प्रिमियर भएको छ । यसअघि यो फिल्मको वर्ल्ड प्रिमियर जर्मनीको प्रतिष्ठित बर्लिन अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा भएको थियो ।

उक्त फेस्टिभलमा मुख्य प्रतिस्पर्धामा समेत यो फिल्म छनोट भएको थियो । स्विट्‌रल्यान्डको लोकार्नोमा पनि छनोट भएको यस फिल्मले हिमाली जनजीवन र त्यहाँको धर्म-संस्कृतिलाई पर्दामा उतारेको छ ।

फिल्ममा हिमाली भेगकी एक महिलाले आफ्ना श्रीमान् खोज्न गरेको संघर्षणपूर्ण यात्रा, त्यस यात्राका क्रममा उक्त महिलामा आउने परिवर्तनको कथा साम्बालामा देखाइएको छ । यसमा हिमाली जनजीवन र परम्परा पनि देखिन्छ । निर्देशक मीन भाम र अविनाशविक्रम शाहले लेखेको फिल्म डोल्पाको ४२ सयदेखि ६ हजार मिटरको उचाइमा खिचिएको छ । फिल्ममा थिन्ले ल्हामो, सोनाम तोप्देन, कर्मा शाक्यलगायतको अभिनय छ ।

फिल्मको प्रिमियरमा नेपालका चर्चित नेता, सेलेब्रिटीलगायतको उपस्थिति थियो । भारतीय कलाकार नवाजुद्दिन सिद्दिकी र निर्देशक अनुराग कश्यप सबैको आकर्षणको केन्द्रमा थिए ।


## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०५/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ भदौ ३१ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/सौराहा शाखामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

### इनरुवा, सुनसरी शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| प्रदेश सरकार, प्रदेश न. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी सुनसरीमा मिति २०७७/११/२० मा प्रा.फ.र.नं. १८१५२/०७७/०७८ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, हरीनगर गा.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **संझा कृषि फर्म ।** **प्रोप्राईटर - संझा देबी मेहता** | १. **संझा देबी मेहता**को नाममा मालपोत कार्यालय, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, चोरघटिया गा.वि.स. वडा नं. ३ख स्थित कित्ता नं. ३४४ को क्षे.फ. ०-३-०-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **संझा देबी मेहता**<br>ना.प्र.नं.: ०६३०४०/१४<br>जारी मिति: २०७०/०२/१९, जि.प्र.का. सुनसरी<br>बाबु: सुकदेव मेहता<br>बाजे: आसिक लाल मेहता<br>स्थायी ठेगाना: सुनसरी जिल्ला, गौतमपुर गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना: सुनसरी जिल्ला हरीनगर गा.पा. वडा नं. ०३ | ३. **आशा कुमारी मेहता**<br>ना.प्र.नं.: ०६३०२४/७२८,<br>जारी मिति: २०६३/११/१३, जि.प्र.का. सुनसरी<br>बाबु: बालकिसुन महतो<br>बाजे: आसिक लाल मेहता<br>स्थायी ठेगाना: सुनसरी जिल्ला, राजगंज सिनुवारी गा.वि.स., वडा नं. २<br>हालको ठेगाना: सुनसरी जिल्ला हरीनगर गा.पा. वडा नं. ०३ |
| २. **बन्देश्वर मेहता**<br>ना.प्र.नं.: ०६३०४०/२<br>जारी मिति: २०६३/१२/२१, जि.प्र.का. सुनसरी<br>बाबु: कैलु मेहता<br>बाजे: रमी मेहता<br>स्थायी ठेगाना: सुनसरी जिल्ला, गौतमपुर गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना: सुनसरी जिल्ला हरीनगर गा.पा. वडा नं. ०३ | ४. **विनोद कुमार मेहता**<br>ना.प्र.नं.: ०६१०४०/१२३४४,<br>जारी मिति: २०६४/०८/१३, जि.प्र.का. सुनसरी<br>बाबु: बन्देश्वर मेहता<br>बाजे: कैलु मेहता<br>स्थायी ठेगाना: सुनसरी जिल्ला, गौतमपुर गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना: सुनसरी जिल्ला हरीनगर गा.पा. वडा नं. ०३ |

### प्रतिमाचौक, पर्सा शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य बिभाग, वाणिज्य कार्यालय वीरगंजमा मिति २०७३/०४/२० मा प्रा.फ.र.नं.३४२६९/०७३/७४ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगंज न.पा./म.न.पा. वडा नं. १९ स्थित रजिष्टर्ड कार्यालय रहेको **माँ भगवती ट्रेडर्स ।** **प्रोप्राईटर - संजय कुमार सिंह** | १. **नुतन कुमारी**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, विरगंज न.पा./म.न.पा. वडा नं. २ स्थित कित्ता नं. १३४, १२१ र १४३ को क्षेत्रफल क्रमश: ०००७४.४५, ०००२६.२३ र ००००७.८२ (व.मी) घर/जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **संजय कुमार सिंह**<br>ना.प्र.नं.: ३८५९१२६४<br>जारी मिति: २०५०/०९/२०, जि.प्र.का. महोत्तरी<br>बाबु: महेन्द्र सिंह राजपुत<br>बाजे: देव नारायण सिंह<br>पत्नी: नुतन कुमारी<br>स्थायी ठेगाना: महोत्तरी जिल्ला, इटहर्वाकट्टी गा.वि.स. वडा नं. ०१<br>हालको ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं ०२ | २. **नुतन कुमारी**<br>ना.प्र.नं.: २/१३५१<br>जारी मिति: २०५०/०१/२२, जि.प्र.का. रौतहट<br>बाबु: नारायण प्रसाद सिंह<br>बाजे: जुग प्रसाद सिंह<br>ससुरा: महेन्द्र सिंह राजपुत<br>पति: संजय कुमार सिंह<br>स्थायी ठेगाना: रौतहट जिल्ला, ब्रहम्पुरी गा.वि.स., वडा नं. ०१<br>हालको ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा., वडा नं. ०२ |

### सिमरा, बारा शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश भरतपुर, चितवनमा मिति २०७७/१०/२५ दर्ता नं. ४९/०७७/०७८ कायम भई आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनबाट मिति २०७७/११/१६ मा स्थायी लेखा नम्बर ६१५३२४२१२ प्राप्त भएको चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १५ स्थित **घले एकिकृत कृषि फर्म ।** | १. **राजकुमार घले**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं. ०४ स्थित कि.नं. १५९१, २१५७ र १५९० को क्षेत्रफल क्रमश: ०-३-७, ०-०-३-८ र ०-३-० (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत । |

धनि कुमारी बैंक लि. र ऋणी **घले एकिकृत कृषि फार्म** कायम भएको तपसिलको सवारी साधन:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| बाग्मति प्रदेश ०३ ००१ च १२५५ | MA1ZU2TBKM 1C31922 | TBM1C15540 | Mahindra Bolero Pickup 2WD PS 1.5T | बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुर |

**साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **राजकुमार घले**<br>ना.प्र.नं.- ३३२०५६/२४४३२<br>जारी मिति - २०६५/०५/२४, जि.प्र.का. बारा<br>बाबु - दिलिप कुमार घले<br>बाजे- एक बहादुर घले<br>स्थायी ठेगाना- बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १५ | २. **ललिता घले**<br>ना.प्र.नं.- ३५(०१(७२(१०४६३<br>जारी मिति - २०७२/१०/१४, जि.प्र.का. चितवन<br>बाबु - चन्द्र बहादुर घले<br>बाजे- कुल बहादुर घले<br>स्थायी ठेगाना- धादिङ जिल्ला बुढाथुम गा.वि.स. वडा नं. ०१<br>हालको ठेगाना- चितवन जिल्ला कालिका न.पा. वडा नं. ०९ |

### ईटहरी, सुनसरी शाखा

| १. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताहरूको विवरण |
|---|---|
| **राम प्रसाद घिमिरे**<br>ना.प्र.नं.-३५८८१-४८३,<br>जारी मिति - २०५४/०९/२५, जि.प्र.का. उदयपुर<br>बाबु - शिव प्रसाद घिमिरे<br>बाजे - भगिरथ घिमिरे<br>स्थायी ठेगाना- उदयपुर जिल्ला त्रियुगा न.पा. वडा नं. ०२<br>हालको ठेगाना- मोरङ जिल्ला बिराटनगर म.न.पा. वडा नं. ०५ | १. **विमला बराल**<br>ना.प्र.नं.-१०९५०/२८८<br>जारी मिति - २०५४/०९/२४ जि.प्र.का. मोरङ<br>बाबु - भवानी प्रसाद वराल<br>पति - राम प्रसाद घिमिरे<br>स्थायी ठेगाना- मोरङ जिल्ला केरौन गा.वि.स. वडा नं. ०१<br>हालको ठेगाना- हाल मोरङ जिल्ला बिराटनगर म.न.पा. वडा नं. ०५ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **राम प्रसाद घिमिरे**को नाममा मालपोत कार्यालय, मोरङमा दर्ता कायम रहेको मोरङ, हात्तीमुढा गा.बि.स वडा नं. ६ स्थीत कि.नं. १६६० को क्षेत्रफल १६९.३१ (ब.मि) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
२. धनि कुमारी बैंक लि.र ऋणि **राम प्रसाद घिमिरे** कायम भई कोशी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको ई.नं. HFHZ404647 चे.नं. MB1G3GFDXHRFS5787, सवारी नं को १ ख ७२०७ को MMCCV TRIPPER थान १ ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ भदौ ३० गते** भित्र बैंकको सम्बन्धित शाखा/सौराहा शाखामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/सौराहा शाखाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ भदौ ३१ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/सौराहा शाखामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/सौराहा शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ भदौ ३१ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# कसरी सुधार्ने कांग्रेस ?

## कांग्रेसलाई साँच्चै सुधार्ने हो भने सर्वप्रथम नेता सुध्रिनुपर्छ, नेता सुध्रेपछि कार्यकर्तामा आफैँ सुधार आउँछ



● गुरुराज घिमिरे

अग्रलेख

विश्वविख्यात कूटनीतिज्ञ, राजनीतिज्ञ, अर्थशास्त्री र प्रखर विचारक विष्णु गुप्त 'कौटिल्य'अर्थात् चाणक्यले भनेका छन्, 'मान्छे वा व्यक्तिको सबैभन्दा ठूलो सम्पत्ति उसको शरीर हो। शारीरिक तन्दुरुस्ती वा स्वस्थ शरीरको अभावमा मानिसले कुनै पनि उल्लेखनीय कार्य गर्न सक्दैन, शारीरिक स्वास्थ्यसँग मानसिक स्वास्थ्यसमेत जोडिएको हुन्छ।' यो भनाइ शाश्वत र कालजयी छ। यस सत्यलाई ध्यान नदिने हो भने व्यक्तिले आफ्नो जीवनलाई सफल र सार्थक बनाउन सक्तैन। किनभने, मानिस अरू पशुपक्षीसरहको जीवात्मा होइन। यसले सोच्ने, विचार गर्ने र विवेकशील कार्य गर्ने क्षमता राख्छ। र, अन्य जीवात्माभन्दा उच्च चेतना र विवेक राख्छ। तसर्थ, आफ्नो जीवनमा अपेक्षित सफलता हासिल गर्न व्यक्ति, संस्था वा राष्ट्रको शरीर स्वस्थ र तन्दुरुस्त हुनुपर्छ।

उपर्युक्त प्रसंग यहाँ किन उद्धृत गरिएको हो भने आजको चर्चा संस्था सुधारसँग सम्बन्धित छ। यस चर्चामा संस्था भन्नाले नेपालको पुरानो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसलाई बुझ्नु उपयुक्त हुनेछ। जसलाई यस आलेखको शीर्षकले समेत दर्साएको छ। यस दलका आमसदस्यको आजको चिन्ता नै आफ्नो पार्टीको वर्तमान अवस्था र सुधारको आवश्यकतामा केन्द्रित छ। अब सुधार्नेचाहिँ कसरी त ? बिग्रिएको के-के छ त ? यस दलका सदस्यले कस्तो पार्टी चाहेका हुन् ? स्थापनाकालको उद्देश्य, लक्ष्य र हालको क्रियाकलापमा के-के अन्तर आएका छन् ? पार्टीलाई सिद्धान्तनिष्ठ, लोकप्रिय र आमजनताको विश्वासिलो कसरी बनाउन सकिन्छ त ? किनभने पार्टी हरतरहले ठिक हुनु नै पार्टीको स्वास्थ्य राम्रो हुनु हो र यो नै संस्थाको सबैभन्दा ठूलो सम्पत्ति हो। अब यस आवश्यकतालाई कसरी सम्भव तुल्याउने ? यसलाई सूत्रबद्ध रूपमा प्रस्तुत गर्नु उपयुक्त हुनेछ।

**आन्तरिक जीवन :** व्यक्तिको जस्तै संस्था वा पार्टीको स्वास्थ्य ठिक हुन आन्तरिक जीवन ठिकठाक हुनुपर्छ। एकप्रकारले पार्टीका आन्तरिक गतिविधि विधिसम्मत, स्वस्थ र नियमित हुने हो भने हिजोआज देखिएका आधाजति समस्या स्वतः ठिक भइहाल्छन्। यसलाई पूर्णता दिन पार्टीको न्यायप्रणाली विवेकसम्मत र वस्तुनिष्ठ हुनुपर्छ। मूलतः यसलाई मूल्यांकन पद्धति र अवसरको न्यायोचित वितरणले सुनिश्चित गर्छ। यसलाई न्यायोचित बनाउने कसरी भन्ने मूल प्रश्न हो। आजसम्म यसलाई सदस्यको निष्ठा, योगदान, क्षमता र संस्थाको आवश्यकताबमोजिम अवलम्बन गरिएन। लामो संघर्षबाट खारिएका निष्ठावान् र योग्य सदस्य चरम उपेक्षामा परे। जसले संकटको समयमा संस्थाको व्यक्तित्वलाई जोगाएर मलजल गरी ठूलो उद्देश्यका निम्ति तयार गरे, उसैले सहज परिस्थितिमा चरम विभेद र तिरस्कार भेल्नुपर्ने अवस्था आयो। सांगठनिक जीवनमा यसको बहुआयामिक दुष्प्रभाव पर्‍यो। यसले पार्टीको छवि धुमिल हुँदै गयो र जनमत खस्किँदै गयो। यसबारे पार्टीभित्र कहिल्यै बहस भएन। सिंगो संस्था तत्कालीन लाभमा केन्द्रित भयो। लाभको राजनीतिले पार्टी र लोकतन्त्रप्रति गहिरो निष्ठा नभएका मौकापरस्त व्यक्तिको हालिमुहाली सुरु भयो। अवसर छोप्न आएका व्यक्ति नै संस्थाको निर्णय प्रक्रियामा हाबी हुन थाले। यसबाट इमानदार सदस्य आहत हुनपुगे। विस्तारै पार्टीको जिम्मेवारी सम्हाल्ने इमानदार व्यक्तिको कमी हुनथाल्यो। भ्रातृ र शुभेच्छुक संस्थामा यही प्रवृत्ति स्थानान्तरण भयो। झन्डै चार दर्जनको संख्यामा रहेका भ्रातृ र शुभेच्छुक संस्था तदर्थवादमा चलाइयो। पार्टीको सांगठनिक शक्तिलाई अभिवृद्धि गराउने मेरुदण्डका रूपमा रहेका यी संस्थामा अवैधानिक तवरले सक्षम व्यक्तिको सट्टा आसेपासे व्यक्ति नियुक्त गर्न थालियो। यी संस्थाले आफ्नो सांगठनिक अवस्था सुदृढ बनाउने र महाधिवेशन गर्ने कार्यलाई प्राथमिकता नै दिएनन्। कतिपय भ्रातृ संगठन त संरचनागत रूपमै पूर्ण गरिएनन्। ०४६ यता अपवादबाहेक यही क्रम दोहोरियो। भ्रातृ संगठनहरू पार्टी र देशका लागि असल र सक्षम नेता पैदा गर्ने कारखानाभन्दा नेताका भजन-वन्दना समूहमा परिणत भए। देशमा हुने हरेक तहका निर्वाचनमा उम्मेदवार छान्ने प्रणाली परम्परागत र मनोगत देखियो। यसमा व्यक्तिको क्षमता, छवि, योगदान, लोकप्रियतालाई पटक्कै महत्त्व दिइएन। अवसरको स्वाभाविक र न्यायोचित वितरण भएन। हरेकपटक वन्दना समूहका सदस्य पुरस्कृत भए। तसर्थ, यसबाट पार्टीलाई मुक्त गर्नु आजको आवश्यकता हो। हरेकपटक कामलाई होइन, वन्दनालाई मूल्यांकनको आधार बनाइयो।

**को सुध्रिने, नेता कि कार्यकर्ता ? :** सुधारको चर्चा गर्दा प्रश्न उठ्छ, को सुध्रिने, नेता कि कार्यकर्ता ? एकमतले जवाफ आउँछ, नेता ! हामीलाई थाहा छ, संस्थालाई नेतृत्वको विवेक, क्षमता र तर्जुमा गरिएका नीतिले चलाउने र अघि बढाउने हो। नीति पनि नेताको सुझबुझले बनाउने हो, समयको आहट, पदचाप र राष्ट्रिय आवश्यकताका आधारमा तर्जुमा हुने हो। यसमा नेतृत्वको बुद्धिमत्ताले प्रमुख भूमिका खेल्छ। पार्टीमा नेताकै खटनपटन चल्छ, निर्णय प्रक्रियामा नेतृत्वकै प्रभाव रहन्छ, अवसरको वितरणमा नेताकै हात हुन्छ। चुनाव नेताकै विचार र व्यवहारबाट प्रभावित हुन्छ र नतिजा आउँछ। पार्टीप्रति नेताकै चालचलन, चरित्र र अभिव्यक्तिका आधारमा आस्था र अनास्था पैदा हुन्छ। पार्टीका कार्यक्रम नेताकै अभिरुचि र अग्रसरतामा तय गरिन्छन्। यी सबैमा पार्टी सदस्यको भूमिका गौण हुन्छ। अझ कांग्रेसमा त कतिपय सन्दर्भमा समकक्षी वा प्रतिस्पर्धी नेतासमेत रमिते वा साक्षी मात्र बन्ने अवस्था छ। यो अवस्था एउटा लोकतान्त्रिक पार्टीका लागि शोभनीय होइन। साँच्चै भन्ने हो भने कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा पूर्ण लोकतान्त्रिक अभ्यासको कमी छ। पार्टीका सबै तहको चुनाव र अभिव्यक्ति स्वतन्त्रता मात्र लोकतान्त्रिक चरित्रको मानक होइन। यो पार्टी सदस्यका कारण होइन, नेताकै कारणले हो।



> कांग्रेसमा देखिएका 'वन्दना समूह'हरू अनिवार्य रूपले विघटित वा खारेज हुनुपर्छ। खासगरी राजनीतिक नेतृत्व र दलहरूलाई वन्दना समूहले पथभ्रष्ट बनाएर आ-आफ्नो जिम्मेवारीबाट च्यूत तुल्याएको छ। कांग्रेस सुधारका निम्ति वन्दना समूहको खारेजी प्रमुख सर्त हो।

पार्टीका नेताहरू विधि पालनाका विषयमा उदासीन छन्। मुख्य नेता मात्र होइन, अर्को तहका नेता पनि पद्धतिको रक्षा र देशको उन्नतिमा भन्दा आफूले के पाउने भन्नेमा ज्यादा चिन्तित देखिन्छन्। यसले विधिविहीनतालाई प्रोत्साहित गरेको छ र पार्टीमा भद्रगोल बढेको छ। यसबाट के स्पष्ट हुन्छ भने पार्टीको मौजुदा स्थितिका लागि नेता जिम्मेवार छन्, कार्यकर्ता होइन। पार्टीभित्रको बेथिति र स्वेच्छाचारीबारे सशक्त आवाज नउठाउनु कार्यकर्ताको कमजोरी हो। उनीहरूमा राजनीतिक असुरक्षाको मनोवैज्ञानिक त्रासदी छ। पार्टीभित्र मनपरी बढेकोतर्फ कार्यकर्ताले मनन गर्न आवश्यक छ। र, देखेको र लागेको बोल्ने वेला आएको छ। गलतको विरोध र सहीलाई प्रोत्साहन गर्ने परिपाटी नबसेसम्म पार्टीमा सुधार हुँदैन। तसर्थ, कांग्रेसलाई साँच्चै सुधार्ने हो भने सर्वप्रथम नेता सुध्रिनुपर्छ। नेता सुध्रेपछि कार्यकर्तामा आफैँ सुधार आउँछ। सबै गतिविधि देखेर पनि चुपचाप बस्ने हो भने नेता बिग्रने कारण कार्यकर्ता नै हुन् भन्ने निष्कर्ष निकाल्नुपर्ने हुन्छ।

**कहाँ पुग्यो रूपान्तरण अभियान ? :** हिजोआज साथीहरू सोध्छन्- रूपान्तरण अभियान कहाँ पुग्यो ? आजकाल के हुँदै छ ? नयाँ कार्यक्रम के छ ? प्रश्न जायज र स्वाभाविक छ। १५ महिनाअघि पार्टीका जिम्मेवार तथा होनहार साथीहरूको अगुवाइमा रूपान्तरण अभियान सञ्चालन गरियो। यसले देशभित्र र बाहिर पनि ठूलै जागरण र हलचल पैदा भयो। देशभर र डायस्पोरासमेत गरेर कांग्रेसका झन्डै बीस हजार सदस्य यस अभियानमा सक्रिय सहभागी भए। पार्टीको तत्कालीन र वर्तमान अवस्थाबारे गम्भीर चासो राखे र आफ्ना बहुमूल्य सुझाव दिए। अभियानले गत चुनावपश्चात् पार्टी सदस्यमाझ फैलिएको घोर निराशा कम गर्दै थोरै भए पनि आशा जगायो र पार्टीको भविष्य सुरक्षित राख्न चाल्नुपर्ने कदमबारे पार्टीलाई महत्त्वपूर्ण सुझावसमेत दियो। त्यसले कांग्रेस र लोकतन्त्रको भविष्यबारे आमसदस्यमा भरोसा जगायो। तत्कालीन समयमा यो ठूलो राजनीतिक उपलब्धि थियो। त्यसले पार्टीप्रति वितृष्णा बढेर लाखापाखा लाग्न थालेका सदस्यलाई सान्त्वनासमेत प्रदान गर्‍यो। कांग्रेसबाट अब केही हुँदैन भनेर निच मारेर बसेका, पार्टी छाड्ने तरखरमा रहेका र कांग्रेससँग मुर्मुरिएका सदस्यलाई थोरै भरोसा दिने र सम्भावनाको क्षितिज देखाउने काम भयो। तर, यसलाई कांग्रेसको उच्च तहले कसरी बुझ्यो ? सबैलाई थाहा छ। इतिहासले यसको गम्भीर समीक्षा गर्नेछ।

पार्टीका जोकोही सदस्यले पनि संस्थाको हित सोचेर गरेको काम जायज हुन्छ। रूपान्तरण अभियान कुनै गुटगत अभियान थिएन। यसले नेताविशेषको वन्दना र अन्य नेताको भर्त्सना गरेको थिएन। पार्टीका मौजुदा काम कारबाहीमाथि प्रश्न उठाएको थियो, यसको जवाफ नेतृत्वसित माग्नु पूर्वाग्रह होइन। अभियानले विधिको रक्षा र विधान परिपालनाको वकालत गरेको थियो। रचनात्मक र पवित्र उद्देश्य बोकेको यस अभियानको मर्म कसैले बुझ्नै चाहेन। पार्टीका निष्ठावान् सदस्यको इमानदार सत्प्रयासलाई नेतृत्वले सराहना गर्नै चाहेन। यसलाई परम्परागत गुटबन्दीको चस्माले हेरियो, जसले संस्थालाई नै क्षति पुग्यो। कांग्रेसभित्र पूनर्जागरण र पुनर्निर्माणको युग सुरु हुनै सकेन। आजसम्म त्यसको कुनै लक्षण छैन।

**वन्दना समूहको खारेजी :** भक्ति परम्पराका अभिन्न अंग हुन्, पूजा, आराधना, वन्दना, उपासना र प्रार्थना। पूर्वीय संस्कृतिमा यसले गहिरो जरा गाडेको छ। सामान्यतया शक्तिको उपासना, ज्ञानको वन्दना, आदर्शको पूजा, प्रेमको आराधना र सुखको प्रार्थनालाई स्वाभाविक मानिन्छ। तर, हाम्रोजस्तो समाजले हरेक पक्षको मर्यादा, सीमा र बारबन्देजलाई तोडेर अस्वाभाविक रूपले वन्दना प्रवृत्ति हुर्काएको छ र निरन्तर मलजल गरिरहेको छ। यो एकप्रकारले संस्कृतिका नाममा अपसंस्कृति बन्दै गएको छ। यहाँ ज्ञानको वन्दना होइन, शक्तिको वन्दना चलिरहेको छ। शक्तिको उपासना संसारभर चल्छ, तर वन्दना चल्दैन। नेपाली समाजमा ज्ञानको सर्वोपरिता उपेक्षित छ र शक्ति सर्वोपरी भएको छ। यसले सबै तहको कार्यकारिणीमा अहंकार पैदा गराएको छ। अहंकाण संस्था र व्यक्ति विनाशको प्रमुख कारक हो। यसको कारण वन्दना प्रवृत्ति हो। यो संस्था र लोकतन्त्रको भविष्यका निम्ति खतरनाक रोग हो। यो बहुआयामिक हुन्छ र यसले द्रव्यको चाँजोपाँजो मिलाउने सामर्थ्यसमेत राख्छ। त्यसैले यहाँ देखिएका 'वन्दना समूह'हरू अनिवार्य रूपले विघटित वा खारेज हुनुपर्छ। खासगरी राजनीतिक नेतृत्व र दलहरूलाई वन्दना समूहले पथभ्रष्ट बनाएर आ-आफ्नो जिम्मेवारीबाट च्यूत तुल्याएको छ। कांग्रेस सुधारका निम्ति बन्दना समूहको खारेजी प्रमुख सर्त हो।

*(घिमिरे कांग्रेस युवा नेता हुन्)*

---

## ३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **सुरेन्द्रबहादुर शाहलाई**



**प्रहरीमा दैनिक औसत १६६ मुद्दा दर्ता हुनुले के संकेत गर्छ ?**

पछिल्लो तथ्यांकसँग अपडेट नभए पनि हामी कार्यरत रहँदा वर्षमा करिब २७ हजारजति मुद्दा दर्ता हुन्थे। अहिले पक्कै पनि त्यो संख्या बढेको होला। किनकि, पछिल्लो समयमा जनसंख्या पनि बढेको छ। लागु औषधसँग सम्बन्धित मुद्दा व्यापक बढेको छ। मदिरा सेवनले समुदायको सुरक्षामा चुनौती थपेको छ। आत्महत्याको तथ्यांक पनि चुनौतीपूर्ण बन्दै गएको छ। ठगीका घटना बढ्दै गएका छन्। साइबर अपराधको 'ग्राफ' बढेको छ। कसुरको परिभाषा पनि फराकिलो बनेको छ। नागरिक पनि सचेत भएका छन्। यसैको परिणामस्वरूप प्रहरीमा मुद्दा दर्ताको क्रम बढेको हुनुपर्छ।

**प्रहरीसँग उपलब्ध जनशक्ति र साधनस्रोतले मुद्दाको बढ्दो चाप धान्न सक्छ ?**

नेपाल प्रहरीमा निकै राम्रा अनुसन्धान अधिकृतहरू हुनुहुन्छ। उहाँहरूले निकै राम्रो काम गर्दै हुनुहुन्छ। तर, मुद्दाको चाप धान्न प्रहरीको फरेन्सिक ल्याबको स्तर र क्षमता बढाउनुपर्छ। प्रहरीलाई नयाँ नयाँ प्रविधि र वैज्ञानिक उपकरणको 'सपोर्ट' हुनुपर्छ। अपराध अनुसन्धानमा सेवा विशिष्टीकरण गरिनुपर्छ। अपराध अनुसन्धानमा खटिएको जनशक्तिले अलिक लामो समयसम्म काम गर्न पाउनुपर्छ। अपराधका प्रकृतिअनुसार जनशक्ति र तालिमको व्यवस्था हुनुपर्छ। सम्पूर्ण जनशक्तिको कम्तीमा २० प्रतिशतलाई अपराध अनुसन्धानमा खटाउनुपर्छ।

**अपराध नियन्त्रण गर्न सरकार र प्रहरी संगठनले के-कस्ता रणनीति अंगीकार गर्नुपर्ला ?**

सरकार र संगठनले मुद्दाको प्रकृति विश्लेषण गरी त्यसको रोकथामको रणनीति बनाउनुपर्छ। समस्याको जरैसम्म नपुगी अपराध न्यूनीकरण सम्भव छैन। अपराधको कारणमाथि नै 'हिट' गर्न सक्नुपर्छ। यसका लागि तीनै तहका सरकार र संगठनले मिलेर काम गर्नुपर्छ।

---

प्रेरक प्रसंग

## किसानको जवाफ

बाजिराव पेसवा मराठा सेनाका प्रधानसेनापति थिए। एकपटक कुनै युद्धमा विजयी भएर उनी आफ्नो सेनासहित राजधानी फर्किरहेका थिए। बाटामा उनको सेना थाकेर अघि बढ्नै नसक्ने अवस्थामा पुग्यो। उनीहरू एक स्थानमा रोकिए। उनीहरूसित खानेकुरा पर्याप्त थिएन। बाजिरावले आफ्नानिकट सहयोगी सैन्य अधिकारीलाई बोलाएर भने- तिमी केही सिपाही लिएर नजिकको कुनै खेतमा जाऊ र त्यहाँ खान मिल्ने जुन अन्न भेट्छौ, त्यो काटेर यहाँ ल्याऊ। बाजिरावका सहयोगी केही सैनिक साथमा लिएर नजिकैको गाउँमा पुगे। त्यहाँको खेतमा आलु खन्ने समय भएको थियो। उनी त्यही खेततिर अघि बढे। उनलाई देखेर खेती निरीक्षण गर्न आएका सरकारी अधिकारी सम्झेर एक किसान पनि खेतमा पुगे। उनी पुग्दानपुग्दै ती सैन्य अधिकारीले सिपाहीलाई आलु खनेर जम्मा पार्ने आदेश दिए। उनको आदेश सुन्नासाथ ती किसान बडो धर्मसंकटमा परे। किसानले हात जोडेर भने- हजुर, यो खेतको आलु नखन्नुहोस्। म तपाईंलाई अर्को खेत देखाउँछु, त्यहाँबाट जति मन लाग्छ, त्यति नै आलु लानुहोला। किसानको अनुरोध सुनेर ती सैनिक अधिकारी आफ्ना सिपाहीलाई लिएर उनको पछि लागे। केही पर पुगेपछि किसानले एउटा खेतको आलु देखाउँदै भने- सरकार, तपाईंलाई जति चाहिन्छ, त्यति यहाँबाट लान सक्नुहुन्छ। सैनिक अधिकारीले रिसाउँदै भने- यो खेत त निकै सानो छ। यति सानो खेतबाट कति आलु लानु ? त्यति ठूलो खेतको साटो यति सानो खेतमा किन ल्यायौ तिमीले ? किसानले नम्रतापूर्वक भने- हजुर, त्यो अरू नै कसैको खेत थियो। मेरै अगाडि अर्काको खेतको आलु खनेको कसरी हेर्न सक्थेँ म ? यो चाहिँ मेरो आफ्नै खेत हो, त्यसैले हजुरले यहाँबाट जति चाहिन्छ, त्यति आलु लान सक्नुहुन्छ।



किसानको महानता देखेर सैनिक अधिकारीको रिस शान्त भयो। उनले त्यहाँको आलु नखनी सीधै बाजिरावकहाँ पुगेर सबै कुरा बताए। त्यो सुनेर बाजिरावले आफ्नो गल्ती सुधार्दै किसानलाई पैसा तिरेर मात्र आलु खनेर ल्याए।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## मन्त्रालय फुटाउनचाहिँ पैसा छ ?

प्रधानमन्त्री केपी शर्मा ओलीले कर्मचारीको तलब २५ पैसा पनि बढाउन नसकिने बताएका रहेछन्। जब कर्मचारीको तलब २५ पैसा पनि बढाउन सकिन्न भने प्रदेशहरूमा मन्त्रालय फुटाएर राज्यकोषमा अर्बौंको व्ययभार थप्नचाहिँ सरकारसित कहाँको पैसा छ ? छैन भने उनीहरू किन धमाधम मन्त्रालय फुटाउँदै छन् ? के एउटा मन्त्रालय फुटाउँदा त्यसका कार्यालयदेखि कर्मचारीसम्मको सम्पूर्ण चालू खर्च बढ्छ, होइन र ? अनि, सरकारसित अनावश्यक रूपमा भागबन्डा मिलाउनकै लागि मात्र मन्त्रालय फुटाउनचाहिँ पैसा हुने, तर राष्ट्रसेवक कर्मचारीको तलब बढाउनचाहिँ पैसा नहुने भन्ने पनि हुन्छ र ?

● **सोमबहादुर तामाङ**, महाराजगन्ज, काठमाडौं

## के हेर्दै छन् त प्रधानमन्त्री ?

विगतमा राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभागजस्ता कार्यालयलाई प्रधानमन्त्री कार्यालयमातहत ल्याउने व्यक्ति केपी शर्मा ओली नै थिए। उनैले प्रभावकारी काम गराउने नाममा विभिन्न मन्त्रालयमातहत रहेका विभागलाई सीधै आफूमातहत ल्याएका थिए। अहिले तिनै विभाग निकम्मा साबित भएर काम गर्न छाडे भने यसको जिम्मेवारी प्रधानमन्त्री ओलीले नै लिनुपर्छ। किनकि, यी विभागलाई काम गर्न नदिने या नसक्ने गरी पंगु बनाएको प्रधानमन्त्री कार्यालयले नै हो।

● **सविना गहतराज**
सतुंगल, काठमाडौं

## विपत् कोषमा किन छैन रकम ?

विपत् कोषमा रकम छैन भन्दै रामेछापका पहिरोपीडितलाई संघ र प्रदेश सरकारले १५ दिनसम्म पनि कुनै राहत नदिएको समाचार पढियो। यो सरकारसित नेताहरूको विदेशमा उपचार गराउनुपर्‍यो भने जत्ति पनि रकम हुन्छ। नेताहरूका सुविधा बढाउनुपर्‍यो या चिल्ला गाडी किन्नुपर्‍यो भने पनि रकमको अभाव हुँदैन। भागबन्डा मिलाउन प्रदेशका मन्त्रालय फुटाउन पनि सरकारसित रकमको कमी छैन। तर, प्रकोपपीडित जनतालाई राहत दिन भने सरकारसित कत्ति पनि रकम हुँदैन, किन ?

● **शुक्र मगर**
सामाखुसी, काठमाडौं

## मर्यादाको ख्याल राखौं

प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो मर्यादा किन भुलेका होलान् ? लोकप्रिय नेताको छवि बनाउन सफल ओली किन एकाएक आफ्नो कद घटाउँदै छन् ? जनताले आस गरेका नेतामा पर्छन् उनी। उनी देश र जनताका प्रधानमन्त्री हुन्, एमाले अध्यक्ष मात्र होइनन्। उनले सोच्ने एमाले पार्टीका लागि मात्र होइन। पछिल्लो समय एमाले र माओवादी केन्द्रबिचको विवाद सदनदेखि सडकसम्मै चर्चामा छ। एकअर्काबीच आरोप-प्रत्यारोप चलिरहेको छ। हिजो त्यही माओवादीसँग सहकार्य गरेर सरकारको नेतृत्व गर्दा ओलीलाई माओवादी अध्यक्ष प्रचण्डजति क्रान्तिकारी, परिवर्तनकारी र राम्रा नेता कोही थिएनन् भने अहिले आएर तिनै प्रचण्डजति खराब उनका लागि अरू छैनन्जस्तो देखिँदै छ। एउटै व्यक्ति आफूसँग हुँदा ठिक आफूसँग नहुँदा बेठिक। यो कस्तो दोहोरो चरित्र होला ?

प्रधानमन्त्री ओली र काठमाडौंका मेयर बालेन्द्र साहबीचको विवाद उग्र रूपमा सतहमा देखिएको छ। अहिले सामाजिक सञ्जालमा प्रधानमन्त्री ओलीलाई 'अनफलो' गर्नेको संख्या ह्वात्तै बढेको छ। एकै दिनमा एक लाखसम्म अनफलो भएको भन्ने समाचार आएको छ। यसले पनि उनीसित जनता कति रुष्ट भएका छन् भन्ने देखाउँछ। हुन त उनलाई अनफलो बढ्दा वा घट्दा फरक नपर्ला। तैपनि लोकप्रिय नेता बन्नु र अलोकप्रिय बन्नु आफ्नै कर्मको फल हो। काठमाडौं बनाउँछु भनेर लागेका मेयरलाई किन अवरोध गर्दैं छन् प्रधानमन्त्री ओलीले ? आफूले गर्न नसकेको काम मेयरले गर्दा साथ दिनुपर्ने होइन र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौ
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# सन् २०२५ को अमेरिकी विदेश नीति

## अमेरिकी विदेश नीतिलाई चुनावको नतिजाले खासै प्रभाव पार्नेछैन, अर्थात् अहिलेको नीतिले निरन्तरता पाइरहनेछ



देश / विदेश

● जोसेफ एस नाई जुनियर

राष्ट्रपति निर्वाचन नजिकिँदै गर्दा अमेरिकी विदेश नीतिमा अनिश्चितता बढ्दै गएको छ। पहिलो, कसले जित्ला ? सुरुवाती सर्वेक्षणले डोनाल्ड ट्रम्पले राष्ट्रपति जो बाइडेनविरूद्ध जित्ने देखाएको थियो, तर अहिले डेमोक्र्याटिक पार्टीले कमला ह्यारिसलाई अघि सारेसँगै ह्यारिसको थोरै अग्रता देखिन्छ। मतदाताको भावनामा तीव्र परिवर्तन हुने भएकाले ५ नोभेम्बरमा हुने चुनावी नतिजाको भविष्यवाणी गर्न गाह्रो देखिन्छ।

दोस्रो, विदेशी नेताले अमेरिकी एजेन्डा र चुनावी नतिजामा पनि प्रभाव पार्न सक्छन्। जर्ज डब्लु बुसको सन् २००० को चुनावी अभियानको सामान्य विदेश नीति ११ सेप्टेम्बर २००१ को आतंककारी हमलापछि परिवर्तन भएको थियो। त्यसैगरी, भ्लादिमिर पुटिन वा सी जिनपिङजस्ता नेताको अप्रत्याशित कदमले पनि परिदृश्यलाई परिवर्तन गर्न सक्छ।

चुनावी अभियानका अभिव्यक्ति र भाष्यले नीति संकेत प्रदान गर्छ। यदि ह्यारिसले जितिन् भने उनले बाइडेनको नीतिलाई केही समायोजनसाथ जारी राख्नेछिन्। उनले प्यालेस्टिनी अधिकारमा थोरबहुत बढोत्तरी र लोकतन्त्रको प्रवर्द्धनमा कम जोड दिनेछिन्। अमेरिकी अन्तर्राष्ट्रिय गठबन्धनलाई सुदृढ पार्ने र बहुपक्षीयतालाई प्रोत्साहन गर्नमा ध्यान केन्द्रित गर्नेछिन्। ट्रम्प भने अत्यधिक अप्रत्याशित छन्। उनका अभिव्यक्तिमा असत्यता धेरै हुने गर्छ, तसर्थ कुन-कुन भाष्य नीति बन्न सक्छन् भनेर बुझ्न गाह्रो हुन्छ। एकपक्षीयता र अन्तर्राष्ट्रिय गठबन्धनमा कटौती गर्ने बयानले उनको दृष्टिकोणको संकेत गर्छ, तर यिनमा विशिष्टताको कमी देखिन्छ। प्रायः पर्यवेक्षकले अन्तरदृष्टिका लागि सल्लाहकारलाई हेर्छन्, तसर्थ ह्यारिसका शीर्ष विदेश नीति सल्लाहकार फिलिप गोर्डन पूर्वडेमोक्र्याटिक सरकारबाट युरोपेली र मध्यपूर्वी मामिलामा अनुभव भएका एक व्यावहारिक मध्यपन्थी व्यक्तित्व हुन्।

यसविपरीत ट्रम्पसँग ह्यारिसका सल्लाहकारको स्पष्ट समकक्षको अभाव छ। उसो त उनका यसअघिका राष्ट्रिय सुरक्षा सल्लाहकार रोबर्ट ओब्रायनलाई कहिलेकाहीँ उल्लेख गरिन्छ। तर, ट्रम्पले आफ्नो अघिल्लो कार्यकालमा परम्परागत रिपब्लिकनलाई नियुक्त गरेकामा खेद व्यक्त गरेका थिए, किनभने तिनले उनका नीतिलाई मत्थर बनाएका थिए र कार्य स्वतन्त्रतालाई सीमित गरेका थिए।

विविध भिन्नताका बाबजुद यी दुई उम्मेदवारले केही समान नीति साझा गर्छन्, विशेषतः चीनका मामिलामा। चीनले व्यापार र बौद्धिक सम्पदामा अन्याय गरेको र जापान एवं फिलिपिन्सजस्ता सहयोगीलाई खतरामा पार्दै पूर्वी र दक्षिण चीन सागरमा खतरा उत्पन्न गरेकामा दुवै सहमत छन्। ताइवानमा चीनको अडान आक्रामक रहँदा ह्यारिसले ट्रम्पको जस्तै केही समायोजनसाथ चीनमा बाइडेनको नीतिलाई जारी राख्ने सम्भावना छ।

अर्को समानता भनेको यी उम्मेदवारले नवउदारवादी आर्थिक नीतिलाई अस्वीकार गर्नु पनि हो। ट्रम्पको नेतृत्वमा अमेरिका व्यापारमा परम्परागत रेगनकालको रिपब्लिकन नीतिबाट टाढिएको छ, कर बढाएको छ र ट्रम्पको वृत्तमा प्रभावशाली रहने अमेरिकी व्यापार प्रतिनिधि रोबोट लाइटहाइजरद्वारा निर्देशित विश्व-व्यापार संगठनमा आफ्नो भूमिका घटाएको छ। ट्रम्पले ओबामाले सम्झौता गरेको ट्रान्स-प्यासिफिक साझेदारीलाई अस्वीकार गरेका थिए र बाइडेनले यो समझदारीलाई ब्युँताएका थिएनन् र चिनियाँ आयातमा ट्रम्पले लगाएको कर हटाएनन्। बाइडेनले चीनविरूद्ध नयाँ प्रविधिकेन्द्रित निर्यात नियन्त्रण गरे, जसलाई




तस्बिर : केभिन डिइस/गेटी इमेजेस

'सानो बगैंचाका लागि उच्च पर्खाल' भनियो। ह्यारिसको क्यालिफोर्नियाका प्रविधि उद्योगसँग नजिकको सम्बन्ध छ। उनले पनि आयातको पर्खालको उचाइ घटाउने सम्भावना छैन। ट्रम्प एक कदम अघि सरेर बगैंचा नै विस्तार गर्ने ध्याउन्नमा छन्। ट्रम्प र ह्यारिस दुवैले रक्षा खर्च र रक्षा औद्योगिक आधारमा लगानी बढाएर अमेरिकी सैन्य र आर्थिक शक्ति बढाउने वाचा गरेका छन्।

यी उम्मेदवारबिचको मुख्य भिन्नता युरोपबारे यिनको अडान हो। ट्रम्प र उनीसँग उपराष्ट्रपति पदका लागि प्रतिस्पर्धा गरिरहेका सहकर्मी जेडी भान्सले युक्रेन र नाटोलाई समर्थन गर्ने मामिलामा थोरै चासो देखाएका छन्। ट्रम्पले वार्तामार्फत युक्रेन युद्धको छिट्टै अन्त्य गर्ने दाबी गरेका छन्, तर यसो गर्दा युक्रेन कमजोर हुने या नहुने अनिश्चित छ।

मध्यपूर्व मामिलामा दुवै उम्मेदवार इजरायलको सुरक्षा र आत्मरक्षाको अधिकारलाई समर्थन गर्छन्। तथापि, ह्यारिस प्यालेस्टिनी आत्मनिर्णयको वकालत पनि गर्छिन्। दुवैले साउदी अरेबियालाई इजरायलसँगको सम्बन्धलाई सामान्य बनाउन र इरानमाथि कडा अडान लिन प्रोत्साहित गर्नेछन्।

सबैभन्दा उल्लेखनीय भिन्नता अमेरिकी सौम्य शक्तिमा छ। जबर्जस्ती वा आर्थिक प्रोत्साहनको सट्टा विश्वासमार्फत लक्ष्य प्राप्त गर्ने क्षमतामा भिन्नता छन्। ट्रम्पको 'अमेरिका फर्स्ट' दृष्टिकोणले अन्य देशलाई उनीहरूको चासो बेवास्ता गरिएको महसुस गर्न प्रेरित गर्‍यो र बहुपक्षीयतालाई अस्वीकार गर्‍यो विशेषतः पेरिस जलवायु सम्झौता र विश्व स्वास्थ्य संगठनबाट फिर्ता हुनुलाई उदाहरणका रूपमा लिन सकिन्छ। बाइडेनले ट्रम्पका यी कदमलाई उल्टाएका थिए, तर ट्रम्पले सम्भवतः यी कदमलाई पुनः ब्युँताउनेछन् जब कि ह्यारिसले सम्भवतः अमेरिकी सहभागिता जारी राख्नेछिन्। ह्यारिसले पनि ट्रम्पको तुलनामा मानव अधिकार र लोकतन्त्रलाई बढी सक्रिय रूपमा प्रवर्द्धन गर्ने अपेक्षा छ। अमेरिकी विदेशनीतिलाई चुनावी नतिजाले खासै प्रभाव पार्नेछैन। नीतिमा महत्त्वपूर्ण निरन्तरता रहनेछ। तर, अन्तर्राष्ट्रिय गठबन्धन र बहुपक्षीयतामा उम्मेदवारको फरक दृष्टिकोणले भिन्नता भने ल्याउन सक्छ।

*(अमेरिकाका पूर्वसहायक विदेशमन्त्री नाई जुनियर हार्भर्ड केनेडी स्कुलका पूर्वडिन हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

# एमालेसँग तत्काल एकीकरणको सम्भावना छैन

## नाम र सिद्धान्त नफेरेसम्म माओवादीसँग पनि एकता हुँदैन

तीन वर्षअघि एमालेबाट विभाजित भएर बनेको एकीकृत समाजवादीले हालै महाधिवेशन सम्पन्न गरेको छ । तर, पार्टीभित्र असन्तुष्टि र निराशा झन् बढेको छ । नेतृत्व पार्टीलाई एक्लै अघि बढाउने कि अन्य कम्युनिस्ट पार्टीसँग एकता गर्ने दोसाँधमा छ । केही नेताहरू त एमाले र माओवादीसँग अनौपचारिक छलफलमा पनि छन् । एकीकृत समाजवादीको भविष्य, पार्टीभित्रको विवाद, वामपन्थी एकता, सरकारको प्रारम्भिक समीक्षालगायतका विषयमा पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग **खगेन्द्र पन्त** र **प्रेम गौतम**ले गरेको कुराकानी :



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

> हामी कुनै पनि कम्युनिस्ट पार्टीसँग मिचार मिल्यो भने, मन मिल्यो भने एकताबद्ध भएर जान्छौँ । एमालेसँग जाँदैनौँ भनेर हामीले कसम खाएका छौँ र ? तर, अहिलेकै अवस्था हुँदासम्म सम्भव छैन । माओवादीले पनि पार्टीको नाम र मार्गदर्शक सिद्धान्त नहटाएसम्म एकता सम्भवै छैन । कल्पनै नगरे हुन्छ ।

**अन्तर्वार्ता**

**माधव नेपाल**, पूर्वप्रधानमन्त्री तथा अध्यक्ष, नेकपा (एकीकृत समाजवादी)

**सामान्यतया, महाधिवेशनले पार्टीको नीति र नेतृत्वको टुंगो लगाउँदै तत्कालका आन्तरिक किचलो पनि व्यवस्थापन गर्छ । तर, एकीकृत समाजवादीमा भने झन् भद्रगोल देखियो । कार्यकर्ता तहमा रहेको निराशा र असन्तुष्टि नेताहरूमै प्रकट भयो ?**

अहिलेसम्म ज-जसका जतिवटा महाधिवेशन भएका छन्, ती जुनसकै कम्युनिस्ट पार्टी हुन् वा कांग्रेस भन्नुस्, तिनीहरूले वैधानिक रूपमा विवाद समाधान गरेको पाइन्छ । तर, व्यावहारिक रूपमा समाधान गर्न जहाँ पनि गाह्रो हुने गरेको छ । निर्वाचन गर्नुस्, कोही जित्छन्, कोही हार्छन् । सहमतिबाट गर्नुस्, कसैको चित्त बुझ्छ, कसैको चित्त बुझ्दैन । व्यक्तिको मूल्यांकन कसरी गर्ने भन्नेमा हाम्रो अझै पनि तरिका मिलिरहेको छैन । मूल्यांकनका आधार के हुन् ? मैले धेरै वर्षदेखि एमालेमा त्यसलाई प्रयोग गर्न खोजेँ । संगठन विभागलाई त्यो काममा लगाएँ पनि । फाराम धेरै तयार पनि पारिए । त्यसपछि तथ्यांकका आधारमा कामको मूल्यांकनको पद्धति बसाल्न थालियो । तर, रेकर्ड लिनै गाह्रो । त्यसपछि बसेर छलफल गर्न झन् गाह्रो । एउटाको कुरा अर्कोले सुन्नेबित्तिकै 'लिक' होला भन्ने अर्को डर । कोही कसैको बारेमा भन्न नसकिने स्थिति बन्दोरहेछ । तर, हामीले समाजवादीमा जे गर्‍यौँ सहमतिमा गर्‍यौँ । महाधिवेशन हलले जे भन्यो, त्यही गर्‍यौँ । त्यहाँ अल्पमत, बहुमत भएन । अल्पमत, बहुमतको विषय पनि लोकतान्त्रिक नै हो । महाधिवेशन हलले 'निर्वाचनमा नजाऔँ, ९३ सदस्यीय कमिटीलाई जिम्मा दिऔँ । त्यसले नै बाँकी केन्द्रीय कमिटी चयन गरोस्' भन्ने म्यान्डेट दिएको हो । सबै प्रदेशका अगुवा, प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय कमिटीका सदस्यहरूसँग परामर्शसमेत गरेर केन्द्रीय कमिटीलाई पूर्णता दिइएको हो ।

**महाधिवेशनदेखिको नेतृत्व छनोट प्रक्रिया पनि अनौठो देखियो । तपाईं, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालसहित ९३ सदस्य हलबाटै सर्वसम्मत हुनुभयो । बाँकी २५१ जनालाई केन्द्रीय सदस्यका रूपमा टीका लगाउनुभयो । अनि, ती टीका लगाएकाहरूले मतदानबाट पदाधिकारी छान्ने अनौठो अभ्यास गर्नुभयो । र, त्यही पनि पारदर्शी र आचारसंहिताअनुसार नभएको भन्दै छानबिन गर्ने निर्णय पहिलो बैठकबाटै गर्नुभयो ?**

टीका लगाएर कोही पनि भएका छैनन् । महाधिवेशन हलले 'केन्द्रीय कमिटीले निर्णय गरोस्' भनियो, केन्द्रीय कमिटीले निर्णय गर्‍यो । पोलिटब्युरो, स्थायी समिति वा सचिवालयले गरोस् भनेर जिम्मा दिइयो भने सम्बन्धित कमिटीले नै गर्छन् । संस्थागत तरिका भनेकै यही हो । हिजो पोलिटब्युरोको सदस्य भइसकेका व्यक्तिहरूमध्ये जुनजुन व्यक्ति सक्रिय हुनुहुन्न र बस्न चाहनुहुन्न त्यसबाहेकका सबैलाई ल्याऊँ भनेपछि पहिलो चरणमा केन्द्रीय सदस्य चयन गरिएको हो । महाधिवेशन हलमा सबैले ताली बजाएर स्वागत गरेको हो कि होइन ? बाँकी सबै काम पनि त्यही कमिटीले गरोस् भनेर जिम्मा दिइयो । हलको म्यान्डेटअनुसार केन्द्रीय कमिटीलाई पूर्णता दिएको हुनाले टीका लगाएर भन्न मिल्दैन । टीका त महाधिवेशनले लगाइदियो ।

पदाधिकारी पनि सहमतिबाट गर्ने जब हामीले नाम तय गर्‍यौँ । कतिपयको चित्त बुझेन । त्यो दोष जति सबै नेताहरूलाई आउने भयो । त्यो देखेपछि मलाई पनि वाक्क लाग्यो । त्यही पनि सहमतिका लागि धेरै छलफल गर्‍यौँ । एउटै पदमा दुईजना आकांक्षी भइसकेपछि मनाउन खोज्दा कोही मान्दैनन् । अनि लोकतान्त्रिक प्रक्रिया के हो ? एउटाले आदेश दिने, अर्कोले पालना गर्ने हुन्छ ? त्यो हुँदैन । त्यसकारण, मैले दुईटा विकल्प राखेँ । पदाधिकारीहरू नै हटाइदिऊँ न त । न रहे बाँस, न बजे बाँसुरी । पद राख्नुपर्छ भन्ने माग आयो । र, त्यो पनि चुनावबाटै हुनुपर्छ भन्ने माग आयो । केन्द्रीय कमिटीले पदाधिकारी चयन गर्ने कुरा संसारभरको नियम हो ।

**तर, अध्यक्ष र महासचिवकै सचिवालयबाट 'चिट' बाँडेर निर्वाचनलाई आचारसंहिताविपरीत अस्वस्थ बनाउने काम भयो भनेर नेताहरूले सार्वजनिक रूपमै आपत्ति जनाए नि ।**

मेरो सचिवालयबाट भएको छैन । मैले त्यस्ता १५ वटा चिट पाएको छु । ककसलाई के मन लागेको छ, त्यो सबै गरेका छन् । निर्वाचन आयोगले 'टाइट' पनि गरेको थियो । फेला परेका सबै चिट खोसिदियो । फेरि त्यो हेरेर साध्य पनि हुँदैन । १०५ जनाको चुनाव गर्नु छ पोलिटब्युरोमा, त्यति धेरै नाम कहाँबाट हेर्नु ? चिटमा आएको नामले मात्रै जितेको भए, चिटअनुसार जितेछन् भन्ने हुन्थ्यो । चिटमा नामै नभएकोले पनि जितेको छ, नाम भएकाले पनि हारेको छ । केन्द्रीय कमिटीका सदस्यहरूले पनि सोचेरै त भोट दिए होलान् । १० जना नेता एउटै पदमा उठिसकेपछि सबैले त जित्दैनन् नि । मैले आफैँ सहमतिमा जोड गरेको थिएँ । तर, पाँच दिनसम्म कोसिस गर्दा पनि पार लागेन । सबैभन्दा राम्रो सहमति, सहमति नभए निर्वाचन नै सबैभन्दा लोकतान्त्रिक प्रक्रिया हो ।

**महाधिवेशनमै निर्वाचन गराएको भए बरु यति धेरै विवाद आउँदैनथ्यो कि ?**

जित्नेजति सबै खुसी हुन्छन्, हार्नेजतिले 'मलाई हराइदियो' भन्दिए भइहाल्यो । आफ्नो कमजोरी मान्छेले हेर्दैन । मैले भोट माग्न सकिनँ, मैले अझै धेरै मिहिनेत गर्नुपर्नेरहेछ भन्ने बुझ्दैन । म त भोट हाल्ने वेलामा मात्रै गएँ । किनभने, म गएपछि 'मेरोबारेमा भनिदिनुस्' भन्न थाल्छन् । मैले कसैलाई पनि 'फलानालाई भोट दिनुस्' भनिनँ । कसैले 'उठौँ' भनेर सोध्दा 'जित्नुहुन्छ भने उठ्नुस्' भनेँ । फेरि, नउठ्नुस् भन्यो भने पनि रिसाउँछ । उठ्नुस् भन्यो भने पनि 'मलाई त उहाँले प्रेरित गरेको' भनिदिन्छ । पाँचवटा सिट छ, ६ जना उठे भने कसको पक्ष लिने ? कुनै एउटा आउट हुन्छ, मैले कसलाई आउट गरिदिने । सबै मेरा नेता-कार्यकर्ता हुन् ।

कि त वैज्ञानिक अर्को तरिका व्यक्तिको मूल्यांकन हो । सिनियर, सक्रियता, खुबी र क्षमता, पार्टी विस्तारमा खेलेको भूमिका, कमिटीको परिचालन, आन्दोलनको अगुवाइ गर्ने भूमिकाका आधारमा मूल्यांकन गर्न सकिन्छ । ५ नम्बर दिने कि १० नम्बर दिने भन्ने विधि बसाल्नैपर्छ ।

**एउटै दलमा भए पनि तपाईं र सम्मानित नेता झलनाथ खनाल नदीका दुई किनारजस्तै हुनुहुन्थ्यो । महाधिवेशनअगाडिका तीन वर्षमा तपाईंहरूबिच पार्टीका गम्भीर मुद्दामा छलफल-संवाद भएको विरलै सुनियो । तर, महाधिवेशन चुनाव नजिक पुग्नै लाग्दा अध्यक्षका तीन दाबेदारमध्येका तपाईं दुईबिच एकाएक मिलन भयो । खासमा तपाईंहरूलाई जोड्ने तन्तुको उद्देश्य के थियो, भर्खरै बनेको पार्टीमा गुटबन्दी बढ्ने चिन्ता कि नेतृत्व पुस्तान्तरण भएर युवामा जाने डर ?**

कमरेड झलनाथ खनालले धेरै समस्याका बारेमा जानकारी पाउनुभयो । हाम्रो पार्टीविरुद्ध र मेरा विरुद्धका षड्यन्त्रहरूको कुरा पनि थाहा पाउनुभयो । त्यसपछि उहाँले सतर्क हुनुपर्ने आवश्यकता महसुस गर्नुभयो । त्यसकारण, म उहाँलाई विशेष धन्यवाद दिन चाहन्छु । हाम्रा केही विरोधीहरूले यो पार्टीलाई समाप्त पारेर छोड्ने षड्यन्त्र गरिरहेका थिए । तर, कम्युनिस्ट आन्दोलनको हित, आन्दोलनलाई क्षयीकरणबाट जोगाउने, भुत्ते हुनबाट रोक्ने, गतिहीन हुन नदिने तथा कम्युनिस्ट आन्दोलनलाई समाप्त हुनबाट रोक्ने हित र स्वार्थले हामीलाई एक ठाउँमा उभ्यायो ।

जाल, झेल, षड्यन्त्रजस्ता कुराको म घोर विरोधी मान्छे हुँ । कहिलेकाहीँ कुरा नमिल्न सक्छ, विचार नमिल्न सक्छ । कुन ठुलो कुरो हो र ? हिजो पनि त नमिलेकै हो नि । नमिले पनि सँगसँगै अगाडि बढेकै त हो । त्यसकारण, विचारमा छलफल, बहसबाट एउटा टुंगोमा पुगिन्छ । यसलाई भन्छन्- वादेवादे जायते तत्त्वबोध ।

**झन्डै डेढ महिना लगाएर महाधिवेशन सम्पन्न गर्नुभयो । तर, महाधिवेशनपछि पार्टीमा असन्तुष्टि झन् चुलिएको छ । यस्तो अवस्थामा एकीकृत समाजवादी अब कसरी अगाडि बढ्छ ?**

असन्तुष्ट भएका साथीहरूलाई बोलाएर कुरा गर्दै छौँ । चिट भन्ने कुरा जुन आएको छ, त्यो ठिक होइन । सबै मेरा कार्यकर्ता हुन् भने 'क' र 'ख' जसले पनि जित्न सक्छ । मेरो आफ्नो मूल्यांकन होला, तर निर्वाचनमा केन्द्रीय कमिटीका सदस्यहरूले मूल्यांकन गर्ने सवालमा हामीले हस्तक्षेप गर्न मिल्दैन । हामीले हस्तक्षेप गरेका पनि छैनौँ । तर, व्यक्तिको आफ्नो स्वार्थ मिलेको छ भने खुसी हुँदोरहेछ । उसको चाहना पूरा गर्नुभएन भने असन्तुष्ट भइदिन्छ । तपाईं आफ्नो दाजुभाइलाई त कन्भिन्स गर्न सक्नुहुन्न । श्रीमान्-श्रीमती त मिल्दैनन् । यो संसार त मैले पनि बुझेको छु नि । जटिलता पनि हुन्छन् । जटिलता देखेर दिक्क मान्नु पनि पर्दैन । वाक्क मान्नु पनि पर्दैन ।

विरोधीलाई हाँस्ने, खिल्ली उठाउने मौका दिनुहुँदैन । त्यो भावनाले ओतप्रोत भएका नेताहरू त्याग गर्न तयार हुन्छन् । उ दुखेसो पोख्दै १० ठाउँमा हिँडदैन । मिडियामा असन्तुष्टि लिएर जाँदैन, खुला रूपमा लेखेर हिँड्दैन । जिम्मेवार हुन्छ, यही नै जिन्दगीको अन्त्य होइन भन्ने ठान्छ । त्यही भावनालाई म प्रमोट गर्न चाहन्छु । हामीले संसारलाई बुझेर, सामना गर्दै अगाडि बढ्नुपर्छ ।

**महाधिवेशनअघि सम्मानित नेता खनालले वामपन्थी एकताको कुरा पनि अघि सार्नुभएको थियो । त्यो अहिले कति सम्भव छ ? खास गरेर एमालेसँग पुनः एकीकरण सम्भव छ कि छैन ?**

एमालेका मुख्य-मुख्य नेताहरूले हाम्रो मुख पनि हेर्न चाहँदैनन् । एमालेका धेरै कार्यकर्ताले हामीलाई मन पराउँछन् । कहाँ आएर फसियो पनि भन्छन् । एमालेमा छटपटाइरहेका छन् भन्ने पनि थाहा छ । आइदिनुभयो भने शक्ति बढ्ने थियो पनि भन्छन् । मैले त्यहाँ सबै बुझिसकेको छु । यस्ता अनेक पापड बेलेर हिँडेको मान्छे हुँ म । त्यसकारण, त्यहाँको मूल नेताको दिमागमा जबसम्म परिवर्तन हुँदैन, स्वभावमा परिवर्तन हुँदैन । तबसम्म केही हुनेवाला छैन । मूल मान्छेको मूल भूमिका हुन्छ । त्यो मूल मान्छेमा जब एकाधिकारवादी प्रवृत्ति हुन्छ, एकलौटीपन हावी रहन्छ । त्यहाँ भएका अरू सबै निरीह हुन्छन् ।

त्यस्तो अवस्थामा तीनवटा विकल्प हुन्छन् । पहिलो विकल्प निराश भएर राजनीति छाडेर भाग्ने, होइन भने जंगलमा जाने र ध्यान गरेर बस्ने । अर्को विकल्प दास बनिदिने, जेजे भन्छन्- हजुर, प्रभु भनेर बस्ने । तेस्रो हुन्छ विद्रोह । दास भएर बस्ने मेरो नेचर छैन । राजनीति छाडेर सन्न्यास लिएर बस्ने पनि मेरो प्रवृत्ति छैन । त्यसैले श्वास र चाहना भएसम्म म लडेरै बस्छु । एमालेको तर्फबाट अहिले एकताको त्यस्तो कुनै सम्भावना मैले पाएको छैन । पानी पर्ने, घाम लाग्ने, आँधीहुरी आउने पनि संकेत हुन्छ नि । अहिलेसम्म कुनै संकेत छैन ।


> एमालेका मुख्य-मुख्य नेताहरू हाम्रो मुख पनि हेर्न चाहँदैनन् । एमालेका धेरै कार्यकर्ता हामीलाई मन पराउँछन् । एमालेमा छटपटाइरहेका छन् भन्ने पनि थाहा छ । आइदिनुभयो भने शक्ति बढ्ने थियो पनि भन्छन् । तर, मूल नेताको दिमागमा जबसम्म परिवर्तन हुँदैन, स्वभावमा परिवर्तन हुँदैन । तबसम्म केही हुनेवाला छैन ।

> पदाधिकारीमा सहमतिका लागि धेरै कोसिस गरेँ । मनाउन खोज्दा कोही मान्दैनन् । त्यसपछि मैले पदाधिकारीहरू नै हटाइदिऊँ न त भनेँ । न रहे बाँस, न बजे बाँसुरी । तर, पद त राख्नुपर्छ, त्यो पनि चुनावबाटै छान्नुपर्छ भन्ने माग आयो । अनि के गर्ने ?

**तर, पार्टी नेता-कार्यकर्ताको एउटा त पंक्ति एमालेमा फर्किन खुट्टा उचालेर ठिक्क परेको देखिन्छ नि ?**

यो विरोधीहरूले हल्ला गरेका हुन् । त्यस्तो छैन । जाने मात्रै होइन, आउने पनि छन् । त्यहाँबाट वाक्क भएकाहरू आउँछन् । हामीसँग बस्न नसक्ने कोही हुनुहुन्छ, कसैको चित्त दुखेको छ भने हामी चित्त सम्हाल्ने कोसिस गर्छौँ । सम्झाउने कोसिस गरौँला । गइजाओस् भन्नुभएन । काममा लगाउने कोसिस गर्नुपर्छ । किनभने, विनम्रता नै मूल कुरा हो ।

कुनै मान्छे पार्टीप्रति निष्ठावान् नै छैन । यो पार्टीप्रति उसको विश्वास र आस्था नै छैन भने त्यो काम लाग्दैन । पद पाएको भए त्यो पदसहित जाने थियो । मैले सुनेको छु, केही व्यक्ति पद पाउनका लागि यहाँ आएका हुन् । पद लिएर बार्गेनिङ गर्ने कुरा पनि सुनेको छु । यस्ता मान्छेलाई लिएर तपाईं लामो यात्रामा हिँड्नुहुन्छ ? पछाडि पिठ्युँमा छुरा बोक्ने मान्छे काम लाग्दैनन् । कसैको पछि होइन, विचारको पछि, आफ्नो मान्यताको पछि लाग्ने हो । विचार र मान्यता मिल्नेहरू हात मिलाउँदै अगाडि बढ्छन् । त्यसकारण यस्ता कुरामा सजग हुनुपर्छ । केन्द्रीय कमिटीमा आएका र भोलिपल्ट भागेको पनि हामीले देखेकै हौँ । के दिनुपर्थ्यो उनीहरूलाई ? पार्टीको सम्पत्ति भएकोभए त्यो पनि लिएर जान्थे होलान् । अब पार्टीमा मूल्यांकनको विधि बसाल्छौँ । जिम्मेवारी पाएपछि काम पूरा गर्नुपर्छ । नभए पद किन लिने ? अब त्यसरी चल्दैन ।



**माओवादीसँग पार्टी एकताको तयारी भइरहेको विषय तपाईंकै पार्टीभित्र भुसको आगोझैँ छ । कहिले गर्नुहुन्छ एकता ?**

अर्को यो हल्ला पनि चलाइरहेका छन् । हामी कुनै पनि कम्युनिस्ट पार्टीसँग मिचार मिल्यो भने, मन मिल्यो भने एकताबद्ध भएर जान्छौँ । एमालेसँग जाँदैनौँ भनेर हामीले कसम खाएका छौँ र ? एमाले र हामी नमिल्ने भन्ने कुरा हुन सक्छ त ? तर, अहिलेकै अवस्था हुँदासम्म सम्भव छैन । माओवादीले पनि पार्टीको नाम र मार्गदर्शक सिद्धान्त नहटाएसम्म एकता सम्भवै छैन । कल्पनै नगरे हुन्छ । त्यो हटाउन तयार भइसकेपछि बसेर छलफल गर्नुपर्‍यो । तल्लो तहमा वातावरण के छ, मनस्थिति कस्तो छ भन्ने सोधीखोजी गर्नुपर्‍यो । असन्तुष्टि छ भने त्यसलाई सम्बोधन गर्नुपर्‍यो । दुईटैलाई सहकार्य गर्दै मिलाउँदै ल्याउनुपर्‍यो । निकटता बढाउँदै जानुपर्‍यो । निकटताले नै एकता हुन्छ । त्यसकारण हामी कसैसँग पनि एकता गर्दैनौँ र भन्दैनौँ । तर, एकता भन्ने कुरा हाम्रो चाहनाले मात्रै हुँदैन । परिस्थिति परिपक्व हुनुपर्छ ।

हामी सिंगो कम्युनिस्ट पार्टीलाई नै मिलाएर अगाडि बढ्न चाहन्छौँ । समाजवादी मोर्चा भएर हामी अगाडि बढिरहेका छौँ । पहिला एकताभन्दा पनि सहकार्य हुनुपर्छ । सहकार्य गर्दै जाँदा छलफल हुँदै जान्छ, निकटता बढ्दै जान्छ । त्यसपछि मिलेर पनि जान सकिन्छ ।

**व्यक्तिगत स्वभाव र सहकार्यका हिसाबले मिल्न सजिलो केपी ओलीसँग छ कि प्रचण्डसँग ?**

व्यक्तिको हिसाबले प्रचण्डसँग सजिलो छ । उहाँका पार्टीभित्रका विभिन्न साथीहरूका बारेमा बुझ्नुपर्ने बाँकी छ । सबैलाई म नजिकबाट बुझ्दिनँ । एमालेका नेताहरू सबैजसोका बारेमा म भन्न सकौँला । तर, एमालेका मूल नेता नै नकारात्मक भएपछि, हाम्रो सासै गनाइसकेपछि, अनुहार नै हेर्न मन नलागेपछि के लाग्छ र ? कि सास फेर्न बन्द गरिदिनुपर्‍यो (हाँस्दै) । कि सधैँभरि मनपर्ने सेन्ट छरिदिनुपर्‍यो । त्यो मन पर्ने कुन सेन्ट हो भन्ने मैले कसरी थाहा पाउने ? तर, म कसैको पनि चाकडी गर्ने पक्षमा छैन । म कम्युनिस्ट पार्टी अनुशासित हुनुपर्छ, नियम-कानुन, विधिको आधारमा चल्नुपर्छ भन्ने पक्षमा छु । यसका निम्ति सामूहिकताको कमिटी प्रणालीलाई पालना गरेर जाऔँ भन्छु ।

> नेपाली इतिहासमा मै मात्र त्यो व्यक्ति हुनुपर्छ, जसले पार्टीको महासचिव पद स्वेच्छाले छाड्यो । प्रधानमन्त्री पनि स्वेच्छाले छाडेको हुँ । टाँसिने प्रवृत्ति भइदिएको भए दुवैपटक चुनौती दिन्थेँ । अहिले पार्टीको अध्यक्ष पनि रहरले होइन, कार्यकर्ताको चाहनाले बनेको हुँ । कार्यकर्ताको बिजोग म देख्न सक्दिनँ ।

> यो सरकार स्थिरताका लागि बनेकै होइन । राम्रो भावनाले भएको भए मध्यरातमा सहमति गर्नुपर्छ ? यदि, संविधान संशोधन गर्ने चाहनाले भएको हो भने मध्यरातमा लुकाएर गर्नुपर्ने थिएन । यसभित्रको नियत ठिक छैन ।

**पुराना दल र नेताहरूप्रति नागरिकमा, खास गरेर युवा पुस्तामा एकखालको अविश्वास र आक्रोश देखिन्छ । एकीकृत समाजवादी भर्खरै गठन भए पनि तपाईं र झलनाथ खनाललाई हेरेर पुरानै दलको रूपमा चिन्छन् । नयाँपन दिन किन सक्नुभएन ?**

हामीले नयाँपन दिनकै लागि समाजवादी क्रान्तिको कार्यक्रम ल्याउने काम गरेका छौँ । नेपालको कम्युनिस्ट आन्दोलनमा कुनै पनि पार्टीले अहिलेसम्म समाजवादी क्रान्तिको कार्यक्रम अगाडि सारेको छैन । हामीले नेपाली विशेषताको समाजवादसम्बन्धी अवधारणा, कार्यक्रम अघि सारेका छौँ । यसमा हामीले समानताका बारेमा, न्यायका बारेमा, विकासका बारेमा, देशको आर्थिक विकासको सोचका बारेमा, लोकतान्त्रीकरणका बारेमा, सुशासनका बारेमा र जनताको समृद्धिका बारेमा हाम्रा मान्यतालाई प्रस्ट रूपमा अघि सारेका छौँ ।

दोस्रो, जनतामा जानका लागि अभियान (मेची-महाकाली) सुरु गर्ने पनि हाम्रो पार्टी पहिलो हो । जसले १२ सय किलोमिटरको यात्रा गरेर मेचीनगरको सीमा काँकडभिट्टाबाट सुरु गरेर महाकाली नदीको किनार हुँदै कर्णालीको सुर्खेतमा पुगेर हामीले पहिलो चरणको कार्यक्रम सम्पन्न गर्‍यौँ । दोस्रो चरणको कार्यक्रम लिएर मध्यपहाडी राजमार्ग जाने सोचिरहेका थियौँ । एमालेले थाहा पाएर गरिहाल्यो, हामीले त्यो गर्न बाँकी छ । जनताको घरदैलोमा, जिल्ला-जिल्लामा पुग्ने कार्यक्रम गर्दै छौँ । जनतामा जति गयो, जनताको पक्षमा जति उभियो, तब न जनताले विश्वास गर्छन् । त्यसकारण हामी अरूजस्ता होइनौँ ।

**एकीकृत समाजवादीले पार्टी गठनयताका झन्डै साढे तीन वर्षमा न राजनीतिक शक्ति कायम राख्न सक्यो न नेता-कार्यकर्ता जोगाउन सक्यो । एमाले विभाजन गरेर पार्टी गठन हुँदा संघीय संसद्मा ३१ र प्रदेशमा ५४ सांसद थिए । ०७९ को निर्वाचनपछि संघीय संसद्मा १८ र प्रदेशमा २४ सांसदमा खुम्चिनुभएको छ । प्रत्यक्षमा १० सिट जिते पनि राष्ट्रिय दल बन्न सकेन । विद्रोह गरेका केही नेता-कार्यकर्ता एमालेमै फर्किए । पार्टी यो अवस्थामा पुग्नुमा तपाईंको भूमिका कति छ ? अरू नेताको कति छ ?**

०३२ सालमा कोअर्डिनेसन केन्द्र बनाएको कति वर्षमा त्यो पार्टी ठूलो भयो ? तीन वर्षपछि बल्ल नेकपा माले बनाइयो । त्यतिवेला सम्मेलनमा कतिजना थिए ? त्यसको ११ वर्षपछि चौथो महाधिवेशन गरियो । मदन भण्डारीलाई महासचिव बनाइयो । पार्टी बनाउने हामी होइनौँ ? के हामी निराश भएर बसेको भए अरू कसैले पार्टी बनाइदिन्थ्यो ? ०३२ देखि ०४६ सालसम्म कति वर्ष भयो ? अनि ०४६ सालपछि हामीले कम मिहिनेत गर्‍यौँ ? त्यत्तिकै ०५१ साल आएको हो ? लागिराख्नुपर्छ, जित हुन्छ । यदि, सही विचार लिएको छ भने, सही सोच राखिएको छ भने, इमानदारिता र निष्ठाका साथ लागिएको छ भने कमीकमजोरी पनि खोजिनेछ, सुधारिनेछ । विगतमा पनि हामीमा कमीकमजोरी थियो । उग्रवामपन्थता थियो, मनोगतवाद पनि थियो । कतिपय व्यक्तिमा निराशा पनि थियो । केन्द्रीय कमिटीका ठुला भनिएका नेता पनि भागे । हामी भागेनौँ । भाग्ने भागिरहन्छ, हिँड्ने हिँडिरहन्छ । हामीले पार्टी बनाएरै छाड्यौँ । म त भन्छु, यो रेलको यात्रा हो । कोही यात्रु चढ्छ, कसैको काम ओर्लने हुन्छ । हामी अगाडि बढ्ने हो, गन्तव्यमा पुग्ने हो । जबसम्म जनताको हित र कल्याण हुँदैन, जबसम्म हाम्रो यो यात्रा अविराम गतिका साथ अगाडि बढिरहन्छ ।

**संसद्का दुई ठूला दल कांग्रेस र एमालेले स्थिरताका लागि भनेर सरकार गठन गरेका छन् । यसलाई कसरी हेर्नुभएको छ ?**

स्थिरताका लागि हुँदै होइन, यो नाटक हो । दुई ठुला दल एउटा सत्तापक्ष, अर्को प्रतिपक्ष हुनुपर्ने हो । दुवैको स्वार्थ ठिक विपरीत छ । भोलि चुनाव भयो भने, दुईमध्ये को ठूलो हुने भन्ने सबैभन्दा ठुलो लडाईं त्यहीँ हुन्छ । त्यस्तो अवस्थामा यो विचित्रको घटना भएको छ । राम्रो भावनाले भएको भए मध्यरातमा सहमति गर्नुपर्छ ? यदि, संविधान संशोधन गर्ने चाहनाले भएको हो भने मध्यरातमा लुकाएर गर्नुपर्ने थिएन । सार्वजनिक रूपमा व्यापक बहसको विषय बनाएर गर्न सकिन्थ्यो । संविधानजस्तो विषयलाई कुनै पार्टीविशेषको पेवा बनाउने काम राम्रो होइन । त्यसकारण यसभित्रको नियत ठिक छैन ।

**संविधान जारी भएको एक दशक हुन लाग्यो, संशोधनको आवश्यकता त हो नि ?**

मिलाउनुपर्ने कुरा थुप्रै विषय छन् । मेरै कतिपय सन्दर्भमा विमति छन् । व्यापक छलफलको आवश्यकता छ । पहिला हामी सबैको अनुभव संकलन गरौँ । व्यापक छलफल गरौँ, हतारपतारमा संविधान संशोधन संसारमा कहीँ पनि हुँदैन ।

**सरकारको प्रारम्भिक लक्षण कस्तो देख्नुभएको छ ?**

कुरा ठुल्ठुला गरेको छ । काम देखिएको छैन । कुरोले चिउरा भिज्दैन । काम गरेर देखाउनुपर्छ । त्यसकारण म अहिले शंकाको लाभ मात्रै दिन्छु ।

**अन्त्यमा, एमालेमा हुँदा १४ वर्ष पार्टीको नेतृत्व गर्नुभयो । एमाले विभाजन गरेर गठन भएको एकीकृत समाजवादीलाई पनि सुरुका तीन वर्ष तपाईंले नै हाँक्नुभयो । महाधिवेशनबाट पाँच वर्षका लागि फेरि अध्यक्ष बन्नुभएको छ । यो कार्यकर्ताको माग हो कि नेतृत्वप्रति तपाईंको आसक्ति ?**

म कहिल्यै जबर्जस्ती पदमा बसिनँ । नेपालको राजनीतिक इतिहासमा मै मात्र त्यो व्यक्ति हुनुपर्छ, जसले पार्टीको महासचिव पद स्वेच्छाले राजीनामा गरेर छाडेको छ । पदमा टाँसिने प्रवृत्ति भइदिएको भए चुनौती दिन्थेँ । तर, मैले उदाहरण पेस गरेको छु । दोस्रो, मैले प्रधानमन्त्री पद पनि स्वेच्छाले छाडेको हुँ । आसक्ति भएकोभए छाड्दिनथेँ, चुनौती नै दिने थिएँ । एकीकृत समाजवादीको अध्यक्ष पनि म आफ्नो रहरले होइन, पार्टी कार्यकर्ताको चाहनाले हो । पार्टी कार्यकर्ताको बिजोग म देख्न सक्दिनँ ।

# पूर्वाग्रह नराखी पर्यटन प्रवर्द्धनमा लाग्ने जोशीको प्रतिबद्धता

नयाँ पत्रिका

नेपाल पर्यटन बोर्डका नवनियुक्त कार्यकारी प्रमुख (सिइओ) दीपकराज जोशीले आपसी सहकार्यबाटै पर्यटनलाई थप चलायमान बनाउने बताए। आइतबार बोर्डमा पद बहाली गर्दै उनले आफूले कुनै पूर्वाग्रह नराखी पर्यटन प्रवर्द्धनमा लाग्ने प्रतिबद्धता जनाए।

सिइओ जोशीले कर्मचारीलाई पनि नयाँ परिवेशमा नयाँ सोच र चिन्तनका साथ काम गर्न निर्देशन दिए। पर्यटन बोर्ड सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलको संस्था भएको बताउँदै उनले बोर्ड स्थापनाको उद्देश्यअनुरूप काम गर्नुपर्नेमा जोड दिए।

पर्यटन राज्यको प्राथमिकताको क्षेत्र हो, पर्यटन बोर्ड पिपिपी मोडेलको हो, निजी क्षेत्रसँगको सहकार्यबाट देशको पर्यटनलाई अगाडि लैजानु आजको आवश्यकता हो



'पर्यटन राज्यको प्राथमिकताको क्षेत्र हो, अर्कोतर्फ पर्यटन बोर्ड पिपिपीको मोडेल हो, निजी क्षेत्रले हामीबाट धेरै अपेक्षा गरेको छ,' उनले भने, 'यसैले सबैको सहकार्यबाट देशको पर्यटनलाई अगाडि लैजानु आजको आवश्यकता हो।'

जोशीले आन्तरिक जनशक्तिको वृति विकासजस्ता कार्य प्राथमिकतामा रहने बताउँदै सिइओ जोशीले साहिक सहकार्यबाट ती सबै काम गर्न सकिने बताए। कार्यक्रममा बोल्दै वरिष्ठ निर्देशक नन्दिनी लाहे थापाले नवनियुक्त कार्यकारी प्रमुखको अनुभवले बोर्डले थप उचाइ प्राप्त गर्ने विश्वास व्यक्त गरिन्। कर्मचारी युनियनको तर्फबाट बोर्डका अधिकृत सुदन सुवेदीले लामो समयदेखि कर्मचारीहरूको वृत्ति विकास रोकिएको बताउँदै नयाँ कार्यकारी प्रमुखबाट कर्मचारीका ती मागहरू सम्बोधन हुने अपेक्षा गरिएको बताए।

पर्यटन बोर्ड कार्यकारी समितिको २० भदौमा बसेको ३७९औँ बैठकले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १४ बमोजिम जोशीलाई चार वर्षका लागि कार्यकारी प्रमुखमा नियुक्ति गर्ने निर्णय गरेको थियो। नवनियुक्त सिइओ जोशीले यसअघि पनि बोर्डको सिइओका रूपमा काम गरिसकेका छन्।

**Government of Nepal**
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**New Town Project Office, Sanfebagar Achham**

## INVITATION FOR BID

**Date of Publication: 2081-05-24 (2024-09-09)**

New Town Project Office, Sanfebagar, Achham, invites electronic bids from eligible bidders for the mentioned below works within the time frame of 19th Ashar 2082 under NCB as remarked bidding procedure. Bidders may obtain further information from the PPMO's web portal: www.bolpatra.gov.np/egp and New Town Project Office, Sanfebagar Achham.

| S.N. | Contract No/ Bid No. | Description of Works | Bid Security Amount (NRs) | Bid Procurement Price (NRs) |
|---|---|---|---|---|
| 1 | DUDBC/NTPO/SANFEBAGAR/WORKS/NCB/01-81/82 | Construction of Buspark at Sanfebazar (Three Phase) Sanfebagar,03 Achham | 7,50,000.00 | 5000 |
| 2 | DUDBC/NTPO/SANFEBAGAR/WORKS/NCB/02-81/82 | Infrastructure Development works at Land Pooling Project, Sanfebagar, 04 Achham | 7,50,000.00 | 5000 |

**Project Manager**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**

## Federal project implementation Unit, Morang

## Invitation for E-Bid

**First Date of Publication: 2081/05/24 (9th September, 2024)**
**IFB NO: 02/FPIU/MORANG/2081/082**

**Federal Project Implementation Unit (FPIU) Morang** invites E-Bid from eligible bidders for following works under National Competitive Bidding. All other information and Bid documents can be downloaded from the PPMO'S website **www.bolpatra.gov.np/egp**. Eligible bidders are requested to submit **E-Bid** with the required documents within the period mentioned in E-bid document.

| S.N. | Contract No. | Descriptions of Works | Estimate Cost (with PS & Without VAT) | Minimum Bid security NRs. | Price of Bid Document-NRs. | Bid Submission Deadline | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | FPIU/Morang/NCB/ Works/19-2081-082 | Construction of Gita Bramha chintan Yogashram Building in Barahkshetra-1, Sunsari. | 87,20,615.28 | 2,70,000.00 | 3,000.00 | 2081/06/23 (09/10/2024) 12:00 hrs. | Single Stage Single Envelope |
| 2. | FPIU/Morang/NCB/ Works/20-2081-082 | Construction of Shree Barahkshetra Aadarsh Campus Building in Barahkshetra -2, Sunsari. | 85,55,044.89 | 2,70,000.00 | 3,000.00 | | |
| 3. | FPIU/Morang/NCB/ Works/21-2081-082 | Improvement of road from Saptakoshi farm-Basantrai House-Godamghat upto Chokdiyahaghat in Barahkshetra -6, Sunsari. | 1,28,28,408.89 | 4,00,000.00 | 3,000.00 | | |
| 4. | FPIU/Morang/NCB/ Works/22-2081-082 | Improvement of road Barahkshetra -10 Ajambari chowk up to Barahkshetra 9 Simana and Hidoluwa chowk-Paschim Shivalay Chowk upto Chhabbis pipe Barahkshetra-9, Sunsari. | 1,28,31,908.70 | 4,00,000.00 | 3,000.00 | | |
| 5. | FPIU/Morang/NCB/ Works/23-2081-082 | Construction of Chapki Pokhari Children park at Ramdhuni-9, Sunsari. | 85,46,863.10 | 2,70,000.00 | 3,000.00 | | |
| 6. | FPIU/Morang/NCB/ Works/24-2081-082 | Construction of Baidik Karma kanda Parishad Nepal's Building in Biratnagar Metropolitan city-5, Morang. | 85,58,465.79 | 2,70,000.00 | 3,000.00 | | |
| 7. | FPIU/Morang/NCB/ Works/25-2081-082 | Construction of Sushil Koirala Foundation Building at Biratngar-8, Morang. | 85,46,629.20 | 2,70,000.00 | 3,000.00 | | |
| 8. | FPIU/Morang/NCB/ Works/26-2081-082 | Construction and upgradation of road works in Biratnagar Metropolitan city ward no. 19 from ward office to south roadway and from newly bridge built Singhiya bridge north road way Morang. | 96,73,021.56 | 3,01,000.00 | 3,000.00 | | |
| 9. | FPIU/Morang/NCB/ Works/27-2081-082 | Construction and Upgradation of Roadworks in Morang District Belbari 7 way to Bindesh Chaudhary's House. | 85,57,852.06 | 2,70,000.00 | 3,000.00 | | |
| 10. | FPIU/Morang/NCB/ Works/28-2081-082 | Construction and Upgradation of Road works in Morang District Belbari Municipality 5, way to Matiyari. | 85,69,569.53 | 2,70,000.00 | 3,000.00 | | |
| 11. | FPIU/Morang/NCB/ Works/29-2081-082 | Construction of Black topped road in Duhabi Municipality 8,9,10 (Kadamgachhi Chowk-Ranigaun-Chhatabeli Tharutole – Shukrabare Hatiya-Balkund Nahar to Buddha Chowk) | 1,30,76,705.70 | 4,07,000.00 | 3,000.00 | | |
| 12 | FPIU/Morang/NCB/ Works/30-2081-082 | Construction of School building for Satyanarayan Higher Secondary School, Biratnagar, Morang. | 1,35,39,742.76 | 4,21,000.00 | 3,000.00 | | |

**Project chief**

■ नेपाल-अमेरिका टिफा बैठक ३१ भदौमा

# व्यापार ग्राह्यता सुविधाको अवधि र वस्तुको सूची थप्न नेपालको जोड

**कृष्ण रिजाल**/नयाँ पत्रिका

संयुक्त राज्य अमेरिकाले उपलब्ध गराएको व्यापार ग्राह्यता सुविधाको अवधि तथा भन्साररहित सुविधा पाउने वस्तुको सूची बढाउन नेपालले विशेष जोड दिने भएको छ। आगामी साता काठमाडौँमा हुने नेपाल-अमेरिका व्यापार तथा लगानीसम्बन्धी बैठकमा नेपालले व्यापार ग्राह्यता सुविधा पाँचदेखि १० वर्षका लागि थप्ने र वस्तुको सूची हेरफेर गर्ने एजेन्डा लैजाने भएको हो।

नेपाल र अमेरिकाबिच गठित व्यापार तथा लगानी ढाँचा सम्झौता परिषद् (ट्रेड एन्ड इन्भेस्टेमन्ट फ्रेमवर्क एग्रिमेन्ट (टिफा काउन्सिल) सातौँ बैठक ३१ भदौमा हुँदै छ। बैठकमा सहभागी हुन नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति सचिव मधुसुदन बुर्लाकोटीको संयोकत्वमा वार्ताटोली गठन गरिएको छ। मन्त्रिपरिषद्को २० भदौको बैठकले बैठकमा नेपालले प्रस्तुत गर्ने विषयसमेत स्वीकृत गरिसकेको छ।

'वार्तामा नेपालले मूल रूपमा नेपाल-अमेरिकाबिचको आर्थिक-व्यापारिक सम्बन्ध विस्तार हुने गरी आफ्ना एजेन्डा प्रस्तुत गर्नेछ,' परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले भने, 'खासगरी अमेरिकाले नेपाललाई उपलब्ध गराउँदै आएको व्यापार ग्राह्यता सुविधाको अवधि बढाउन र त्यसअन्तर्गत नै भन्साररहित सुविधा पाउने वस्तुको सूची विस्तार तथा परिमार्जनमा हाम्रो जोड हुनेछ।' कोभिड, विश्वव्यापी आर्थिक शिथिलतालगायत कारणले नेपालले व्यापार सुविधा उपयोग गर्न नसकेको भन्दै अवधि बढाउन जोड दिने भएको हो।

नेपाल र संयुक्त राज्य अमेरिकाबिच सन् २०११ अप्रिलमा व्यापार तथा लगानी खाका सम्झौतामा हस्ताक्षर भएको थियो। टिफाको छैटौँ बैठक पनि काठमाडौँमै भएको थियो। सामान्यतः एक-एक वर्षमा हुने टिफा बैठक यसपटक अमेरिकामा हुनुपर्ने थियो। तर, अमेरिकाकै आग्रहअनुसार नेपालमै बैठक तय भएको परराष्ट्रका ती अधिकारीले बताए। आगामी २५ भदौमा नेपालले आफ्नो आन्तिरक बैठक गर्नेछ। सोही बैठकले अन्तिम एजेन्डाहरू तय गर्ने सम्भावना रहेको छ।

वाणिज्य मन्त्रालयका सचिव एवं वार्ताटोलीका संयोजक बुर्लाकोटीले दुईपक्षीय वार्ताका लागि तयारी भइरहेको बताए। 'दुई देशबिचको व्यापार र लगानीसम्बन्धी नियमित वार्ता हो, आगामी बैठकका लागि एजेन्डाहरूमाथि छलफल भइरहेका छन्,' उनले भने, 'आपसी सहमतिमा एजेन्डा तय हुनेछन्, नेपाल-अमेरिकाबिचको आर्थिक-व्यापारिक सम्बन्धलाई अझ विस्तार गराउन बैठक केन्द्रित हुनेछ।'

### ■ अवधि र सूची बढाउने मन्त्रालयको कार्ययोजना

उद्योग मन्त्रालयले हालै आफ्नो तीनदेखि एक वर्षभित्र सम्पन्न गर्ने कार्ययोजना सर्वाजनिक गरेको छ। उक्त कार्ययोजनामा अमेरिकाले दिएको व्यापार ग्राह्यता सुविधा अवधि र सूची थप्नुपर्ने आवश्यकता रहेको औँल्याइएको छ। त्यस्तै, सूचना प्रविधि, पर्यटनलगायतका प्राथमिकताका क्षेत्रमा अमेरिकी लगानी अभिवृद्धि गर्ने प्रचुर सम्भावना रहेकोसमेत उल्लेख छ।

'सन् २०१५ को भूकम्पपश्चात् नेपालको अर्थतन्त्रको पुनरुत्थानका लागि संयुक्त राज्य अमेरिकाले कार्यान्वयनमा ल्याएको नेपाल व्यापार प्राथमिकता कार्यक्रम सन् २०२५ पछि अन्त्य हुने भएकाले सोको अवधि थप एवं सोअन्तर्गत नेपालबाट अमेरिकामा निर्यात भएका सम्भाव्य वस्तुको सूची थप गर्नुपर्ने आवश्यकता रहेको छ,' कार्ययोजनामा उल्लेख छ।

### ■ सुविधाबाट लाभ लिन सकिएन, म्याद सकिँदै

फागुन ०७२ मा अमेरिकी सरकारले नेपाललाई विशेष व्यापार ग्राह्यता (स्पेसल ट्रेड प्रेफरेन्स) दिने कानुन ल्याएर नेपालका ६६ वस्तुलाई भन्साररहित सुविधा दिएको थियो। त्यसको एक वर्षपछि अमेरिकाले थप ११ वस्तुलाई भन्साररहित सुविधा दियो। तर, त्यसको उपयोग भने हुन सकेको छैन। नेपालले अपेक्षाअनुसार अमेरिकामा निर्यात वृद्धि गर्न सकेको छैन। अघिल्लो आर्थिक वर्ष ०८०/८१ मा अमेरिकातर्फको निर्यात ११.५ प्रतिशतले घटेर १७ अर्ब ३१ करोडमा सीमित भएको छ। आव ०७९/८० मा नेपालले अमेरिकामा १९ अर्ब ५७ करोडको निर्यात गर्न सकेको थियो। व्यापार ग्राह्यता सुविधाको म्याद ३१ डिसेम्बर २०२५ सम्म रहेको छ।

### दुई देशबिचको आर्थिक-व्यापारिक सम्बन्ध विस्तारमा हाम्रो प्रयास हुनेछ



● **मधुसुदन बुर्लाकोटी**
सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल र अमेरिकाबिचको ट्रेड एन्ड इन्भेस्टमेन्ट फ्रेमवर्क एग्रिमेन्ट (टिफा) काउन्सिल बैठकका तयारीहरू अन्तिम चरणमा रहेका छन्। दुई देशबिच विषयसूचीमा निरन्तर छलफल भइरहेको छ। नेपाल-अमेरिकाको आर्थिक-व्यापारिक सम्बन्ध अझ विस्तार गर्ने गरी विषय तय हुनेछन्। नेपालमा अमेरिकाको बढीभन्दा बढी लगानी भित्र्याउने, व्यापार अझ सहज गराउने विषयमा हाम्रो प्रयास हुनेछ। खासगरी नेपाललाई व्यापार र लगानीका मामिलामा अधिकतम लाभ लिने प्रयास गर्नेछौँ। हामीप्रति उहाँहरू उदार हुनुहुन्छ, त्यसलाई अझ विस्तार गराउन हामीले प्रयास गर्नेछौँ।

■ **नेपाल र अमेरिकाबिचको व्यापार** (रु. करोडमा)

| आर्थिक वर्ष | आयात | निर्यात | नाफा/घाटा |
|---|---|---|---|
| २०७१/७२ | ७८४ | ७४७ | -३७ |
| २०७२/७३ | ८५९ | ९२० | ६१ |
| २०७३/७४ | ८४६ | ८९६ | ४९ |
| २०७४/७५ | ९८९ | ९१६ | -७३ |
| २०७५/७६ | १३४२ | १०८४ | -२५७ |
| २०७६/७७ | २३५४ | ९४४ | -१४१० |
| २०७७/७८ | १९५० | १३७९ | -५७० |
| २०७८/७९ | ५००५ | १७९९ | -३२०५ |
| २०७९/८० | १९४२ | १९५७ | १५ |
| २०८०/८१ | १९४८ | १७३१ | -२१७ |
| १० वर्षको कुल | १८०१९ | १२३७३ | -५६४६ |

# बेलिब्रिजले दुर्गम हिमाली गाउँ पापुङ सडक सञ्जालले जोडियो

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**



ताप्लेजुङको दुर्गम हिमाली गाउँ मिक्वाखोला गाउँपालिको वडा नम्बर ५ पापुङ मेवा खोलामा मोटरेबल पुल (बेलिब्रिज) बनेपछि सीधै सडक सञ्जालसँग जोडिएको छ। दुर्गम गाउँ पापुङमा मोटरबाटो खनिए पनि बिचमा रहेको मेवा खोलाले सो गाउँको सम्बन्धविच्छेद गरेको थियो। तर, मिक्वा खोला गाउँपालिकाको वडा नम्बर ४ साँवा र वडा नम्बर ५ पापुङ जोड्ने पुल बनेपछि दुर्गमका बासिन्दालाई राहत मिलेको छ।

विद्युत् उत्पादनका लागि हाइड्रोपावर निर्माण गरिरहेको मेवा डेभलपर्स लिमिटेडले पुल निर्माण गरेको हो। वडाध्यक्ष ग्यान्जे शेर्पाले जलविद्युत् आयोजनाले पुल निर्माण गरेपछि पापुङवासीका लागि यातायात सुविधा मिलेको बताए। वडाध्यक्ष शेर्पाले हिउँदयाममा खोलामा पानी घटेका वेला केही महिनासम्म मात्र यातायात सञ्चालन हुने गरेको जानकारी दिए। 'बर्खायाम सुरु भएपछि पुलको अभावमा यातायात सेवा ठप्प हुने गर्थ्यो,' शेर्पाले बताए। मेवा खोलामा माथि पुल नहुँदा यातायात सेवा पापुङसम्म नपुगेका कारण सो गाउँका बासिन्दाले दैनिक उपभोग्य वस्तुलगायत आवश्यक सामग्री याक र चौँरीलाई बोकाएर साथै भरियामार्फत ढुवानी गर्नुपर्ने बाध्यता रहेको शेर्पाको भनाइ छ।

'पुल बनेपछि पापुङ गाउँबस्तीसम्म नै यातायातका साधनमार्फत आवश्यक वस्तु ढुवानी र यात्रा गर्ने सुविधा प्राप्त भएको छ,' वडाध्यक्ष शेर्पाले भने। मेवा खोलामा पुल निर्माण हुनुभन्दा अघिसम्म पापुङका बासिन्दाले सदरमुकाम फुङ्लिङ हुँदै जिल्लाबाहिर यात्रा गर्नुपर्दा साँवाको तेम्बासम्म पुग्नुपर्ने एवं खाद्य तथा अन्य सामग्री पनि त्यहीँदेखि ढुवानी गर्नुपर्ने बाध्यता रहेको बाल्देन मावि पापुङका पूर्णबहादुर लिम्बूले बताए। पाठ्यपुस्तक साथै विभिन्न सामग्री सीधै आउने प्रअ लिम्बूले जानकारी दिए।

मेवा डेभलपर्स लिमिटेडले ३६.५८ मिटर लम्बाइ रहेको बेलिब्रिज निर्माणका लागि करिब तीन करोड रुपैयाँ लगानी रहेको आयोजनाका वरिष्ठ प्रबन्धक सुनील रेग्मीले बताए। रेग्मीले आयोजनाको प्रयोजनका लागि पुल निर्माण गरिएको भए पनि सर्वसाधारणलाई समेत रहत पुगेको जानकारी दिए।

# चिलिमे-त्रिशूली २२० केभी प्रसारणलाइन निर्माण अन्तिम चरणमा

**काठमाडौं**/ त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न सुरु गरिएको चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइनको निर्माण अन्तिम चरणमा पुगेको छ।

रसुवाको आमाछोदिङ्मो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेँसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारणलाइन निर्माणको अन्तिम चरणको काम भइरहेको छ। प्रसारणलाइन निर्माणका बाँकी काम सम्पन्न गरी दसैँअगाडि नै सञ्चालनमा ल्याउने गरी निर्माण धमाधम भइरहेको छ। चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइन आयोजनाअन्तर्गत नै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन्।

प्रसारणलाइनमा पर्ने ७६ वटा टावरमध्ये ७५ वटाको निर्माण सम्पन्न भएको छ। एउटा टावर जडान कार्य अन्तिम चरणमा छ। २८ किलोमिटर प्रसारणलाइनमध्ये पाँच किलोमिटर मात्र तार तान्न बाँकी छ। टावर जडान र बाँकी रहेको तार तान्न करिब दुई सयजना श्रमिक परिचालित छन्। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठलगायत सम्मिलित उच्चस्तरीय टोलीले शनिबार प्रसारणलाइन निर्माण कार्यको स्थलगत अनुगमन गरी दसैँअघि नै काम सक्ने समयसीमा तय गरेको छ। आयोजना व्यवस्थापन, परामर्शदाता र ठेकेदार कम्पनीबीच छलफल गरी निर्माण कार्यमा ढिलाइ नगर्न, कामदार थपेर कामलाई तीव्रता दिन आग्रह गर्दै टोलीले बाँकी रहेका हरेक काम सम्पन्न गर्ने तालिका तय गरी सोहीअनुसार कार्यसम्पादन गर्न निर्देशन दिएको छ। टोलीले अन्तिम टावरको जडान कार्य भइरहेको र तार तान्न बाँकी रहेको ठाउँको अनुगमनसमेत गरेको थियो।

प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा निर्माण भएको एक सय ११ मेगावाटको रसुवागढी र ४२.५ मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाको विद्युत् यही प्रसारणलाइनमा जोडिनेछ। दुवै आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन्। यसले गर्दा पनि प्रसारणलाइन निर्माण जतिसक्दो छिटो सम्पन्न गर्नुपर्ने दबाबमा प्राधिकरण छ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा निर्माणाधीन प्रसारणलाइन निरन्तरको प्रयासपछि अब सम्पन्न हुने अवस्था पुगेको बताए।

# दसैंको तयारीमा जुटे सरकारी संयन्त्र

## ७ असोजबाट सुपथ मूल्य पसल, असोज पहिलो साताबाट अग्रिम टिकट बुकिङ, दोस्रो सातादेखि सुकिला नोट, उपत्यकाका तीनवटै जिल्लाका प्रहरीको समन्वयमा सुरक्षा योजना, सडकका खाल्डाखुल्डी पुर्न यातायातमन्त्रीको निर्देशन

अजित अधिकारी, पवन तिमिल्सिना

नजिकिँदै गरेको दसैं-तिहारमा हुन सक्ने मूल्यवृद्धिलाई नियन्त्रण गर्नेदेखि सुरक्षित यात्राका लागि सडक मर्मतसम्मका गृहकार्यमा सरकारी संयन्त्र जुटेका छन् ।

आइतबार दिउँसो उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले खाद्य वस्तुको सहज उपलब्धता र मूल्य नियन्त्रण गर्न सार्वजनिक संस्थान परिचालन गरी ७ असोजबाट सुपथ मूल्य पसल सञ्चालन गर्ने निर्णय गरेको छ । वाणिज्य तथा आपूर्ति सचिव मधुसुदन बुर्लाकोटीले बजारभाउभन्दा केही सस्तो हुने सुपथ पसल सञ्चालन गर्ने निर्णय भएको जानकारी दिए ।

'दसैं-तिहारजस्ता पर्वमा हुन सक्ने मूल्यवृद्धिलाई नियन्त्रण गर्न सार्वजनिक संस्थान परिचालन गरी सुपथ मूल्य पसल सञ्चालन गर्ने निर्णय भएको छ,' उनले भने । मन्त्रालयका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेसन र दुग्ध विकास संस्थानले दैनिक उपभोग्य खाद्यान्न, खसी, बोका र च्यांग्रा तथा दुधजन्य पदार्थ छुट मूल्यमा बिक्री गर्नेछन् ।

त्यस्तै, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले आइतबार दिउँसो सरोकारवालासँग दसैं-तिहारमा मर्मत गर्नुपर्ने सडकलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका छन् । जोखिम रहेका स्थानहरूमा सडक सुरक्षाका पूर्वाधार निर्माण र मर्मत गर्न निर्देशन दिँदै मन्त्री दाहालले सवारी नियम उल्लंघनलाई नियन्त्रण गर्ने, दुर्घटना भएमा तत्काल उद्धारको व्यवस्थासमेत गर्न प्रहरीलाई निर्देशन दिएका छन् ।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले पनि आइतबार दिउँसो नै दसैंमा घर जाने यात्रुको चापलाई मध्यनजर गर्दै जतिसक्दो छिटो सार्वजनिक बसको टिकट बुकिङ खुला गर्न छलफल गरेका छन् । घटस्थापनाको कम्तीमा एक हप्ताअघि नै अग्रिम टिकट बुकिङ खुलाउने प्रयत्न थालिएको उनले जानकारी दिए ।

राष्ट्र बैंकले यो वर्ष नयाँ नोट जारी नगरे पनि मौज्दातमा रहेका सुकिला नोट प्रवाह गर्ने जानकारी दिएको छ । केन्द्रीय बैंकले असोज दोस्रो सातादेखि सुकिला नोट जारी गर्ने तयारी गरेको सहायक सूचना अधिकारी डा. भागवत आचार्यले जानकारी दिए । गत वर्षजस्तै यसपटक पनि प्रतिव्यक्ति १८ हजार पाँच सय रुपैयाँका दरले सुकिला नोट सटहीको सुविधा हुनेछ ।

प्रहरी र ट्राफिकले एकीकृत सुरक्षा योजना बनाइरहेको बताएका छन् । दसैं-तिहारमा लुटपाटदेखि सुडक दुर्घटनाका घटना बढ्ने भएकाले नियन्त्रणका लागि काठमाडौं उपत्यकाका तीनवटै जिल्लाका प्रहरी कार्यालय र ट्राफिकको समन्वयमा सुरक्षा योजना बनाउन छलफल भइरहेको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी विश्व खड्काले जानकारी दिए ।



### प्रभावकारी अनुगमन गर्ने दाबी

प्रमुख अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ताहित संरक्षण विभागले दसैं-तिहारका लागि तुलनात्मक रूपमा ठुलो संख्यामा कर्मचारी खटाएर बजार अनुगमनको रणनीति बनाएको छ । वाणिज्य तथा आपूर्ति सचिव मधुसुदन बुर्लाकोटीले अहिलेको अनुगमन शैलीभन्दा प्रभावकारी हुने गरी चाडपर्वमा टोली परिचालन हुने बताए ।

'अहिले पनि अनुगमन त भइरहेको छ, तर प्रभावकारी नभएको गुनासो छ । त्यसैले यसलाई सम्बोधन गरी अलि ठुलो टोली धेरै ठाउँमा परिचालन गर्ने गरी गृहकार्य भइरहेको छ,' उनले भने । विभागले अहिले दैनिक अनुगमन गरे पनि प्रभावकारी देखिन सकेको छैन । आइतबार मात्रै उपत्यकाका १४ पसलमा अनुगमन गरेर दुईवटालाई पाँच-पाँच हजार रुपैयाँ जरिवाना र अन्य दर्ता कागजात माग गर्ने तथा सुधारको निर्देशन दिइएको विभागले जनाएको छ । चाडपर्वलक्षित अनुगमन मूल्य र गुणस्तर नियन्त्रणका लागि हुने सचिव बुर्लाकोटीले जानकारी दिए । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले उपभोक्तामैत्री अनुगमनको अभावमा बजारमा मूल्यवृद्धि बढिरहेको बताए । 'झारा टार्ने हिसाबले विभागका कर्मचारी दैनिक अनुगमनमा खटेर १०-१२ वटा पसल हेरेर फर्किने गरेका छन् । वर्षौंदेखि चलिरहेको यस्तो अनुगमनले मूल्य, गुणस्तर र कार्टेलिङ नियन्त्रणमा कुनै प्रभाव पार्न सकेको छैन,' उनले भने ।

### खाद्यान्न र खसी-बोकाको मूल्यमा करिब चार करोड रुपैयाँबराबरको छुट दिइने



दसैं-तिहार र छठसम्म सञ्चालन हुने सुपथ पसलबाट उपभोक्तालाई छुटमा खाद्यान्न उपलब्ध गराउन सरकारले तीन करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । चामल, दाल, तेल कर्णालीको गेडागुडी, खसी-बोका र च्यांग्रामा छुट दिने खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई शोधभर्नाका लागि तीन करोड रुपैयाँ विनियोजन भएको छ । कम्पनीकी सूचना अधिकारी शर्मिला न्यौपानेले सुपथ पसलमा सबै खाद्यान्नमा छुट दिइने, तर कुनमा कति मूल्य छुट राख्ने भन्ने तय भइनसकेको जानकारी दिइन् । विगतमा बजार मूल्यको तुलनामा चामल, दाल, गहुँ, आँटा, पिठो, मैदा, तेल र चिउरा प्रतिकिलो पाँच रुपैयाँ, कर्णालीको सिमी, गेडागुडी, दाल, चिनो, कागुनो र उवा प्रतिकिलो १० रुपैयाँ तथा जिउँदो खसी-बोका र च्यांग्रामा १० रुपैयाँ प्रतिकिलो छुट दिइएको र यो वर्ष पनि सोही छुट मूल्यलाई निरन्तरता दिने तयारी भएको उनको भनाइ छ । कम्पनीले जिउँदो खसी-बोका र च्यांग्रा खरिदका लागि चार करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन गरेको न्यौपानेले जानकारी दिइन् । मुस्ताङबाट च्यांग्रा तथा हेटौंडा, दाङ, सल्यानलगायतबाट खसी-बोका ल्याउने गरिएको छ । त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेसनका सहायक महाप्रबन्धक कुमारराज भण्डारीले सबै प्रकारका खाद्यान्न छुट मूल्यमा उपलब्ध गराउने गरी गृहकार्य भइरहेको बताए । साल्ट ट्रेडिङलाई छुट मूल्यमा खाद्यान्न बिक्री गरेबापत शोधभर्नाका लागि ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

### नयाँ होइन, सुकिला नोट



राष्ट्र बैंकले असोज दोस्रो सातादेखि सुकिला नोट पठाउने भएको छ । नयाँ नोटको साटो सुकिलो नोट बजारमा पठाउने लागिएको केन्द्रीय बैंकका सहायक सूचना अधिकारी डा. भागवत आचार्यले जानकारी दिए । 'असोजको दोस्रो सातादेखि नै दसैंलक्षित सुकिला नोटको सटही सुरु गर्ने तयारी छ,' उनले भने ।

उनका अनुसार प्रतिव्यक्ति १८ हजार पाँच सय रुपैयाँसम्म सुकिला नोट साट्न पाइनेछ । साना दरका धेरै नोटको छपाइ र व्यवस्थापनमा बर्सेनि दुई अर्ब रुपैयाँभन्दा बढी रकम बाहिरिने गरेकाले यसपालि मितव्ययिता अपनाउन खोजिएको उनले बताए । 'वाणिज्य बैंकहरूका काउन्टरमा गएर अहिले पनि सुकिला नोट साट्न पाइन्छ । तर, दसैंलक्षित नै गरेर भने असोजको दोस्रो साताबाट वितरण थालिनेछ । हामी चाँडै नै सार्वजनिक सूचना जारी गर्दै छौं,' उनले भने ।

### यो वर्ष चिनी पर्याप्त नपाइने संकेत

सुपथ पसलमा यसपटक चिनीको उपलब्लधता नहुने देखिएको छ । असोज, कात्तिक र मंसिरमा प्रतिमहिना ३० हजार टनका दरले चिनीको खपत हुन्छ, तर साल्ट ट्रेडिङसँग सुपथ पसलमा बिक्रीका लागि १६ सय टन मात्रै मौज्दात रहेको सहायक महाप्रबन्धक कुमारराज भण्डारीले जानकारी दिए । 'हामीसँग भएको न्यून परिमाणबारे मन्त्रालयलाई जानकारी गराएका छौं,' उनले भने, 'के-कस्तो निर्देशन आउँछ, त्यहीअनुसारको कार्यायोजना बनाउनेछौं ।' साल्ट ट्रेडिङले विगतमा पाँच रुपैयाँ प्रतिकिलो छुट दिएर चाडपर्वमा चिनी बिक्री गर्दै आएको थियो, जसकारण मूल्य नियन्त्रण हुने गरेको थियो । यसपटक भने सरकारी निकायसँग नभएको मौकामा चिनीको भाउ बढ्ने जोखिम छ ।

### असोज पहिलो साताबाटै अग्रिम टिकट

यातायात व्यवस्था विभागले असोज पहिलो साताबाट सार्वजनिक बसको अग्रिम टिकट खुलाउन व्यवसायीसँग छलफल थालेको छ । आइतबार दिउँसो छलफल भए पनि अग्रिम टिकट खुलाउने मिति नटुंगिएको विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले जानकारी दिए । 'घटस्थापनाको कम्तीमा एक साताअघिबाटै अग्रिम टिकट खुलाउनुपर्छ भनेर पहल थालिरहेका छौं,' उनले भने, 'आइतबार दिउँसो पनि बैठक बसेका थियौं । तर, मितिको टुंगो लागेन । अब अर्को बैठकबाट निर्णय गर्नेछौं ।'

दसैंमा करिब १० लाखले उपत्यका छाडेर घर जाने भएकाले सार्वजनिक बसको टिकट बुकिङमा सास्ती हुने गरेको छ । त्यसैले सरकारको समन्वयमा व्यवसायीले अग्रिम टिकट बुकिङ खुला गर्दै आएका छन् ।

### प्रहरीले एकीकृत सुरक्षा योजना बनाउँदै

दसैं-तिहारमा चोरी, लुटपाट तथा सडक दुर्घटना बढ्ने हुँदा नियन्त्रणका लागि प्रहरीले एकीकृत सुरक्षा योजना बनाउन थालेको छ । विगतमा प्रहरीले उपत्यकाका प्रमुख चोक तथा प्रमुख राजमार्गमा बुथ नै राखेर सुरक्षा प्रदान गर्दै आएको थियो । यसपटक पनि तीनवटै जिल्ला प्रहरी कार्यालय र ट्राफिकले समन्वय गरी एकीकृत सुरक्षा योजना तयार गर्न थालिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी विश्व खड्काले जानकारी दिए ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले दसैंअगाडि उपत्यकासहित देशभरका प्रमुख सडकका खाल्डाखुल्डी मर्मत गर्न निर्देशन दिएका छन् । चाडपर्वमा काठमाडौंबाट बाहिरिने यात्रुको चाप अत्यधिक हुने र त्यस्तो समयमा दुर्घटनाको समेत जोखिम उच्च हुने भएकाले सडकका खाल्डाखुल्डी तत्काल पुरिसक्न उनले निर्देशन दिएका हुन् । आइतबार दिउँसो मन्त्रालयमा सरोकारवाला निकायसँग छलफल गर्दै मन्त्री दाहालले सवारी नियम उल्लंघनलाई नियन्त्रण गर्न र दुर्घटनामा पर्नेलाई उद्धार गरी अस्पतालसम्म पुऱ्याउने व्यवस्था गर्न प्रहरीलाई पनि निर्देशन दिएका छन् ।

# कोरोना बिमाको रकम माग गर्दै सरकारविरुद्ध सर्वोच्चमा रिट

## बिमा दाबीमा सरकारको दायित्वअन्तर्गतको ११ अर्ब ३४ करोड २५ लाख रकम तत्काल निकासाका लागि परमादेशको माग

मिलन विश्वकर्मा/नयाँ पत्रिका

कोरोना बिमा दाबीमा सरकारको दायित्वअन्तर्गतको ११ अर्ब ३४ करोड २५ लाख रकम तत्काल निकासाका लागि परमादेशको माग गर्दै निर्जीवन बिमा कम्पनीहरूले सर्वोच्च अदालतमा रिट दर्ता गरेका छन् । गत बिहीबार सर्वोच्चमा पेस भएको सरकारविरुद्धको उक्त रिट आइतबार दर्ता भएको हो । सर्वोच्चले यसमा सोमबार पेसी तोकेको छ । सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले कोरोना बिमाको विषयमा सरकारविरुद्ध रिट दर्ता भएको जानकारी दिए । 'यो रिटमा सोमबार पेसी तोकिएको छ । सम्भवतः सोमबार केही निर्णय हुन सक्छ,' उनले भने ।

नेपाल बिमक संघ र १२ निर्जीवन बिमा कम्पनीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल बिमा प्राधिकरणलाई विपक्षी बनाएर रिट दर्ता गराएका हुन् । उनीहरूको वारेसमा अधिवक्ता शाश्वत अधिकारीले रिट दर्ता गरेका हुन् । सरकारी स्वामित्वको राष्ट्रिय बिमा कम्पनी र दी ओरियन्टल इन्स्योरेन्स भने यसमा आबद्ध छैनन् । आइतबार उक्त रिट दर्ता भएको र सोमबार पेसी तोकिएको कानुनी सहयोगी पायोनियर ल एसोसिएटका वरिष्ठ अधिवक्ता शिवप्रसाद रिजालले जानकारी दिए ।

'कोरोना बिमा मापदण्ड, २०७७ अनुसार तीन अर्ब ५० करोडभन्दा माथिको दाबी भुक्तानी सरकारले गर्ने स्वीकार गरिसकेको छ । सोबापतको दाबी रकम तत्काल निकासी गर्नु-गराउनु भनी अर्थ मन्त्रालयसमेतका नाउँमा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ,' रिट निवेदनमा भनिएको छ ।

सरकारले यसअघि एक अर्ब निकासा गरेर आफ्नो दायित्व व्यावहारिक रूपमै स्वीकार गरिसकेको छ । त्यो अवस्थामा सरकारले बाँकी रकम पनि तत्काल निकासा गर्नुपर्ने रिट निवेदनमा उल्लेख छ ।

'अर्थ मन्त्रालयले यसअघि एक अर्ब निकासी गरी आफ्नो कानुनी दायित्व स्वीकार गरेको स्पष्ट छ । बाँकी रकम निकासी गरिदिन सरकारलाई पटक-पटक अनुरोध गर्दा पनि भएको अवस्था छैन । जसका कारण अधिकांश बिमितहरूले दाबी भुक्तानी प्राप्त गर्न सकेका छैनन्,' रिट निवेदनमा भनिएको छ, 'यसबाट बिमितहरू र आमजनतामा बिमाप्रति नै नकरात्मक छाप परेको छ ।'

पछिल्लोपटक बिमक संघले गत १७ भदौमा अर्थमन्त्री विष्णु पौडेललगायत अर्थ मन्त्रालयका प्रतिनिधिसँग छलफल गरेको थियो । त्यसमा अर्थमन्त्री सकरात्मक भए पनि सचिवहरूबाट सकारात्मक जवाफ प्राप्त नभएको बताइएको छ । त्यसले गर्दा पनि अदालतको शरणमा आउन बाध्य भएको रिटमा उल्लेख छ ।

बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले सर्वोच्च अदालतबाट भने आफूहरू आशावादी रहेको बताए । 'न्याय पाइन्छ भन्ने आसमै अदालतमा गएको हो । पटक-पटक पहल गर्दा पनि सरकारले सम्बोधन गरेन । त्यसैले बाध्य भएर सर्वोच्च अदालतमा गएका हौं,' उनले भने, 'त्यहाँबाट भने न्याय पाउने आशा छ ।'

### बिमक संघका अध्यक्ष चंकी क्षेत्री भन्छन्-



न्याय पाइन्छ भन्ने आसमै अदालतमा गएका हौं । पटक-पटक पहल गर्दा पनि सरकारले सम्बोधन गरेन । त्यसैले बाध्य भएर सर्वोच्च अदालतमा गएका हौं, त्यहाँबाट भने न्याय पाउने आशा छ ।

यता अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले अदालतमा रिट दर्ता भएको सम्बन्धमा अनौपचारिक जानकारी आएको बताए । 'अदालतमा रिट दर्ता भइसकेको छ । पछि अदालतले जस्तो आदेश गर्छ, त्यसकै आधारमा सरकारले उचित निर्णय गर्ला,' उनले भने, 'जसले प्रिमियम लिने हो, उसले नै दाबी भुक्तानी दिनुपर्ने बिमाको सर्वमान्य विश्वव्यापी सिद्धान्त हो । नेपालमा अरू बिमा पनि यसरी नै सञ्चालन भइरहेको छ । तर, यसमा फरक अभ्यास गर्न खोजियो । साढे तीन अर्ब रुपैयाँभन्दा माथिको भुक्तानी सरकारले गर्ने भनियो । तर, यसमा वास्तविक बक्यौता कति हो ? कसलाई कति दिने हो ? कसरी भुक्तानी गर्ने हो ? यस्ता विषयलाई कसरी पुष्टि गर्ने ? यस्ता विषयमा द्विविधा पनि भएर ढिलाइ भएको हुन सक्छ । अब अदालतबाटै हुने फैसलाका आधारमा अघि बढ्छ ।'




यस्तै, कतिपय बिमितहरूले कम्पनीहरूलाई विपक्षी बनाएर विभिन्न अदालतमा मुद्दा हालेका छन् । नेपालगन्ज, विराटनगरलगायतका अदालतले बिमा कम्पनीलाई दाबी भुक्तानी दिनु भन्दै झन्डै १५ वटा फैसला गरेका छन् । तर, यो रकम दिनुपर्ने दायित्व सरकारको रहेको बिमा कम्पनीहरूको जिकिर छ । तर, अदालतले यस्तो फैसला गर्दा कम्पनीहरू थप दबाबमा परेका छन् । त्यसपछि आफूहरू पनि मुद्दा हाल्न बाध्य भएको कम्पनीहरूको भनाइ छ ।

कोरोना अवधिमा १७ अर्ब ४४ करोड ४० लाख रुपैयाँबराबरको दाबी परेको थियो । मापदण्डअनुसार त्यसमा बिमा क्षेत्रले साढे तीन अर्ब रुपैयाँ र सरकाले बाँकी झन्डै १४ अर्ब रुपैयाँ भुक्तानी गर्नुपर्ने हो । सरकारले भने मंसिर ०७९ मा एक अर्ब मात्रै निकासा गरेको थियो । हालसम्म सरकारको एक अर्बसहित कुल ६ अर्ब १० करोड १५ लाख रुपयाँ भुक्तानी भएको छ । ११ अर्ब ३४ करोड २५ लाख भुक्तानी दिन बाँकी छ । यसमा बिमा कम्पनीहरूले आफ्नो दायित्वभन्दा डेढ अर्ब रुपैयाँ बढी भुक्तानी गरेका छन् । त्यो रकम शोधभर्ना गर्दा सरकारले झन्डै १३ अर्ब निकासा गर्नुपर्ने देखिन्छ ।

# मुग्लिन-पोखरा सडक निर्माणमा पाँचबुँदे सहमति

कास्कीमा रोहितराज पराजुली

पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडकको पश्चिम खण्डमा नदीजन्य निर्माण सामग्री ओसारपसार गर्दा लिइएको निकासी करको विषयमा भएको विवाद समाधान हुने देखिएको छ ।

गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरोकारवालासँग आइतबार गरेको छलफलपछि निकासी करको विषयमा भएको विवाद समाधान हुने देखिएको हो । तनहुँका शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाले नदीजन्य निर्माण सामग्री ओसारपसारमा निकासी कर लाग्ने भन्दै अवरोध गरेपछि निर्माण सामग्रीको अभावसँगै काममा समेत ढिलाइ हुँदै आएको छ । छलफलपछि सडक विस्तार र निर्माणको काम छिटो गर्न पाँच बुँदामा निर्णय भएको छ । पहिलो नम्बरमा स्थानीय उत्पादन तथा निर्माण सामग्रीका लागि प्रदेश सरकारले निर्धारण गरेको रोयल्टीबापतको शुल्क संकलन गर्ने क्रममा सम्बन्धित स्थानीय तहले फरक शीर्षकमा थप शुल्क रकम नलाग्ने गरी एकमुस्ट रूपमा रोयल्टीबापतको शुल्क संकलन गर्ने व्यवस्था मिलाउने रहेको छ ।

यसैगरी दोस्रो नम्बरमा निर्माण सामग्री प्रशोधनका लागि निर्माण गरिएको प्लान्टमा संकलन हुने निर्माण सामग्रीको स्रोत सम्बन्धित पालिकाले बुझ्न चाहेमा सम्बन्धित पक्षले जानकारी दिनुपर्ने । तेस्रो नम्बरमा सडक निर्माण कार्यमा बाधा उत्पन्न नहुने गरी नेपाल विद्युत् प्राधिकरणको तर्फबाट बिजुली पोलहरू स्थानान्तरण गर्ने ।

चौथोमा मुग्लिन-पोखरा सडक योजना (पश्चिम खण्ड)मा बर्सातले बिगारेको सडकको खाल्डाखुल्डीहरू पुर्ने, आयोजनाको तर्फबाट सवारी गुडाउनका लागि सडकको सर्फेस स्मुथ गराउने रहेको छ । यसैगरी, पाँचौं नम्बरमा पोखरा-भरतपुर भूमिगत विद्युतीकरण आयोजनाको तर्फबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थल गेटदेखि सेती नदी पुलसम्म बिजुली तार भूमिगत गर्ने कार्य यही भदौ मसान्तसम्ममा सम्पन्न गर्ने र तत्पश्चात् आयोजनाको तर्फबाट उक्त क्षेत्रमा यथाशीघ्र न्यूनतम दुई लेन सडक निर्माण कार्य रहेको छ ।

**प्रभु बैंक लिमिटेडको नाममा दर्ता रहेको सम्पत्ति विक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८१/०५/२४ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक अरनिको डेभलपमेन्ट बैंक लि. र सेती फाइनान्स लि. सेञ्चुरी कमर्सियल बैंक लि.मा मर्जर भई नाम परिवर्तन भई सेञ्चुरी कमर्सियल बैंक लि. भएकोमा उक्त सेञ्चुरी कमर्सियल बैंक लि.समेत यस प्रभु बैंक लि.मा सम्माहित भई नाम परिवर्तन भई प्रभु बैंक लि. भएको) को नाममा दर्ता तथा स्वामित्वमा रहेका तपसिल बमोजिमका सम्पत्ति (घर/जग्गाहरु) जे-जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको न्युनतम १० (दश) प्रतिशतका दरले हुन आउने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान, कार्यालय बबरमहल, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रित पूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैकसमक्ष प्राप्त हुन आएका बोलपत्रहरु २१ (एक्काइस) औ दिन अर्थात तपसीलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुंदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन ठिक १२ :०० बजे सोही स्थान र समयमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु. २०००/- (फिर्ता नहुने गरी) यस बैंकको खाता नं. ९९९०१२६००१०२०० (खाताको नाम सेन्ट्रल सेटलमेन्ट) मा जम्मा गरी यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र बैकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित सामान्य प्रशासन विभागमा सम्पर्क गर्नु होला ।

**तपसिल**

**बिक्री हुने सम्पत्ति घर/जग्गाको विवरण :**

१. सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६छ स्थित कित्ता नं. २७४ क्षेत्रफल ०-२-७-१ (विघा) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

२. कैलाली जिल्ला टिकापुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९द स्थित कित्ता नं. १२४ क्षेत्रफल ००४२० (चार सय बीस) बर्ग मि. जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत................१

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
२०८१/०६/०७ गते सोमबार कार्यालय समय भित्र ।

**बोलपत्र खोलिने मिति, समय र स्थान :**
मिति २०८१/०६/१३ गते आइतवार दिनको १२:०० बजे,
बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन बिभाग, बबरमहल, काठमाण्डौ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
**सडक डिभिजन जनकपुर**
मुजेलिया, धनुषा

**बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना**

प्रकाशित मिति : २०८१/०५/२४

यस डिभिजनद्वारा मिति २०८१/४/२० मा प्रकाशित बोलपत्र आह्वानको सूचना नं. Notice No.: RDJKR/2081-82/3 अनुसार EGP को माध्यमवाट दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिबाट बिधिपुर्बक मुल्यांकित हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्ताब न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ को उपदफा (२) तथा (३) को प्रयोर्जनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | छनौट भएको वोलपत्रदाताको नाम | कबोल अंक (मु. अ. कर तथा पिएस समेत) |
|---|---|---|---|
| 1 | RDJKR/33701169/081/82/26 | Shree Buddham Saranam Construction Pvt. Ltd. Bhangaha-4 Mahottari | 13,082,775.01 |
| 2 | RDJKR/33701169/081/82/27 | Sumitra construction pvt ltd,janakpur-13, dhanusha | 10,553,406.74 |
| 3 | RDJKR/33701169/081/82/28 | Sumitra construction private limited janakpur -13 Dhanusha | 10,069,504.84 |
| 4 | RDJKR/33701169/081/82/29 | Shubha Prabhat nirman sewa Heatuda -8 | 8,849,100.06 |
| 5 | RDJKR/33701169/081/82/30 | Sanjeeb Nirman sewa janakpur -17 dhanusha | 11,207,634.50 |
| 6 | RDJKR/33701169/081/82/31 | sumitra construction pvt ltd ,janakpur-13, dhanusha | 10,526,600.14 |
| 7 | RDJKR/33701169/081/82/32 | Rajarshi engineering and builders pvt ltd, mithila-2,dhanusha | 10,777,452.29 |
| 8 | RDJKR/33701169/081/82/33 | Bijay and sons construction,bideh-9, dhansuha | 9,700,808.85 |
| 9 | RDJKR/33701169/081/82/34 | Ramesh construction pvt ltd,janakpur-1, dhanusha | 9,982,673.68 |
| 10 | RDJKR/33701169/081/82/35 | Aayushma construction,lahan-5, siraha | 10,962,226.61 |
| 11 | RDJKR/33701169/081/82/36 | Manasalu Energy Pvt.Ltd, lalbandhi-9 | 6,211,161.05 |
| 12 | RDJKR/33701169/081/82/37 | Manasalu Energy Pvt.Ltd, Lalbandi-9 | 6,264,214.32 |
| 13 | RDJKR/33701169/081/82/38 | Shree Buddham Saranam Construction Pvt. Ltd,Bhangha-04, Mahottari | 6,889,968.09 |
| 14 | RDJKR/33701169/081/82/41 | N and B Construction Kamala-05,Dhanusha | 6,353,378.05 |
| 15 | RDJKR/33701169/081/82/42 | Shri Hanuman Nirman Sewa, Kishori Nagar, Janakpur-02 | 5,191,472.21 |
| 16 | RDJKR/33701169/081/82/43 | SR-PRAVIK JV,Janakpur-19 | 6,549,970.67 |
| 17 | RDJKR/33701169/081/82/44 | Shri Hanuman Nirman Sewa, Kishori Nagar ,Janakpur-02 | 5,588,989.01 |
| 18 | RDJKR/33701169/081/82/45 | Sumitra Construction Pvt. Ltd, Janakpur-13 | 6,506,437.35 |

डिभिजन प्रमुख

## चाँदबाग स्कुलले गऱ्यो एमयुएन सम्मेलन

**काठमाडौं**/ चाँदबाग स्कुलले आफ्नो वार्षिक मोडेल युनाइटेड नेसन्स (एमयुएन) सम्मेलन सम्पन्न गरेको छ। स्कुलले ६ देखि ८ सेप्टेम्बरसम्म सो सम्मेलन आयोजन गरेको हो। उक्त सम्मेलनमा २० विद्यालयका दुई सयभन्दा बढी प्रतिनिधि सहभागी थिए। तीनदिने कार्यक्रममा संलग्न बहस, सहयोगी समस्या समाधान र महत्त्वपूर्ण विश्वव्यापी समस्यालाई सम्बोधन गर्ने युवा नेताहरूको सक्रिय सहभागिताद्वारा चित्रित गरिएको थियो।

समापन समारोह प्रमुख अतिथि, सेभ द चिल्ड्रेन, नेपाल र भुटान कन्ट्री अफिसका एड्भोकेसी क्याम्पेन कम्युनिकेसन एन्ड मिडियाका निर्देशक आयुष श्रेष्ठ जोशीलगायतले गरेका थिए। सम्मेलनको अवधिमा प्रतिनिधिहरू संयुक्त राष्ट्र मानव अधिकार परिषद्, मानव अधिकार चुनौतीलगायतका समितिमा भाग लिँदै बोलेका थिए।

## चाडपर्वमा सिजीको सामान किन्दा डब्बल खुसी

**काठमाडौं**/ इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले दसैं-तिहारलक्षित 'नेपालकै अब्बल सिजीसँग खुसी डब्बल' योजना ल्याएको छ। यो योजनाअन्तर्गत प्रत्येक सिजीका सामान खरिद गर्दा आकर्षक क्यासब्याक र पक्का उपहार प्राप्त गर्न सक्नेछन्।




कम्पनीका अनुसार मेरिडियाका सामान खरिदमा ६० हजार पाँच सयसम्मको क्यासब्याक र ग्यारेन्टी उपहार प्राप्त गर्नेछन्। त्यस्तै, सिजी टिभी ६५ र सिजी क्युलेड ७५ इन्चभन्दा माथिको खरिदमा २.१ स्पिकर निःशुल्क पाउनेछन्। साथै, डब्बल डोर रेफ्रिजेरेटर किन्दा फ्राई प्यान, मल्टिडोर रेफ्रिजेरेटरमा मेरिडिया भ्याकुम, माइक्रोवेभ ओभन किन्दा कुकिङ किट, फ्रन्ट लोड वासिङ मेसिनमा तीन किलो सर्फ र डिसवासर किन्दा डिसवासर किट निःशुल्क पाउन सकिने कम्पनीले जनाएको छ।

त्यस्तै, चाडपर्वको योजनामा ग्राहकले ३२ देखि ५५ इन्चको टिभीका जी स्पिकर, चेस्ट फ्रिजर, भ्याकुम क्लिनर किन्दा पनि क्यासब्याक प्राप्त गर्नेछन्। साथै, कम्पनीले एयर कन्डिसनरको खरिदमा निःशुल्क जडान सुविधासमेत प्रदान गर्नेछ। यो योजना २३ भदौबाट लागू भइसकेको छ।

## अनरले सार्वजनिक गऱ्यो विश्वकै पातलो फोल्डेबल फोन

**काठमाडौं**/ चिनियाँ ब्रान्ड अनरले विश्वकै सबैभन्दा पातलो फोल्डेबल फोन सार्वजनिक गरेको छ। अनरले आइएफए २०२४ मा उक्त फोन सार्वजनिक गरेको हो। सोही अवसरमा कम्पनीले अनर म्याजिक बुक आर्ट १४, अनर म्याजिक प्याड २ र अनर वाच ५ पनि सार्वजनिक गरेको छ।




अनरले अनर प्याजिक भी थ्रीलाई आइएफए २०२४ मा सार्वजनिक गरेको छ, जुन संसारको सबैभन्दा पातालो इनवर्ड फोल्डेबल स्मार्ट फोन हुने कम्पनीको दाबी छ। यो फोन फोल्ड गर्दा जम्मा ९.२ एमएम मोटो हुन्छ र दुई सय २६ ग्राम मात्रै तौल हुन्छ। यसलाई मानक फ्ल्यागसिप स्मार्ट फोनसँग आकार र वजन तुलना गर्न सकिने कम्पनीले जनाएको छ। यसमा एआई सुविधा, उच्च र स्थायित्वको स्लिक डिजाइन र पाँच लाख फोल्डिङ चक्र रहेका छन्। त्यस्तै, अनर म्याजिक भी थ्रीमा ५,१५० एमएएचको तेस्रो पुस्ताको सिलिकन कार्ब ब्याट्री रहेको छ। त्यस्तै, ५० मेगापिक्सेलको क्यामरा र ४० मेगापिक्सलेको अल्ट्रावाइड क्यामरासमेत रहेको छ।

## साइमेक्स र बिवाइडीले गरे च्यारिटी फाउन्डेसन घोषणा

**काठमाडौं**/ साइमेक्स इंकले न्यु इनर्जी भेइकल (एनइभी)को ग्लोबल लिडर बिवाइडीसँगको सहकार्यमा साइमेक्स बिवाइडी च्यारिटी फाउन्डेसनको स्थापना गरेको घोषणा गरेको छ। फाउन्डेसनमा साइमेक्स इंकले एक करोड रुपैयाँ योगदान गर्नेछ भने प्रत्येक बिवाइडी गाडी बिक्रीबापत १० हजार रुपैयाँ फाउन्डेसनमा जम्मा गरिने बताइएको छ।

घोषणा समारोहमा बिवाइडी एसिया प्यासिफिक अटो सेल्स डिभिजनका जनरल म्यानेजर लिउ स्वेलियाङले ग्राहकले किन्ने प्रत्येक बिवाइडी गाडीबापत १० हजार रुपैयाँ फाउन्डेसनलाई उपलब्ध गराउने घोषणा गरे। यो पहलले कुनै पनि कार्यमा महत्त्वपूर्ण प्रभाव पार्ने गरी समुदायलाई संलग्न गराउने बिवाइडी र साइमेक्सको सामूहिक लक्ष्यतर्फ संकेत गर्ने बताइएको छ।

साथै, साइमेक्सका अध्यक्ष अनिल श्रेष्ठले फाउन्डेसनका लागि एक करोड रुपैयाँ योगदान गर्ने घोषणा गरे। सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने नेतृत्वको अटल समर्पणलाई यसले प्रतिबिम्बित गर्ने उनको दाबी छ। शिक्षा, स्वास्थ्य सेवा र दिगो विकासजस्ता समाजमा भएका सबैभन्दा ठूला चुनौतीलाई सम्बोधन गर्ने कार्यमा फाउन्डेसन केन्द्रित हुनेछ।

## महालक्ष्मी र राउन्ड टेबुलबिच सहकार्य

**काठमाडौं**/ महालक्ष्मी विकास बैंक र राउन्ड टेबुल नेपालबिच बैंकबाट दैनिक रूपमा निस्कने डिस्पोजेबल कागज विसर्जन गर्नेसम्बन्धी सहकार्यको सुरुवात भएको छ।



पुराना कागज नष्ट गर्ने कार्यलाई निरुत्साहन गर्न सचेतना अभिवृद्धि गर्ने तथा पुनः प्रयोग तथा प्रशोधनमार्फत वातावरण संरक्षण गर्दै सामाजिक रूपमा पिछडिएका विद्यार्थीको शैक्षिक विकास गर्ने मूल उद्देश्यका साथ सहकार्य भएको बैंकले जनाएको छ।

सहकार्यअन्तर्गत राउन्ड टेबुलले बैंकका विभिन्न कार्यालयमा रहेका डिस्पोजेबल कागज संकलन गर्नेछ। यसरी संकलन गरिएका कागज राउन्ड टेबुल र बैंकको प्रत्यक्ष निगरानीमा तोकिएका कागज उत्पादक कम्पनीलाई पुनः प्रशोधनका लागि दिइनेछ। साथै, सोमार्फत प्राप्त रकम गरिब तथा असहाय विद्यार्थीको शिक्षामा पहुँच विस्तार गर्दै शैक्षिक विकासका लागि खर्च गरिने बताइएको छ।

## 'बोट'को व्यापार चार गुणाले बढ्यो

**काठमाडौं**/ भारतीय अडियो तथा वायरेबल ब्रान्ड बोटले नेपाली बजारमा आफ्नो व्यापार चार गुणाले बढेको बताएको छ। दुई वर्षअघि नेपालमा बोट भित्रिएसँगै ब्रान्डले टेलिटकसँगको सहकार्यमा नयाँ प्रविधियुक्त प्रिमियम अडियो र लाइफस्टाइल उत्पादनको बजारीकरण गर्दै आफ्नो क्षेत्रीय नेतृत्वलाई अझ सुदृढ बनाउने योजना बनाएको बताएको छ।



पछिल्लो दुई आर्थिक वर्षमा निरन्तर रूपमा ब्रान्ड भ्यालुका आधारमा पहिलो र भोल्युमका आधारमा दोस्रो स्थान ओगट्न सफल रहेको कम्पनीले दाबी गरेको छ। कम्पनीले बढ्दो मागलाई ध्यानमा राख्दै टिडब्लुएस, निर्भाना आइओएन, एयरडप सुप्रिम र एयरडप-९१ का साथ वेभकल-२, स्मार्ट वाच तथा पावर बैंकहरू पनि उपलब्ध गराउने जनाएको छ।

साथै, कम्पनीले २६ भदौसम्म दराजमा 'बोटहेडेडज' नामक ब्रान्ड सेल विक आयोजना गरेको छ। यसअवधिमा दराजबाट खरिद उत्पादनमा ७० प्रतिशतसम्म छुट उपलब्ध हुने कम्पनीले जनाएको छ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दलदले, नवलपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०५/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०५/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** नवलपरासी जिल्ला, देवचुली न.पा./गा.वि.स. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रही, कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९ साल बैशाख महिना १० गते रोज १ मा दर्ता नं. ९२५८९/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०६९/०२/२८ मा स्थायी लेखा नम्बर (PAN) ६००६०३९५७ अन्तर्गत दर्ता कायम भएको **काबेरी हर्ब्स एग्रोटेक प्रा.लि.**।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने **पुष्पा सेन** (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी)। | २. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **योगमाया पाठक** (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी)। |
| ३. पुर्ण चन्द्र पाठकको नाती, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **लक्ष्मण पाठक** (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी)। | ४. रमाकान्त पाठकको बुहारी, केशव पाठकको पत्नि, नवलपरासी, जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **रचना कडेल पाठक** (ना.प्र.नं. ३५१०२५-१२९० चितवन, जारी मिति २०६७/०६/०५, जि.प्र.का. नवलपरासी)। |

**धितोको विवरण**

१. रचना कडेल पाठक (ना.प्र.नं. ३५१०२५-१२९० चितवन, जारी मिति २०६७/०६/०५, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. ८ क हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ७ स्थित कि.नं. ७१६, ७१४, ७१३, ८७५ र ८७६ को क्षेत्रफल क्रमशः ०-४-११-०, ०-४-११-०, ०-४-१०-०, ०-४-१७.२५-० र ०-१-२-० (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. लक्ष्मण पाठक (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक सिसवार गा.वि.स./न.पा. वडा नं. १ ख हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. २८३ को क्षेत्रफल ०-९-११.२५ (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. योगमाया पाठक (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक सिसवार गा.वि.स./न.पा. वडा नं. १ ख हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. २६८३ को क्षेत्रफल ०-४-०-१ (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. काबेरी हर्ब्स एग्रोटेक प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

५. काबेरी हर्ब्स एग्रोटेक प्रा.लि. को स्वामित्वमा रहेको सम्पूर्ण स्थिर सम्पत्ति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण।

**ऋणीको विवरण**

**२.** प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.पु.) मा मिति २०७८/०४/१७ मा दर्ता नं. ७८/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०७८/०४/१८ मा स्थायी लेखा नम्बर (PAN) १२६२०४०८९ अन्तर्गत दर्ता कायम भएको **पुष्पा राईस मिल**।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने **पुष्पा सेन** (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी)। | २. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **योगमाया पाठक** (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी)। |

३. पुर्ण चन्द्र पाठकको नाति, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **लक्ष्मण पाठक** (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी)।

**धितोको विवरण**

१. पुष्पा सेन (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक माकर गा.वि.स./न.पा. वडा नं. ७ ख हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा.वडा नं. ५ स्थित कि.नं. २४५ र ५३३ को क्षेत्रफल क्रमशः ०-२-० र ०-०-८ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. योगमाया पाठक (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक कावासोती गा.वि.स./न.पा. वडा नं. ५ ख हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५ स्थित कि.नं. ६२१ को क्षेत्रफल ०-०-१० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. पुष्पा राईस मिलको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

४. पुष्पा राईस मिलको स्वामित्वमा रहेको सम्पूर्ण स्थिर सम्पत्ति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०६/०७ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०६/०८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : दलदले, नवलपुर
फोन नं. ०७८-५७५०७१
Website : www.siddharthabank.com



## पूर्वाधार विकास कार्यालय
### कास्की
### सूचना प्रकाशनका लागि मौजुदा सूचीमा समावेश हुने सम्वन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०५/२४**

पूर्वाधार विकास कार्यालय, कास्की मार्फत आ.ब. २०८१/८२ मा प्रकाशन हुने विभिन्न सूचनाहरु कार्यालयको मौजुदा सूचीमा सुचीकृत राष्ट्रिय दैनिकहरु मार्फत मात्र सूचना प्रकाशन गरिने भएकोले प्रेस काउन्सिल नेपालको वर्गिकरणमा ' क' वर्गमा परेका ईच्छुक राष्ट्रिय दैनिक पत्रिकाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सार्वजनिक खरिद ऐन २०६३ को दफा ६क.(२) तथा नियमावली २०६४ को नियम १८(१) बमोजिम कार्यालयमा सुचिकृत हुने प्रयोजनार्थ निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सुचिकृत हुन चाहने राष्ट्रिय दैनिक पत्रिकाहरुले सुचिकृत हुने निवेदन कार्यालयको ईमेल ठेगाना idokaski2075@gmail.com मार्फत पनि पेश गर्न सकिने छ।



## धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०५/२४ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०७९/०४/०३ गते अन्नपूर्ण पोष्ट दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना तथा मिति २०७९/०६/२८ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सुचना, मिति २०७९/१०/१६ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे १५ दिने सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम :श्री प्रेम बचत तथा ऋण सहकारी संस्था लि.।** **दर्ता नंः १७९६/२०७३/७४**
**रजिष्टर्ड ठेगानाः रघुनाथपुर वडा नं.०९ गौरीपुर धनुषा।**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : सत्य नारायण कुमर दनुवार (अध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : राम प्रसाद कुमर दनुवार<br>बाजे : अनुप कुमर दनुवार<br>ना प्र नं.:७०६११५१८ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०९ | **२) नाम : राम भरोष कुमर (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : राम पुकार कुमर दनुवार<br>बाजे : भुटा कुमर दनुवार<br>ना प्र नं.: १७३०४२/१३५३ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०८ | **३) नामः केदारबाबु अधिकारी दनुवार (सचिव तथा जमानीकर्ता)**<br>बाबु : कृष्ण औतार अधिकारी दनुवार<br>बाजे : जदुलाल अधिकारी<br>ना.प्र.नं: १७१०४२/६४१ - (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०९ |
| **४) नामः भरत अधिकारी दनुवार (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : बन्सु अधिकारी दनुवार<br>बाजे : सुबैया अधिकारी<br>ना.प्र.नं: १७३०४२/१५६५ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-९ | **५) नाम : जितेन्द्र अधिकारी (सदस्य)**<br>बाबु : विल्टु अधिकारी<br>बाजे : सुखलाल अधिकारी<br>ना.प्र.नं: ७५७२३५३६ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०९ | **६) नामः सिताराम अधिकारी (संचालक सदस्य तथा जमानीकर्ता)**<br>बाबु : धनराज अधिकारी<br>बाजेः ठकाई अधिकारी<br>ना.प्र.नं: ७५७२३१०८ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०७ |

**७) नामः प्रेम कुमारी देवी दनुवार (संचालक सदस्य तथा जमानीकर्ता)**
बाबु : रामस्वरुप अधिकारी, बाजे : सुनर अधिकारी
ना.प्र.नं: ७०६११६७१ (धनुषा), ठेगानाः रघुनाथपुर-०७

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री राम प्रसाद कुमर दनुवारको बुहारी श्री राम स्वरुप अधिकारी दनुवारको छोरी धनुषा जिल्ला पटेर्वा गा.वि.स. वडा नं. ०८ बस्ने श्री प्रेम कुमारी देवि दनुवारको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला रघुनाथपुर गा.वि.स वडा नं ०९ को कित्ता नं.७३३ को क्षेत्रफल ०-०-१५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा व्याज दावी गर्न पाईने छैन।
(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय जनकपुरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop



NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-११-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पथरी शाखा, पथरी शनिश्चरे नगरपालिका
पथरी सम्पर्क फोनः +९७७-०२१-५५६१०१/०२/०३

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री पुनहाङ लिम्बुको नाति, राम प्रसाद लिम्बुको छोरा, कोशी प्रदेश मोरङ जिल्ला, पथरीशनिश्चरे नगरपालिका वडा नं.-४ हाल पथरीशनिश्चरे नगरपालिका वडा नं.-४ बस्ने ६५ वर्षको श्री हस्त बहादुर लिम्बुको मिति २०८१/०१/२९ (ई.सं. ११/०५/२०२४) मा मृत्यु भएकोले स्व. हस्त बहादुर लिम्बुकी पत्नी हाल पथरीशनिश्चरे नगरपालिका वडा नं.-४ बस्ने श्रीमति इन्द्र माया लिम्बुले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पथरी शाखा, पथरीशनिश्चरे नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

27
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-११-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
महादेवा शाखा, महादेवा गाउँपालिका, सप्तरी
सम्पर्क फोनः +९७७-९८०११९८०८१

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री गोशाय यादवको नाति, सुवालाल यादवको छोरा, मधेश प्रदेश सप्तरी जिल्ला, महादेवा गाउँपालिका वडा नं. ६ बस्ने ६० वर्षको श्री महेन्द्र यादवको मिति २०८०/०९/२३ (ई.सं. ०८/०१/२०२४) मा मृत्यु भएकोले स्व. महेन्द्र यादवकी पत्नी हाल महादेवा गाउँपालिका वडा नं. ६ बस्ने श्रीमती चन्द्रीका देवी जादवले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको महादेवा शाखा, महादेवा गाउँपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

27
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

## देशभर ५५...

पृष्ठ १ बाट क्रमशः

गाउँगाउँमा सडकको पहुँच पुगेपछि महँगो भाडा तिरेर जहाज चढ्ने यात्रु नहुनाले उडान बन्द भएको थाहा हुँदाहुँदै फेरि नियमित उडान गर्ने भनेर आठ करोड लगानी गरेर धावनमार्ग कालोपत्रे गरियो । तर, बलेवामा उडान भने हुन सकेन । खर्च व्यर्थ भयो ।

मनाङको हुम्दे विमानस्थल बाह्रै महिना सञ्चालन गर्ने भन्दै ०७० मा नौ करोड खर्चेर स्तरोन्नति गरियो । ६ सय मिटरको धावनमार्ग नौ सय मिटर मात्र बनाइएन, कालोपत्रे गरेर टलक्क पारियो । लगत्तै, नागरिक उड्डयन प्राधिकरण (क्यान)को एउटा टोलीले परीक्षण उडान गरेकोमा उक्त विमानस्थलमा अर्को जहाज पुग्न ६ वर्ष कुर्नुपर्‍यो । त्यो पनि सर्वसाधारणका लागि होइन । ०७६ भदौमा गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको टोली समिट एयर चढेर मनाङमा ओर्लिएको थियो । त्यसयता अहिलेसम्म फेरि एउटा पनि अवतरण भएको छैन ।

स्तरोन्नति गरेर पनि सञ्चालनमा नआएको अर्को विमानस्थल हो, बैतडीको पाटन विमानस्थल । यस्तै, ०७२ मा कालोपत्रे गरिएको ओखलढुंगाको रुम्जाटार विमानस्थल पनि बन्द छ ।

देशभर कालोपत्रे गरेर पनि सञ्चालनमा आउन नसकेका विमानस्थल नौवटा रहेको क्यानले जनाएको छ । बागलुङको बलेवा, मनाङको हुम्दे, बैतडीको पाटन र ओखलढुंगाको रुम्जाटारबाहेक रुकुमको चौरजहारी, डोटीको दिपायल, खोटाङको लामिडाँडा, डोल्पाको मसिनेचौर र कालिकोट विमानस्थलमा करोडौँ रुपैयाँ खर्चिएर कालोपत्रे गरिए पनि उडान हुन सकेका छैनन् । बरु यी विमानस्थल धुले वा ग्राभेल मात्र हुँदा भने नियमित उडान हुने गर्थ्यो ।

बढ्दो सडक सञ्जाल, घट्दो हवाई यात्रु, साना जहाज नै कम हुनु र चर्को भाडाका कारण सर्ट टेकअफ ल्यान्डिङ (स्टल) अर्थात् छोटो धावनमार्ग भएका दुर्गम क्षेत्रका विमानस्थलहरू स्तरोन्नति गर्दा पनि नियमित सञ्चालनमा ल्याउन नसकेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए । 'प्राधिकरणले पटक-पटक सरकारी र निजी वायुसेवा कम्पनीलाई सञ्चालनका लागि आग्रह गरे पनि कुनै चासो देखाएका छैनन्,' उनले भने, 'भौगोलिक कठिनाइका साथै दुर्गममा लोडको ग्यारेन्टी कम हुने भएकाले वायुसेवा कम्पनीहरूले उडान भर्न मान्दैनन् ।' नियमित उडान गर्न सम्भव छ कि छैन भनेर सम्भाव्यता अध्ययन नगरी नेता र उच्चाधिकारीहरूको लहडमा विमानस्थलहरू स्तरोन्नति गर्दा करोडौँ नोक्सान भएको छ ।

अहिले देशभर तीन अन्तर्राष्ट्रियसहित ५५ विमानस्थल निर्माण भएका छन् । जसमध्ये ३३ विमानस्थलमा मात्र उडान तथा अवतरण हुने गरेको छ । बन्द हालतमा रहेका २२ विमानस्थलमध्ये नौवटा पक्की र १३ कच्ची रहेको क्यानको तथ्यांक छ । कुल विमानस्थलमध्ये ४२ विमानस्थल (उडान नहुनेसमेत) पक्की रहेको सूचना अधिकारी भुलले जानकारी दिए । उडान नहुने धेरैजसो विमानस्थल घाँसे मैदान, फुटबल मैदान र गौचरनमा परिणत भइसकेका छन् । कतिपय त विमानस्थल नै हो कि होइन भनेर ठम्याउन नसकिने स्थितिमा पुगेका छन् ।

### यी हुन् पक्की भएर पनि उडान नहुने विमानस्थल

बैतडीको पाटन विमानस्थलमा नियमित उडान गर्ने भनेर धावनमार्ग र एप्रोन पिच गरियो । ५९० मिटरको धावनमार्ग र एप्रोन पिच गर्न तथा विमानस्थलको कार्यालय भवन निर्माणमा १६ करोड रुपैयाँभन्दा बढी खर्च भइसकेको छ । कालोपत्रे भएपछि समिट एयरले केही समय उडान गरे पनि ०७७ चैतयता उडान हुन सकेको छैन । ०३५ मा सञ्चालनमा आएको यो विमानस्थल माओवादी सशस्त्र युद्ध सुरु भएकै वर्ष ०५२ देखि बन्द छ ।

त्यस्तै, ०७२ मा साढे पाँच अर्ब खर्चेर कालोपत्रे गरिएको रुकुम पश्चिमको चौरजहारी विमानस्थलमा ०७५ देखि एउटै उडान हुन सकेको छैन । ०२८ मा सञ्चालनमा आएको विमानस्थलमा जहाज उडाउन कठिन भएको भन्दै ४४ वर्षपछि पिच गरिएको थियो ।

सांसद प्रेमबहादुर आलेले चुनावी प्रतिबद्धताबमोजिम डोटीको दिपायल विमानस्थल ०७७ मा पिच गराए, तर नियमित उडान गराउन सकेनन् । पौने सात करोडमा चार वर्ष लगाएर पक्की बनाइएको विमानस्थलमा केही समय समिट एयर र नेपाल वायु सेवा निगमले धनगढीबाट उडान गरे पनि अहिले विमानस्थल बन्द छ । अझै विमानस्थल विस्तार गरेर ४५ सिटका जहाज उडाउन मिल्ने बनाउने लक्ष्य थियो, तर जग्गा अधिग्रहणमा किचलो निस्किएर अलपत्र छ ।

त्यस्तै, ०७२ मा कालोपत्रे गरिएको डोल्पाको मसिनेचौर विमानस्थलमा अहिलेसम्म परीक्षण उडानसमेत हुन सकेको छैन । सडकमार्गले छुन नसकेको डोल्पामा जुफाल विमानस्थलको विकल्पका रूपमा मसिनेचौर विमानस्थल निर्माण गरिएको थियो । ०७२ मा कालोपत्रे गरेको ओखलढुंगाको रुम्जाटार विमानस्थलमा पनि नियमित उडान हुन सकेन । कालीकोट विमानस्थल पनि निर्माण सम्पन्न भइसकेको छ । ६९० मिटरको धावनमार्ग कालोपत्रे गरेर टल्काइएको छ । निर्माणमा अहिलेसम्म २५ करोड खर्च भएको विमानस्थलमा उडान कहिलेदेखि सुरु हुन्छ भन्ने निश्चित छैन ।

त्यस्तै, ०४८ देखि बन्द बागलुङको बलेवा विमानस्थलमा २६ वर्षपछि ९ चैत ०७४ मा विमान अवतरण भएकोमा केही महिनामै बन्द भयो भने ०७० मा नौ करोड खर्चेर स्तरोन्नति गरिएको मनाङको हुम्दे विमानस्थल पनि ०७६ मा एउटा परीक्षण उडान गरेर हालसम्म बन्द छ ।

### यी हुन् उडान नहुने १३ कच्ची विमानस्थल

देशभर १३ स्टल विमानस्थल कच्ची छन्, जहाँ उडान पनि हुँदैन । उक्त क्षेत्रमा सडक सञ्जालको पहुँच पुग्नुका साथै साना जहाज र यात्रुको अभावले विमानस्थल बन्द भएका हुन् । ती विमानस्थल अधिकांशजसो गौचरन र फुटबल मैदानमा परिणत भएको स्थानीयहरू बताउँछन् । ती १३ विमानस्थलहरू दार्चुला, बागलुङको ढोरपाटन, गोरखाको पालुङटार, दोलखाको जिरी, सोलुखुम्बुको कागेलडाँडा र स्याङ्बोचे, ओखलढुंगाको खिजी चण्डेश्वरी, रसुवाको लाङटाङ, कञ्चनपुरको महेन्द्रनगर, चितवनको मेघौली, रोल्पा, कैलालीको टीकापुर र अछामको कमलबजार विमानस्थल हुन् । कमलबजार विमानस्थल ०५८ मा माओवादीले आक्रमण गरेपछि परीक्षण उडानसमेत गर्न नपाउँदै उडान बन्द भएको थियो । यीमध्ये ढोरपाटन, पालुङटार, जिरी, लाङटाङ, मेघौली, स्याङ्बोचे विमानस्थलको त अस्तित्व नै मेटिन लागिसकेको छ ।

### ३३ विमानस्थल जहाँ हुन्छ नियमित उडान

३३ विमानस्थलमा मात्र नियमित उडान हुन्छ । क्यानका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (आन्तरिक उडान मात्र), पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (आन्तरिक उडान मात्र), पोखरा डोमेस्टिक एयरपोर्ट (पुरानो), बाँकेको नेपालगन्ज, कैलालीको धनगढी, बाजुरा, चितवनको भरतपुर, बझाङ, भोजपुर, मोरङको विराटनगर, झापाको चन्द्रगढी, दाङ, डोल्पाको जुफाल, इलामको फाल्गुनन्द सुकिलम्बा, रामेछाप, मुगुको रारा, बाराको सिमरा, सुर्खेत, पश्चिम रुकुमको सल्ले, हुम्लाको सिमिकोट, अछामको साँफेबगर, संखुवासभाको तुम्लिङटार, सोलुखुम्बुको लुक्ला, ताप्लेजुङ, खोटाङको थामखर्क र गुल्मीको रेसुंगा विमानस्थलमा उडान भइरहेको छ । तर, सञ्चालनको सूचीमा रहे पनि दुर्गम क्षेत्रका धेरै विमानस्थलहरूमा जहाज र यात्रुको अभावमा सातामा एक वा दुईवटा मात्रै उडान हुने गर्छन् ।



०७० मा नौ करोड खर्चेर स्तरोन्नति गरिएको मनाङको हुम्दे विमानस्थल पनि ०७६ मा एउटा परीक्षण उडान गरेर हालसम्म बन्द छ ।

### यी विमानस्थलमा राति पनि उडान

अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसहित झापाको चन्द्रगढी, मोरङको विराटनगर, धनुषाको जनकपुर, बाराको सिमरा, बाँकेको नेपालगन्ज, कैलालीको धनगढी, चितवनको भरतपुर र सप्तरीको राजविराज गरी १० विमानस्थलमा रात्रिकालीन उडान हुँदै आएको छ । जसमध्ये विराटनगर, नेपालगन्ज र भरतपुर विमानस्थलको धावनमार्ग विस्तार र नयाँ टर्मिनल भवन निर्माण हुँदै छ । क्यानले क्रमशः देशका व्यस्त विमानस्थलहरू स्तरोन्नति गर्दै लैजाने योजना बनाएको छ ।

### पोखरा र भैरहवामा भएन अन्तर्राष्ट्रिय उडान

भैरहवा र पोखरामा निर्माण गरिएका अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । करिब ६० अर्ब रुपैयाँ खर्चिएर बनाइएका विमानस्थलमा अन्तर्राष्ट्रिय उडान नभएपछि संसद्, संसदीय समितिदेखि जनस्तरबाट पनि सरकारको आलोचना हुँदै आएको छ । २ जेठ ०७९ देखि भैरहवाको गौतम बुद्ध र १७ माघ ०७९ देखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याइएको थियो ।

क्यानले अन्तर्राष्ट्रिय वायुसेवा आकर्षित गर्ने भनेर भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय उडान आकर्षित गर्न ल्यान्डिङ, पार्किङ, नेभिगेसन, ग्राउन्ड ह्यान्डलिङलगायत सेवामा छुट दिएको छ । तैपनि उडान गर्न कुनै अन्तर्राष्ट्रिय वायुसेवा तयार देखिएका छैनन् । भैरहवामा सुरुवाती समयमा कुवेतको जजिरा एयरवेजले उडान गरे पनि पोखरामा अहिलेसम्म केही चार्टर्डबाहेक एउटै नियमित उडान हुन सकेको छैन ।

### विमानस्थल सधैँ बन्द, सरकारको आश्वासन सधैँ खुला

सरकारले हरेक वर्षको बजेटमा बन्द विमानस्थल सञ्चालनबारे कुनै न कुनै आश्वासन बाँडिरहेको हुन्छ । बन्द विमानस्थल स्तरोन्नति गरेर चलाउने भन्दै सम्बन्धित क्षेत्रका नेताहरूको दबाबमा सरकारले बजेटको व्यवस्था गर्छ । तर, कार्यान्वयन भने कहिल्यै हुँदैन । पछिल्लो समय बन्द विमानस्थललाई वैकल्पिक प्रयोगमा ल्याउनेबारे चर्चा हुन थालेको छ ।

निवर्तमान अर्थमन्त्री वर्षमान पुनले चालू आर्थिक वर्षको बजेट वक्तव्यको बुँदा ७६ मा उल्लेख गरेका छन्, 'सञ्चालनमा नरहेका बलेवा, लामीडाँडा, मनाङ, रुम्जाटार, बैतडीलगायत आन्तरिक विमानस्थललाई निजी क्षेत्रको सहकार्यमा प्याराग्लाइडिङ, प्यारासुट, स्काई डाइभिङ, अल्ट्रालाइटजस्ता मनोरञ्जनात्मक साहसिक पर्यटनका लागि उपयोग गरिनेछ ।'

त्यस्तै, ०८०/८१ को बजेटको बुँदा १९२ मा भनिएको थियो, 'विराटनगर, भरतपुर, नेपालगन्ज र धनगढी विमानस्थलहरूको स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गरिनेछ । रुकुमको चौरजहारी, दाङको टरीगाउँ, उदयपुरको सगरमाथा, जुम्लाको खलंगालगायत विमानस्थलको स्तरोन्नति गरिनेछ । दुर्गम क्षेत्रमा उडान गर्ने हवाई कम्पनीलाई सहुलियत दिई हवाई यातायात सुविधालाई सहज र सुलभ बनाइनेछ ।'

त्यसअघि ०७९/८० को बजेटको १०१ र १०२ बुँदामा समेटिएको थियो, 'धनगढी विमानस्थललाई स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ । सुर्खेतको रामघाटमा प्रादेशिक विमानस्थल निर्माण कार्य अघि बढाइनेछ । आन्तरिक हवाई सेवाको गुणस्तर अभिवृद्धि गर्न र पहुँच विस्तार गर्न डडेल्धुरा, बलेवा, दाङ, टरीगाउँ, टीकापुर, चौरजहारीलगायत विमानस्थलको स्तरोन्नति गरिनेछ । यस्तै उदयपुर विमानस्थलको निर्माण कार्य प्रारम्भ गरिनेछ ।'

०७८/७९ को बजेटमा पनि यस्तै आश्वासन थियो । भनिएको थियो, 'चौरजहारी, टरीगाउँ, टीकापुर, डडेल्धुरा र बलेवा विमानस्थलको स्तरोन्नतिका लागि बजेटको व्यवस्था गरिएको छ । उदयपुर विमानस्थल निर्माण कार्य थालिनेछ ।' यसअघिका बजेटमा पनि बन्द विमानस्थल सञ्चालनबारे कुनै न कुनै बुँदा समेटिँदै आइरहेको देखिन्छ ।

## किन बन्द भए विमानस्थल ?

दुर्गम क्षेत्रका विमानस्थल बन्द हुनुमा सडक यातायातको सुविधा पुग्नु मुख्य कारण हो । अहिले धेरैजसो ठाउँमा सडक यातायात पुगिसकेको छ । मनाङको चामेसम्म सडक निर्माण भएर गाडी चल्न थालेपछि हुम्दे विमानस्थलमा जहाज उड्न छाडेको पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङ बताउँछन् ।

सडक पुगेपछि जनताले यात्राको विकल्प पाएका छन् । दुर्गम क्षेत्रमा छोटो धावनमार्ग हुनु, साना जहाज उडाउँदा भाडा महँगो हुनु र तीव्र बसाइँसराइका कारण पहाडमा यात्रुको अभाव हुनुले पनि धेरै विमानस्थल बन्द भइसकेका छन् । सञ्चालनमा रहेका विमानस्थलमा पनि साताको एक-दुई मात्र उडान हुने गरेको देखिन्छ ।

देशभर रहेका ५५ विमानस्थलमध्ये अधिकांश स्टल (दुर्गम तथा छोटो धावनमार्ग भएका) हुन् । सरकारले दुर्गम उडान नियमित गर्ने नीति पनि ल्याउन सकेको देखिँदैन । अहिले जोखिम बढी हुने दुर्गम क्षेत्र र सुगम क्षेत्रमा उडान गर्ने वायुसेवालाई एउटै व्यवहार गरिएको छ । इन्धनको मूल्यदेखि पार्टपुर्जा र जहाज खरिदमा एउटै नीति छ । यसैले वायुसेवा कम्पनीहरू जोखिम मोलेर दुर्गममा उडान गर्नुभन्दा सुगम गन्तव्यतर्फ उडान गर्न केन्द्रित भएको देखिन्छ । त्यसो त दुर्गम उडानमा सिजनल हुन्छ र यात्रु पनि एकतर्फी मात्र हुने वायुसेवा कम्पनीको भनाइ छ ।

'हिजोका दिनमा पहाडमा वायुयान नै प्रमुख साधन थियो, सडक पुगेको थिएन, मान्छेलाई सकिनसकी जहाज चढ्नैपर्ने बाध्यता थियो,' क्यानका सूचना अधिकारी भुल भन्छन्, 'अहिले जहीँ-तहीँ सडक पुगेको छ, भाडा पनि चर्को छ, फेरि बसाइसराइँका कारण यात्रु पनि कम हुन्छन् ।' दुर्गममा पाइलटले आँखाले हेरेर भिएफआर उडान गर्नुपर्ने हुँदा दुर्घटनाको सम्भावना बढी हुन्छ । दुर्घटनाले वायुयानको संख्या पनि घट्दै गएका छन् । दुर्घटनाग्रस्त जहाजबाट प्राप्त हुने इन्स्योरेन्सले नयाँ जहाज किन्न सक्ने स्थिति पनि रहेन ।

दुर्गम उडानबाट सर्भाइभ हुन नसक्ने स्थिति बनेपछि निजी वायुसेवा कम्पनी स्टल उडानबाट ब्याक हुन थालेका छन् । एक वायुसेवा कम्पनीका सञ्चालकले भने, 'नेताहरूलाई गाउँमै विमानस्थल चाहिने । तर, नियमित उडान गर्न जहाज र यात्रु चाहिन्छन् । एयरपोर्ट पिच गर्दैमा नियमित उडान हुने हो र ?'

## वर्षभरि...

पृष्ठ १ बाट क्रमशः

विधेयकको दफा ३(१)मा नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट, आवधिक योजना र क्षेत्रगत नीति तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताद्वारा सिर्जित दायित्वसमेतका आधारमा सम्बन्धित मन्त्रालयले प्रत्येक वर्ष तर्जुमा गर्नुपर्ने विधेयक पहिचान गरी प्रत्येक वर्षको जेठ महिनाभित्र विधेयकको प्राथमिकताक्रम खुलाई कानुन मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ ।

उपदफा (२)मा सम्बन्धित मन्त्रालयबाट प्राप्त विवरणका आधारमा कानुन मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग छलफल गरी संघीय संसद्मा पेस गर्न विधेयकको प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यतालिका निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपदफा (३) ले वार्षिक कार्यतालिका कानुन मन्त्रालयले असार मसान्तभित्र संघीय संसद्मा पठाउनुपर्ने भनेको छ ।

उपदफा (४) ले वार्षिक कार्यतालिकाबमोजिम विधेयकको मस्यौदा तर्जुमा गर्नुपर्ने भनेको छ । यसअनुसार अब सरकार क्यालेन्डरअनुसार विधेयक मस्यौदा गरी संसद्मा पठाउनैपर्ने बाध्यकारी हुनेछ ।

उपदफा (५) मा कुनै विषयमा तत्काल विधेयकको मस्यौदा तर्जुमा गर्नुपरेमा त्यसको उद्देश्य र कारण खुलाई विधेयकको मस्यौदा तर्जुमा गर्न बाधा नपर्ने पनि भनिएको छ । अर्थात् तत्कालै कुनै कानुन संशोधन एवं नयाँ कानुन बनाउनुपरेमा त्यसको स्पष्ट उद्देश्य र कारण दिनुपर्नेछ । हतारोमा केही नेपाल ऐन संशोधन विधेयक ल्याएर हचुवामा एकैपटक कानुन संशोधन गर्न पाइनेछैन ।

समिति सदस्य सोबिता गौतमले सरकारले मन लागेको वेला आफूखुसी कानुनको मस्यौदा ल्याउने प्रवृत्तिलाई यो विधेयकले नियन्त्रण गर्ने बताइन् । 'अब सरकारले प्राथमिकताक्रम निर्धारण गरेर बनाउनुपर्ने कानुनको सूची तयार पारेर संसद् सचिवालयलाई दिन्छ । संसद्ले पनि त्यसअनुसार योजना बनाउँछ । र, सरकारले सूचीअनुसार विधेयक मस्यौदा गरेर संसद्मा पेस गर्छ,' उनले भनिन्, 'यो बाध्यकारी व्यवस्थाले केही नेपाल ऐन संशोधनमार्फत सरकारले आफूखुसी कानुन बनाउने प्रवृत्ति अन्त्य हुनेछ । यसले अध्यादेश नै ल्याउनुपर्ने परिस्थिति पनि बन्दैन ।' तर, कुनै वेला अकस्मात कानुन बनाउनुपर्ने भए स्पष्ट आधार र कारण खुलाएर सरकारले तत्कालै विधेयक ल्याउन सक्ने सुविधा दिएको उनको भनाइ थियो ।

यो विधेयक प्रतिनिधिसभाबाट पारित भएपछि सन्देशसहित राष्ट्रिय सभा जानेछ । राष्ट्रिय सभा अध्यक्षले प्रमाणित गरी राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाउनेछन् । प्रमाणीकरण भएपछि ऐनका रूपमा कार्यान्वयनमा आउनेछ । यसअघि कानुनको मस्यौदा गर्ने छुट्टै ऐन थिएन । नेपाल सरकार (कार्यसम्पादन) नियमावली र मन्त्रिपरिषद्ले स्वीकृत गरेको कानुन आयोगको 'कानुन तर्जुमा दिग्दर्शन'अनुसार विधेयकको मस्यौदा हुने गरेको थियो ।

विधेयकले प्रत्यायोजित विधायन (नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, गठन आदेश)को निर्माण तथा त्यसको सीमा तोकेको छ । प्रत्यायोजित विधायनमा के के समावेश गर्ने, के नगर्ने भन्ने विधेयकमा स्पष्ट उल्लेख गरिएको छ । प्रत्यायोजित विधायनको समयसीमा ६ महिना तोकेको छ । 'अब ऐन बनेको ६ महिनाभित्र नियमावली आउनैपर्छ । त्यो पनि ऐनको सीमाभित्र रहेर आउनुपर्छ । सीमाभित्र छ कि छैन भनेर संसदीय समितिले परीक्षण गर्नेछ,' समिति सदस्य गौतमले भनिन् ।

विधेयकको दफा ३१ मा प्रत्यायोजित विधायन जारी भएको ३० दिनभित्र संसदीय समितिलाई सम्बन्धित मन्त्रीले उपलब्ध गराउनुपर्ने उल्लेख छ । उक्त प्रत्यायोजित विधायनको समितिले संसदीय जाँच तथा परीक्षण गर्न सक्नेछ । जाँचको कार्यविधि समितिले आफैँ बनाउने भनिएको छ । कार्यविधिबमोजिम सरोकारवाला निकायको ध्यानाकर्षण गराउने, परीक्षणमा कुनै कैफियत देखिए संशोधन गर्न निर्देशन दिनेछ ।

विधेयकमा अनिवार्य रूपमा अभिलेख राख्न बाध्य गरिएको छ । अहिले मन्त्रालयबाट जारी भएको नियमावलीहरू भेटिँदैनन्, तथ्यांक पनि छैन । यसलाई व्यवस्थित गर्न विधेयकमा ऐन र अध्यादेश तथा प्रत्यायोजित विधायनको अभिलेख राख्नुपर्ने अनिवार्य व्यवस्था गरिएको हो । अभिलेख व्यवस्थापनका लागि हरेक निकायमा छुट्टै शाखा तोक्नुपर्ने भनिएको छ ।

दफा २३ मा प्रमाणीकरण भएका ऐनको एकप्रति राष्ट्रपति कार्यालय, दुईप्रति कानुन मन्त्रालय र अन्य एक/एकप्रति मन्त्रिपरिषद् कार्यालय र संसद् सचिवालयमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । ऐन र अध्यादेश प्राप्त गरेपछि प्रत्येक निकायले दर्ता नम्बर तथा पृष्ठसंख्यासहित अभिलेख कायम गरी सुरक्षित राख्नुपर्नेछ ।

कानुन मन्त्रालयले प्रत्येक वर्ष वैशाखभित्र अघिल्लो वर्ष प्रमाणीकरण भएका प्रत्येक ऐन तथा अध्यादेशको एक-एकप्रति राष्ट्रिय अभिलेखालयमा पठाउनुपर्ने उल्लेख गरिएको छ । राष्ट्रिय अभिलेखालयले प्राप्त ऐन र अध्यादेशको प्रमाणित प्रति दर्ता नम्बर तथा पृष्ठसंख्यासहितको अभिलेख कायम गरी आवश्यकताअनुसार विद्युतीयप्रतिसमेत तयार गरी अभिलेख राख्नुपर्नेछ ।

यसैगरी, दफा २८ मा सरकारबाट स्वीकृत वा जारी भएका प्रत्यायोजित विधायन (नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, गठन आदेश)को प्रमाणित एकप्रति मन्त्रिपरिषद् कार्यालय र अन्य एक/एकप्रति सम्बन्धित मन्त्रालय र कानुन मन्त्रालयमा सुरक्षित राख्नुपर्ने व्यवस्था गरिएको छ । विधेयकमा उल्लेख भएअनुसार अभिलेख व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालय वा निकायका प्रशासनिक प्रमुखले आफ्नो कुनै महाशाखा वा शाखालाई अभिलेख राख्ने शाखाको रूपमा तोक्नुपर्नेछ ।

## वरीयता...

पृष्ठ १ बाट क्रमशः

राजीनामा दिएको हो । नियम र कानुनअनुसार जाने हो भने निर्देशक बन्ने मेरो पालो थियो । तर, राज्यले नै हस्तक्षेप गरेर मभन्दा जुनियर ल्यायो । त्यसपछि सोही पदमा बस्न ठिक लागेन र राजीनामा दिएँ । राज्यले पहिलोपटक महिला निर्देशक पाउँदै थियो । तर, यहाँ हस्तक्षेप भयो,' उनले नयाँ पत्रिकासँग भनिन् ।

यदि निर्देशक पदमा नियुक्त भएको भए कीर्तिमानी वैद्य तालिम तथा प्रशिक्षक विभाग प्रमुख बन्ने पहिलो महिला हुने थिइन् । वैद्यले आफ्नो सेवावधि सकिन आठ वर्षअघि नै पदबाट राजीनामा दिएकी छिन् ।

मन्त्रीकै ठाडो निर्देशनपछि सदस्यसचिव घिसिङले शुक्रबार नै प्रसाईंलाई नियुक्ति-पत्र दिएका छन् । दवावकै कारण नियुक्तिको विषयमा राखेप सदस्यसचिव घिसिङले 'केही नबोल्ने' प्रतिक्रिया दिए ।

कोशी प्रदेशमा कराँते प्रशिक्षण गराइरहेका प्रसाईंलाई कांग्रेस केन्द्रीय सदस्य शेखर कोइरालाको दबाबमा मन्त्री चौधरीले निर्देशक बनाएको आरोप छ । तर, प्रसाईंले आफूले निर्देशक बन्न हस्तक्षेप नगरेको दाबी गरेका छन् ।

'मैले हस्तक्षेप गरेर निर्देशक पद लिएको हैन । योग्यताअनुसार नै पाएको छु । संगिनाभन्दा पनि म सिनियर भएको दाबी गर्छु । त्यसका लागि राखेपमा गएर कागजपत्र हेर्नुहोला । सबै कागज र प्रक्रिया हेरेर नै सदस्यसचिव र मन्त्रीज्यूले नियुक्त गर्नुभएको छ । मलाई मिडियाबाजी गर्न मन पर्दैन । शुक्रबार नै मैले नियुक्ति-पत्र लिइसकेको छु । अब, चाँडै कार्यभार सम्हाल्न काठमाडौं फर्कन्छु,' उनले नयाँ पत्रिकासँग भने ।

नियुक्तिका आधारमा पनि प्रसाईं वैद्यभन्दा एक महिना पछाडि छन् । यसअघि वैद्यले ३० भदौ ०५२ मा राखेपमा नियुक्ति पाएकी थिइन् भने उनको बढुवा २१ पुस ०६३ मा भएको थियो । विराटनगरका प्रसाईंको नियुक्ति १ असोज ०५२ मा भएको थियो । बढुवा २६ पुस ०६४ मा भएको हो । प्रसाईंको सेवावधि ०८२ वैशाखसम्म मात्रै छ ।

अघिल्लो साता सेवा निवृत्त भएपछि विभागका निर्देशक बक्सिङका वरिष्ठ प्रशिक्षक प्रचण्ड शर्माको बिदाइ भएको थियो । यसपछि उपनिर्देशक रहेका वैद्य र विष्णुबहादुर सिंहमध्ये एकको बढुवा हुनुपर्ने थियो । तर, मन्त्री तेजुलाल चौधरीले ठाडो हस्तक्षेप गर्दै कोशी प्रदेशमा कार्यरत प्रसाईंलाई नियुक्ति दिलाएका हुन् ।

मन्त्री चौधरीले नियुक्ति प्रक्रियामा आफ्नो केही नचल्ने र सिनियर कोही भए निर्देशक बन्न पाउने बताए । 'नियुक्ति प्रक्रियामा मेरो केही चल्दैन, नियुक्ति-बढुवा सबै काम सदस्यसचिवको हो । मैले उहाँलाई सिनियरअनुसार निर्देशक चाहियो भनेर निर्देशन गरेको छु । मलाई को सिनियर थाहा हुँदैन, उपनिर्देशक नै निर्देशक हुनुपर्छ मात्रै थाहा छ,' उनले भने, 'सिनियर कोही छ भने निर्देशक बन्न पाउँछ । नयाँ आउनेको पनि ६ महिनापछि जिम्मेवारी सकिन्छ । सदस्यसचिवलाई मिलाएर जानुस् भनेको हो ।'

### सीधै ओलम्पिक छनोट भएकी थिइन् वैद्य

सन् २००४ को ग्रिस ओलम्पिकमा छनोट चरण पार गर्दै ओलम्पिक खेल्ने तेक्वान्दोकी संगिना पहिलो खेलाडी हुन् । त्यसपछि मात्रै सन् २००८ मा सीधै छनोटबाटै ओलम्पिकमा स्थान बनाएकी थिइन् । हालै टेबल टेनिसका स्यान्टु श्रेष्ठले यो उपलब्धि हासिल गरेका थिए । सन् १९९९ मा काठमाडौंमा सम्पन्न आठौँ दक्षिण एसियाली महासंघीय खेलकुद (हालको साग) र सन् २००४ पाकिस्तानमा भएको साफमै स्वर्ण पदक जितेकी थिइन् । सन् १९९९ मा स्वर्ण पदक जितेपछि उनी राखेपको प्रशिक्षकका रूपमा प्रवेश गरेकी थिइन् । सन् २००६ मा कोलम्बोमा भएको ११औँ सागमा स्वर्ण पदक जितेकी थिइन् । उनी १९९६ मा भएको १२औँ एसियन तेक्वान्दो च्याम्पियनसिपको स्वर्ण विजेता हुन् ।


दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ्ग, काठमाडौं
बागमती प्रदेश, नेपाल

**E-GP मार्फत सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रकाशित मिति : २०८१/०५/२४

यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दाको प्रकाशित गरिने सूचनाहरु न्यूनतम दररेटमा 'क' वर्गको राष्ट्रियस्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशित गर्नुपर्ने भएकोले उक्त कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनी तथा विज्ञापन एजेन्जीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको E-GP System को माध्यमबाट सिलबन्दी दरभाउपत्रमा भाग लिनका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत सूचना www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

तपशिल

| क्र.सं. | सूचना नं. | विवरण | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | धरौटीर जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | DM/SQ/Advsevices/ 2081/082/01 | राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन | रु. १,०००.०० | ४५,०००.०० (अक्षरुपी रु. पैत्तालीस हजार) |

दक्षिणकाली नगरपालिका



चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश, नेपाल

**क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी उत्पादक वा विक्रेताहरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव दर्ता आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः- २०८१/०५/२४ गते

चालु आ.व.०८१/८२ को लागि यस नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार चैनपुर आधारभूत अस्पतालको लागि देहाय बमोजिमको एम्बुलेन्स सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क)(८) बमोजिम त्यस्तो सवारी साधन उत्पादन कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ विधि) बाट खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिमको सर्तहरुको अधिनमा रही आधिकारिक विक्रेताहरुबाट शिलबन्दी प्रस्ताव दर्ता गराउने सम्बन्धी जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक इजाजतपत्र उत्पादन कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorization आ.व. ०७९/८० को कर चुक्ता प्रमाणपत्र, त्यस्तो सवारी साधन आपूर्ति गरेको विस्तृत विवरण सम्बन्धित कार्यानुभवको प्रमाण पत्र सहित कागजातहरुको प्रतिलिपिहरु समावेश गरी देहाय अनुसारको एम्बुलेन्स उत्पादनको प्राविधिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गराइसक्नु पर्नेछ ।
२. दर्ता हुन आएका प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले १६औं दिनको (मिति २०८१/०६/०८ गते) १२:०० बजे खोलिनेछ ।
३. एम्बुलेन्सको स्वीकृत प्राविधिक स्पेसिफिकेसन यस कार्यालयबाट निःशुल्क तथा यस कार्यालयको वेभसाइट www.chainpurmun.gov.np बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।
४. प्रस्ताव सम्बन्धि थप केही बुझ्नु परेमा ९८४२१०१२८२ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

| सि.नं. | सवारी साधनको विवरण | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | एम्बुलेन्स | Mahendra Bolero Ambulance 4WD/ Tata yodha 4WD van/jeep/ pickup type Ambulance, Right hand Drive with 4*4 drive system, Category-B Ambulance or more | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ |

प्रमुख प्रशासकीय अधिकृत

# पलेसाको पुरस्कार ९८ लाख पुग्यो

## पारा ओलम्पिककी कांस्य पदक विजेता पलेसा गोवर्द्धन आइतबार नेपाल तेक्वान्दो संघबाट १० लाख र कांग्रेसबाट पाँच लाख नगद पुरस्कारसहित सम्मानित



कांग्रेसले आइतबार आयोजना गरेको कार्यक्रममा नगदसहित सम्मान ग्रहण गर्दै पलेसा।

**नयाँ पत्रिका**

पारा ओलम्पिक खेलकुद प्रतियोगितामा कांस्य पदक जितेकी तेक्वान्दो खेलाडी पलेसा गोवर्द्धनले स्वदेश फर्केको एक साताभित्र ९८ लाख रुपैयाँ पुरस्कार पाएकी छिन्। पारा ओलम्पिकमा ऐतिहासिक कांस्य पदक जित्दै पलेसा गत साता स्वदेश फर्केकी थिइन्। स्वदेश फर्केपछि उनलाई नगदसहित सम्मान थाप्न भ्याइनभ्याई छ।

पलेसा आइतबार एकै दिन दुई फरक-फरक कार्यक्रममा नगदसहित सम्मानित भइन्। कांग्रेसले सानेपास्थित केन्द्रीय कार्यालयमा पाँच लाख र नेपाल तेक्वान्दो संघले १० लाख रुपैयाँसहित उनको सम्मान गरेका छन्। सरकारबाट कर छुटसहित ६५ लाख र एनसेलले १० लाख रुपैयाँ दिने घोषणा गरेका छन्।

गत बुधबार राष्ट्रिय खेलकुद परिषद्ले भव्य स्वागतसहित नगर परिक्रममा गरेकै दिन पलेसाले राष्ट्रपति रामचन्द्र पौडेल तथा प्रधानमन्त्री केपी ओलीबाट सम्मान थापेकी थिइन्। प्रधानमन्त्री ओलीले नेपाललाई पारा ओलम्पिक खेलकुद प्रतियोगितामा ऐतिहासिक कांस्य दिलाएकी खेलाडी पलेसालाई सरकारले दिने ६५ लाख रुपैयाँमा कर छुट हुने बताएका थिए।

पलेसाले अहिलेसम्म काठमाडौं महानगरपालिकाबाट पाँच लाख, नेपाल उद्योग वाणिज्य महासंघबाट तीन लाख रुपैयाँ पाइसकेकी छिन्। गत शुक्रबार माओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पलेसालाई सम्मान गरेका थिए।

### प्रशिक्षक नेगीले पाए २९ लाख

नेपाललाई पारा ओलम्पिकमा पदक दिलाउन प्रमुख प्रशिक्षकको भूमिका निर्वाह गरेका कविराज नेगी लामा



पनि पलेसासँगै नगदसहित सम्मानित भइरहेका छन्। प्रशिक्षक कविराजले पनि अहिलेसम्म २८ लाख ७५ हजार रुपैयाँ पाएका छन्। सरकारले १० लाख र एनसेलले १० लाख रुपैयाँ दिने घोषणा गरेका छन्।

काठमाडौं महानगरबाट तीन लाख, उद्योग वाणिज्य महासंघबाट एक लाख २५ हजार, कांग्रेसबाट एक लाख ५० हजार र नेपाल तेक्वान्दो संघबाट तीन लाख रुपैयाँ नगद पुरस्कारबाट उनी सम्मानित भएका छन्। कांग्रेसले पारा ओलम्पिकमा सहभागी तेक्वान्दो खेलाडी भरतसिंह महतालाई ५० हजार नगदसहित प्रशंसापत्र दिएको छ।

### पलेसाले देशको इज्जत र प्रतिष्ठा बढाइन् : देउवा

कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सम्मान कार्यक्रममा पलेसाले पार ओलम्पिकमा पहिलो पदक जितेर नेपालको इज्जत र प्रतिष्ठा बढाएको बताएका छन्।



'ओलम्पिकमा पलेसाको सफलताले देशको इज्जत र प्रतिष्ठा बढाएको छ। उनको यो सफलताले अन्य खेलाडीलाई पनि उत्साहित गर्नेछ,' देउवाले भने, 'कीर्तिमान रचेकी खेलाडीलाई आगामी दिनमा अझ बढी सफलताका लागि शुभकामना छ।'

यसैगरी, खेलकुदमन्त्री तेजुलाल चौधरीले पलेसाले ऐतिहासिक पदक जित्दै देशको गौरव बढाएको बताउँदै शिक्षा, रोजगारी र स्वास्थ्यमा ध्यान दिन सके खेलाडी विदेश पलायन हुने अवस्थालाई रोक्न सकिने धारणा राखेका छन्। कांग्रेस केन्द्रीय सदस्य एवं खेलकुद विभाग प्रमुख उमेशजंग रायमाझीले पारा खेलकुदमार्फत विश्वव्यापी रूपमा नेपाललाई चिनाएको बताए। खेलकुद राज्यको प्राथमिकतामा पर्नुपर्ने बताउँदै अहिलेको बजेट खेलकुदका लागि अपुग भएको उनको भनाइ छ।

### तेक्वान्दो संघको सम्मान

नेपाल तेक्वान्दो संघले आइतबार साँझ पलेसासँगै पारा तेक्वान्दो टोलीलाई नगदसहित सम्मान गरेको छ। संघले प्रशिक्षक कविराज र खेलाडी भरतसिंह महतालाई नगदसहित सम्मान गरेको हो। संघको सम्मान कार्यक्रममा नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठले पलेसालाई २५ हजार र खेलाडी भरतलाई व्यक्तिगत रूपमा १० हजार रुपैयाँ प्रदान गरेका छन्।

संघलेले पारा तेक्वान्दोको विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पारा कमिटीको संयोजक कसिम मियाँ धोबीलाई सम्मान गर्‍यो। संघले पलेसाका आमाबुबालाई पनि सम्मान गरेको थियो। १४ भदौमा पेरिसमा भएको पारा ओलम्पिकअन्तर्गत तेक्वान्दोको के-४४ तर्फ महिला ५७ तौल समूहमा पलेसाले सर्बियाकी मारिजा मिचेभलाई १५-८ ले हराउँदै कांस्य जितेकी थिइन्।

# नेपाल प्रिमियर लिगको खेलाडी छनोट अक्सनबाट

## सहभागी आठ टोलीले कम्तीमा १६ खेलाडी राख्न पाउने

**नयाँ पत्रिका**

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा हुने नेपाल प्रिमियर लिग (एनपिएल)मा सहभागी टोलीले खेलाडी छनोट अक्सनबाट गर्नुपर्ने भएको छ। गत बिहीबार क्यानले टोलीको स्वामित्व ग्रहण गर्न बोली लगाएको थियो। जसमा पोखराको नेपाल टी-२० प्रालि सर्वाधिक महँगो टोली बनेको छ। क्यानले नेपाल प्रिमियर लिग ३० नोभेम्बरदेखि २१ डिसेम्बरसम्म त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा गर्दै छ।

क्यानले खेलाडी छनोट अक्सन सेप्टेम्बरको अन्तिम सातामा गर्नेछ। प्रत्येक टोलीले कम्तीमा १६ खेलाडी राख्न पाउनेछन्। फ्रेन्चाइज टी-२० लिग फर्म्याटमा हुने नेपाल प्रिमियर लिगमा विदेशी खेलाडीको कोटाबारे निर्णय नभएको एक पदाधिकारीले बताएका छन्। 'सम्भवतः सेप्टेम्बर अन्तिम सातामा खेलाडी अक्सन गर्दै छौं, यसमा विदेशी खेलाडीको संख्याबारे छलफल भइरहेको छ,' ती पदाधिकारीले भने।



फाइल तस्बिर

अक्सनअघि क्यानले मार्की खेलाडी घोषणा गर्नेछ। मार्की खेलाडीको निश्चित रकम तोकिनेछ। राष्ट्रिय क्रिकेट टोलीका शीर्ष खेलाडी नै आठ टोलीका मार्की खेलाडी बन्नेछन्। 'नेपालबाट खेलेका खेलाडीलाई मार्की खेलाडीका रूपमा राख्छौं, यसमा राष्ट्रिय टोलीका नै प्रमुख खेलाडी मार्की बन्नेछन्,' उनले भने। क्यानले मार्की खेलाडीको मूल्य निर्धारण अन्तर्राष्ट्रिय प्रचलनअनुसार गर्नेछ। यसै आधारमा खेलाडीले अक्सनमा न्यूनतम मूल्य पाउनेछन्।

दुई वर्षअघि आयोजना भएको नेपाल टी-२० लिगमा खेलाडीको वर्गीकरणअनुसार खेलाडीको मूल्य राखिएको थियो। जसअनुसार 'ए' ग्रेडका खेलाडीलाई १५ लाख, 'बी'लाई १० लाख र 'सी'लाई ५ लाख मूल्य तोकिएको थियो। नेपाल टी-२० लिग फिक्सिङ, खेलाडी तथा अफिसियलले पारिश्रमिक नपाउनुजस्ता विवादबीच सकिएको थियो।

### पोखरा महँगो टोली

नेपाल प्रिमियर लिगमा पोखरा, काठमाडौं, जनकपुर, लुम्बिनी, चितवन, सुदूरपश्चिम, विराटनगर र कर्णालीले प्रतिस्पर्धा गर्नेछन्। गत साताको अक्सनमा नेपाल टी-२० क्रिकेट प्रालिले सर्वाधिक तीन करोड ५७ लाख रुपैयाँ खर्चेर पोखराको स्वामित्व लिएको थियो। त्यसपछि कान्तिपुर मिडिया ग्रुपले तीन करोड ३३ लाखमा टिम काठमाडौं किनेको थियो। लिगमा काठमाडौं दोस्रो महँगो टोली हो। ड्रिम स्पोर्टस्ले जनकपुरको स्वामित्व लिन दुई करोड पाँच लाख रुपैयाँ खर्चियो।

फर्चुन हेल्थ केयरले लुम्बिनीका लागि एक करोड ८६ लाख खर्चेको थियो। चितवन मेडिकल कलेजले चितवनलाई आफ्नो स्वामित्वमा लिन एक करोड ६८ लाख तिरेको थियो। एमएडी ड्रिम स्पोर्टस्ले विराटनगरका लागि एक करोड ५१ लाख खर्चेको थियो। हिमालयन बिल्डर्सले एक करोड ११ लाखमा कर्णाली किन्यो भने इम्पियर स्पोर्टस्ले एक करोड ६८ लाखमा सुदूरपश्चिमको स्वामित्व लियो।

# चितवन गोल्डकप ३ असोजदेखि

**भरतपुर**/ दोस्रो चितवन गोल्डकप ३ असोजदेखि हुने भएको छ। भरतपुर फुटबल क्लब (बिएफसी)ले आइतबार गोल्डकपको ट्रफी सार्वजनिक गरेको छ। प्रतियोगितामा 'ए' डिभिजन, नेपाल सुपर लिग र मोफसलका गरी १० टोली सहभागी हुने आयोजकले जनाएको छ।

बिएफसी, सूर्यपुर, नेपाल पुलिस, बुटवल लुम्बिनी, बागमती युवा, वीरगन्ज युनाइटेड, सलहेस सिराहा, न्यु स्टार सुनसरी र राइजिङ स्टार भुमही सहभागी हुने संयोजक ध्रुव भुसालले जानकारी दिएका छन्। १२ असोजसम्म प्रतियोगिताको उद्घाटनमा सूर्यपुर एफसीले बागमती युवाको सामना गर्नेछ।

विजेताले ६ लाख तथा उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताका उत्कृष्ट खेलाडीले १५ हजार विधागत उत्कृष्टहरूले जनही १० हजार रुपैयाँ पाउनेछन्।

प्रत्येक दिनका म्यान अफ दी म्याचले पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन्। पहिलो संस्करणको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको थियो।

# श्रेष्ठ ओसिएको कार्यकारी सदस्यमा निर्वाचित

**काठमाडौं**/ नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ आइतबार ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)को कार्यकारणी कमिटीको सदस्यमा निर्वाचित भएका छन्। श्रेष्ठ ओसिएको स्पोर्टस् एन्ड इन्भायरोमेन्ट कमिटीको अध्यक्षमा पनि चिर्वाचित भएका हुन्।

ओसिएको भारतको नयाँ दिल्लीमा भएको ४४औं साधारणसभामा एनओसीका अध्यक्ष श्रेष्ठ कार्यकारणी कमिटीको सदस्य तथा स्पोर्टस् एन्ड इन्भायरोमेन्ट कमिटीको अध्यक्षमा चुनिएका हुन्। साधारणसभामा ओसिएको अध्यक्षमा राजा रणधीर सिंह पनि निर्वाचित भएका छन्।

# प्रशिक्षक र रेफ्रीको भूमिका निर्वाह गर्न सक्ने श्रेष्ठ

**नयाँ पत्रिका**

पछिल्लो समय नेपालमा पनि रग्बी खेल चर्चित बनिरहेको छ। रग्बीले छोटो समयमै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनायो। गत वर्ष चीनको हाङझाउमा भएको १९औं एसियन खेलकुदमा नेपाली रग्बीले पनि भाग लियो। नतिजा त्यति धेरै राम्रो नभए पनि रग्बीले राम्रो अन्तर्राष्ट्रिय एक्सपोजर पायो। यस खेललाई माथिल्लो स्तरसम्म पुर्‍याउन मिहिनेत गरिरहेका खेलाडी हुन् श्रीराम श्रेष्ठ। ३३ वर्षका श्रेष्ठको एकतिहाइ जीवन रग्बीमै सकिएको छ।



रग्बीका यिनै प्रतिभाशाली खेलाडी श्रेष्ठ यसै साता नेपाल खेलकुद पत्रकार मञ्चले आयोजना गर्ने पल्सर स्पोर्टस् अवार्डअन्तर्गत पिपुल्स च्वाइसमा मनोनयनमा परेका छन्। उनले यो विधामा पर्नुलाई नै जितसरह मानेका छन्। मनोनयनमा परेका अन्य खेलाडीमध्ये उनी पनि उपाधिका दाबेदार हुन्। 'हामी सबै रग्बी परिवार खुसी छौं। आखिरमा हामीले ढिलोचाँडो नै सही आफूले गरेको कामका लागि श्रेय पाएका छौं,' मनोनयनमा परेपछि श्रेष्ठले भने, 'हाम्रो लागि मनोनयनमा पर्नु नै जितसरह हो।'




एक दशकदेखि रग्बीमा लागेका बनेपा नालाका श्रेष्ठ सबैभन्दा सिनियर खेलाडी हुन्। उनले अहिलेसम्म नौ अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका छन्। सबैभन्दा रमाइलो पक्ष के रह्यो भने टोलीलाई आवश्यक परेका वेलामा उनी प्रशिक्षक र रेफ्री बन्छन्। राष्ट्रिय टोलीका सिनियर खेलाडीले सन्न्यासपछिको बाटो के भन्ने द्विविधा लिएर बसेका छन्।

प्रशिक्षक तथा रेफ्रीको भूमिकामा उनी अब्बल छन्। तर, उनी रग्बीबाहेक अन्य सोच्न सक्दैनन्। 'एक न एक दिन सन्न्यास लिनुपर्छ। त्यसवेला रेफ्री वा प्रशिक्षक हुने विषयमा अन्योल छु,' उनले भने, 'तर, यसबाट टाढा जान सोच्नेछैन।' सुरुमा उनी फुटबल खेल्थे। पछि उनी भलिबलतिर लागे। नेपालमा खेलजीवनबाट भविष्य सुन्दर नहुने देखेपछि उनी बिचमा विदेश जाने प्रयास पनि गरे। यत्तिकैमा साथीभाइको संगतले रग्बीमा एकाएक छिरे।

रग्बीमा मुख्य चाहिने हाइट हो। यसमा श्रेष्ठ फिट छन्। उनी ६ फिट चार इन्चका छन्। रग्बीलाई सुहाउँदो शरीर भएका उनले पिपुल्स च्वाइसको नतिजा जस्तो आए पनि यसले युवाहरूलाई बाटो खुलाएको बताए। 'पिपुल्स च्वाइस अवार्डको नतिजा कस्तो आउँछ थाहा छैन, तर यसले रग्बीको नयाँ पुस्ताका खेलाडीलाई एउटा बाटो भने खोलिदिएको छ,' उनले भने, 'नेपाली रग्बीका खेलाडीले अब यो विधामा मात्र होइन, अरू धेरै विधामा पनि अवार्ड जित्न सक्छ।' उनले साथीभाइको सक्रियतामा गोर्खाली रग्बी क्लब स्थापना गरेका छन्।

## खेल संक्षेप

### रिभोल्टलाई उपाधि

**काठमाडौं**/ टाइम्स 'ए' र रिभोल्ट 'ए'ले श्री 'थ्री एक्स थ्री' बास्केटबलको उपाधि जितेका छन्। आइतबार भएको पुरुष फाइनलमा टाइम्स 'ए' गोल्डेनगेट इन्टरनेसनल कलेजलाई २१-१७ ले हराउँदै च्याम्पियन बनेको हो। महिलातर्फ रिभोल्ट 'ए'ले हाउन्ड्सलाई ११-९ ले हरायो। प्रतियोगिताको कर्पोरेटतर्फको उपाधि इजी सर्भिसले हात पार्‍यो। फाइनलमा इजी सर्भिसले बिएस धौवलागिरिलाई १४-११ ले हरायो। पुरुषतर्फ श्रेयांसबहादुर शाह तथा महिलातर्फ छिरिङ चोकी शेर्पा मोस्ट भ्यालुएबल प्लेयर घोषित भए। कर्पोरेटतर्फ प्रवीण गुरागाईं मोस्ट भ्यालुएबल प्लेयर बने।

### गोल्डेन गेटलाई उपाधि

**काठमाडौं**/ पहिलो अन्तरकलेज महिला बास्केटबल प्रतियोगिताको उपाधि गोल्डेन गेट कलेजले जितेको छ। प्रतियोगिताको फाइनलमा गोल्डेनगेटले जेभियर इन्टरनेसनल कलेजलाई प्रतिस्पर्धात्मक खेलमा हराएको थियो। प्रतियोगितालाई एसियू र पिइसीले सहप्रायोजन गरेका थिए। प्रतियोगितामा ब्लु बर्ड कलेज, ट्रिनिटी, ल्यान्डमार्क एकेडेमी, रातो बंगला र कान्जिरोवा कलेजले भाग लिएको आयोजकले जनाएको छ। बास्केटबलले विद्यार्थीलाई खेलप्रति समेत आकर्षित गराउन प्रयास गरिएको आयोजकको भनाइ छ।

### ज्ञानोदय नेटबल च्याम्पियन

**काठमाडौं**/ आयोजक ज्ञानोदय बालवाटिकाले ज्ञान कार्निभल जुनियर नेटबल प्रतियोगिताको उपाधि जितेको छ। आइतबार भएको फाइनलमा ज्ञानोदयले मल्पी इन्टरनेसनल स्कुललाई २१-१३ ले पराजित गर्‍यो। ज्ञानोदयकी शुभेच्छा बज्राचार्यले सर्वाधिक १८ स्कोर गरिन्। नेपाल नेटबल संघको सहयोगमा भएको प्रतियोगिताका विजेतालाई ज्ञानोदयकी संस्थापक प्रिन्सिपल इन्दिरा याक्थुम्बाले पुरस्कृत गरेकी छिन्। ज्ञानोदयको ५०औं वार्षिकोत्सवका अवसरमा आयोजित प्रतियोगितामा सात छात्रा टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए। यसअघि अन्तरविद्यालय बास्केटबल प्रतियोगिता भएको थियो।


**CHAUTARA SANGACHOKGADHI MUNICIPALITY**
**Office of the Municipal Executive**
**Chautara, Sindhupalchok**

**Invitation for Electronioc Bids**

**Invitation for Electronic Bids for the Upgrading Works of Chautara Gidane Road Sector, Ward no-6**

**Contract Identification No: CSGM/NCB/WORKS-05/2081/082**

**First Date of publication: 2081/05/24 (09th Sep 2024)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-05-/ 2081/082 | Upgrading Works of Chautara Gidane Road Sector, Ward no-6 | Rs. 84,16,527.75 | Rs. 2,38,000.00 | Rs. 3,000.00 | 2081/06/23 (09th Oct 2024) at 12:00 hrs | 2081/06/23 (09th Oct 2024) at 13:00 hrs |

1. Eligible Bidders may obtain further **office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.**
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Nepal Bank Limited, Chautara Branch**
   Name of Office: **Chautara Sangachokgadhi Municipality**
   Account Number (Aantarik Rajashwo Khata for bid document fee): **05703000001001000001**
   Dharauti Khata No. **05703000003000000001**
   Office Code No: **801032701**
   Rajaswa (revenue) Shirshak no: **14229**
3. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp.** on or before as mentioned above.
4. Pre-bid meeting shall be held at **Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara , Sindhupalchok at 2081/06/14 (30th Sep 2024) on 13:00 hrs.**
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of **above mentioned**. which shall be valid for **30 days** beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of **Chautara Sangachokgadhi Municipality.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in **Chautara Sangachokgadhi Municipality** notice board, **Municipality Official Website** and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com